# भगवान कहाँ छन् र कस्ता छन्


लेखक

अयोध्या प्रसाद श्रीवास्तव

Phone: +977 84420494

www.ayodhyashrivastav.com

श्री

## लेखकका दुई शब्द

वि.सं. २०६९ को सम्भवतः माघ महिना थियो । बर्दिया कालिका गा.वि.स. वडा नं. ८ पशुपतिबजारमा सुदामा सत्संग बृद्ध समूहका संस्थापक तथा समाजसेवी, कवि, लेखक र विचारक कविगुरु श्री यज्ञप्रसाद सुवेदी बिरामी अवस्थामा आफ्नो घर गुलरियामा हुनुहुन्छ भन्ने जानकारी पाएर म वहाँलाई भेटन गएको थिएँ । वहाँ धेरै बृद्ध नभए पनि श्वा"सप्रश्वाँस, मुटु तथा पिसाब सम्बन्धी रोगहरुबाट नितान्त पीडित हुनुहुँदो रहेछ । वहाँसँग मेरो परिचय भएदेखि नै मैले आफूप्रति वहाँको अत्यधिक स्नेह पाएको थिएँ र मेरो मनमा पनि वहा"प्रति साह्रै श्रद्धा र आदर भाव जागेर आएको थियो । यो आत्मीयताले वहा" र मेरो बीच उमेरको अन्तरमाथि पुल बाँधेको थियो । वहाँले वर्तमान समाजले ईश्वरीय आस्था गुमाई रहेको र युवावर्ग नितान्त छाडा र दिशाविहीन हुन लागेकोले सम्पूर्ण वेद वेदान्त दर्शन र भौतिक विज्ञानलाई समेटेर ईश्वरको स्वरुप र निवासस्थान बारेमा यथेष्ट जानकारी हुने एउटा सानो पुस्तिका लेख्नुपर्ने अहिलेको युगको माँग हो । म अस्वस्थ छु, तपाईले लेख्नुस न, भनेर मसँग प्रेमपूर्ण आग्रह गर्नुभयो । मैले त्यस्तो लेख्न सकौंला र ? बरु हजुरले भन्दै जानुस म टिप्दै विस्तार गर्दै जान्छु, भनें । वहाँले तपाईले लेख्न सक्नुहुन्छ भन्ने कुरामा म विश्वस्त भएर नै भनेको हु", बरु मैले समय समयमा सक्दो मार्गदर्शन गरौंला भनेर भन्नुभयो । मैले स्वीकार गरें । वहा"को आर्शीवाद मागें । उहाँले मेरो जीवनको ठूलो धोको पुरा हुने भयो भन्नु भयो र खुशी हुनु भयो ।

त्यसपछि मैले आफ्नो अध्ययनलाई विस्तारित गरें । भरसक सानो पुस्तक बनोस भन्ने कविगुरुको आग्रहमा विषयवस्तुको छनौट र संक्षिप्तीकरण, गागरमा सागर भर्ने प्रयाशमा लागें । बीच बीचमा वहांसंग जान थालें । शास्त्रीय विषयहरु बुझ्न थालें । वहाँको श्रीमद्भगवत् गीतामा राम्रो दखल रहेकाले एकदिन ३ वटा श्लोकहरु बोल्नुभयो र, कठिनाइसँग २ ओटाको अर्थ बताउनु भयो तर रुग्ण अवस्थाले गर्दा तेश्रो श्लोकको अर्थ प्रष्टसँग भन्न सक्नु भएन । मैले लेख्न शुरु गरें तर तारतम्य मिलाउन सकिन । वहाँको स्वास्थ्य अवस्था दिन प्रतिदिन बिग्रदै गएकोले मार्गदर्शनको अभाव भयो । म अल्मलिएको अवस्थामा थिएँ र त्यसै बेला बिद्धान साहित्यानुरागी व्यक्तित्व श्री किशोर कुमार गौतमले मलाई पुस्तक लेख्न प्रोत्साहित गर्नुभयो र, वहाँले आध्यात्मिक तथा हिन्दु दर्शनका बारेमा चर्चा गर्नुभयो । वहाँवाट मैले धेरै कुरा जान्ने र सिक्ने अवसर पाएँ । जसबाट मैले यो पुस्तक लेख्न शुरु गरें तर कविगुरुको असामयिक निधनले एकातिर साहित्यिक समाजलाई अपूरणीय क्षति त भयो नै साथै मैले वहाँको विद्वता, विवेक, आध्यात्मिक भावना र दार्शनिक चिन्तनलाई बुझ्न र राम्ररी प्रस्तुत गर्ने अवसर नपाएकोमा दुखी छु ।

यो पुस्तक लेखन गर्न अहिले सम्मको मेरो आफनो अनुभव र मानव व्यवहारमा कसी लगाउंदा सत्य ठहरिएका विचारहरु, यही विषयका ज्ञाताहरुसंगको सत्संग,प्रश्नोत्तरात्मक चर्चा र साहित्यिक परिवेश प्राप्त गर्ने भरसक प्रयत्न गरेको हुँ र यसैसाथ संलग्न सूचीमा उल्लेखित ग्रन्थहरु र विशेषतया पूज्य गुरु पं. श्रीराम शर्मा आचार्य का कृति र यस पुस्तकको भाग ३ ,४ का विषय वस्तु " एकात्म मानव दर्शन अनुसन्धान एवं विकास प्रतिष्ठान स्वामी रामतीर्थ नगर नई दिल्ली द्वारा प्रकाशित धर्म और विज्ञान तथा एकात्मक मानव दर्शन " बाट साभार ग्रहण गरेकोले यस्को सर्वाधिक ऋणी छु , साथै गोरक्षपीठ बल्खु काठमाण्डूका स्वामी सम्बुद्धदेव ,सन्तोषी माता मन्दिर गुलरियाका पुजारी र प्रख्यात धर्मगुरु श्री कृष्णप्रसाद पौडेल,बगलामुखी मंदिर गुलरियाका धर्मगुरु श्री डिल्ली प्रसाद उपाध्याय, गणेशपुरका धर्मगुरु श्री राममूर्ति शर्मा, गुलरियाका धर्मगुरु श्री शतीशचन्द्र शर्मा, गुलरिया शक्तिपीठका धर्मगुरु श्री कृष्णकुमार गुप्ता र श्री रमेश पौडेल तथा श्रीकृष्ण मन्दिर गुलरियाका धर्मगुरु श्री धर्मेन्द्र शर्माको ज्ञान,जगतगुरु स्व. कृपालुजी महराजको प्रवचन,ओम् शान्तिकी व्याख्याता ब्रह्मकुमारी शिवानी,श्री सुरेश ओबराय र कानुप्रियाको वार्तालाप, बबई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री विनोदकुमार अग्रवाल, एसोशियेट प्रोफेशर सर्वश्री श्याम सुन्दर शर्मा , राजेश चन्द्र श्रीवास्तव र वीरेन्द्र लमसाल, उपप्राध्यापक सर्वश्री विष्णु प्रसाद ज्ञवाली , राजेन्द्रप्रसाद धिताल, अरुणकुमार यादव, सूर्यमोहन सापकोटा, नारायण शर्मा पौडेल,वामदेव ज्ञवाली, चेतराज बजगाई सहितका महानुभावहरुसँग विभिन्न अवसरमा हुने गरेको सत्संगले मेरो लेखनीले भरपूर खुराक पाएकोले वहाँहरु प्रति कृतज्ञता प्रकट गर्दछु । साथै सर्वश्री डा.अनिल चौधरी, प्रशासकीय अधिकृत कृष्णराज पन्त, शिक्षक छत्रराज जोशी, दिलीपकुमार श्रीवास्तव, राजकुमार श्रीवास्तव, यज्ञगुरुका सुपुत्र अर्जुन सुवेदी,गुलरियामा मेरा अभिभावक र मार्गदर्शक कृष्ण प्रसाद शर्मा, गोविन्द प्रसाद पोखरेल र बर्दिया अफसेट प्रेसका मेघराज सिग्देल ले मलाई निरन्तर कलम चलाउन प्रेरित गरिरहनुभएकोले वहाँहरुलाई साधुवाद, धन्यवाद दिन चाहन्छु र, अधिवक्ता लल्लन प्रसाद श्रीवास्तव,रमेश चन्द्र ज्ञवाली, समाजसेवी त्रिमूर्ति–सर्वश्री नारायण प्रसाद श्रेष्ठ, दीनानाथ बखेल र कुलानन्द कर्ण, स्पष्टवक्ता समाजसेवी मेघनाथ अधिकारी,खगेश्वर गौतम र खेमराजजीका सुपुत्र श्री किशोर गौतम,बर्दिया नागरिक समाजका अध्यक्ष श्री बालकृष्ण वली,फुलवारी एफ.एम का मैनेजर दीपक शर्मा,मेरा निकटतम मित्र सर्वश्री विष्णु प्रसाद तिमिल्सीना, बाबुराम पंथी, शरद पौडेल, नारायण प्रसाद पौडेल,जानकी शर्मा,मुकुन्द घिमिरे,राम– लक्ष्मण घिमिरे, भान्जा राजेन्द्र र विजय सिंह, डा.प्रदीप रिजाल र ने.वि.संघ काठमाण्डौ की नेतृ उर्मिला थपलियालाई प्रेरकका रुपमा सम्मान गर्न चाहन्छु । साथै नेपाल लोक सेवा आयोगका अध्यक्ष सर्वश्री उमेश मैनाली र नेपाल सरकारका सचिव मोदराज डोटेल, मेरा छोरी ज्वाँई सर्वश्री कमल र नितिन तथा नाती नातिना कनिष्का र कृशकमल लाई यो अवसरमा सम्झन चाहन्छु ।

यो पुस्तकका लेखन त्रुटिहरुलाई औंल्याई सुधार गर्न सहयोग गर्नूका साथै शुभकामना प्रकट गर्नु हुने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य प्राज्ञ श्री हरि प्रसाद तिमिल्सीना र बर्दियाली साहित्य समाजका अध्यक्ष श्री ईन्द्रराज पौडेललाई हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछु । साथै यो पुस्तक को कम्प्यूटर टंकण, संयोजन तथा आवरण सांचना देखि लिएर छापाखानामा समेत सहयोग गर्नूहुने स्व. कविगुरुका सुपुत्र श्री प्रभात सुवेदीले ठूलो गुन लगाउनु भएकोले वहाँलाई विशेष साभुवाद र कृतज्ञता प्रकट गर्दछु ।

यो पुस्तक पहिले निबन्धात्मक शैलीमा लेख्न थालेकोमा कविगुरु (यज्ञ गुरु )को स्वर्गवास पछि मैले वहांको नामलाई चिरस्मरणीय राख्नकालागि  यसलाई संवाद शैलीमा परिवर्तित गरि लेखेको हुँ र भगवानका बारेमा उठ्न सक्ने शंका उपशंकालाई प्रश्नको रुप दिएर भरसक समुचित उत्तर दिने प्रयत्न गरेको छु । साथै यसमा हिन्दू धर्मको व्यवहारिक पक्षमा रहेका कमी कमजोरीलाई उजागर गर्दै अध्यात्म र विज्ञानको आपसी सम्बन्धबारे गहन विवेचना प्रस्तुत गरेर यो सानो पुस्तकलाई  यौटा अनुसन्धनात्मक कृतिको रुपमा श्रृजन गरेको छु । यो पुस्तक समाज सुधारक,शिक्षक, धार्मिक व्यक्तित्व, नवयुवक, युवती ,प्रौढ, बृद्ध र विशेषतया विद्यार्थी वर्ग लगायत सबै तह र तप्काका लागि अतिशय उपयोगी ठहरिने छ र, आदर्श समाज निर्माणको लागि कोसे ढुंगा सावित हुने  छ भन्ने विश्वास लिएको छु । यसकारण यसलाई निकट भविष्यमा हिन्दी र अंग्रेजी भाषामा समेत  प्रकाशित गर्ने प्रयास भैरहेको छ ।

मैले यो पुस्तक को वाद संवाद मा काल्पनिक नाम नराखेर, आफना अत्यन्त निकटतम प्रिय जन र श्रद्धेयहरुलाई यो कृतिमा स्थान दिएर माया, श्रद्धा र सम्मान दिने चेष्टा गरेको हुं । जिज्ञासु उमा,कंचन,गुंजन,आदित्यपंकज र आशुतोष क्रमशःपत्नी,छोरी र छोराहरु हुन् भने रमेश,गायत्री,दीपक,रुपक,नीलू भाई र भाईका परिवार हुन् । उत्तरदाताहरुमा, क्याम्पसका एशोसियट प्रोफेशर श्री श्याम सुन्दर शर्मा मेरा अभिन्न मित्र हुन्  भने गुलरिया लक्ष्मणपुरका स्व.श्री माधव प्रसाद पौडेल मेरा बालसखा  । यस्तै श्री किशोर कुमार गौतम र स्व.श्री यज्ञ प्रसाद सुवेदी अतीव श्रद्धाका पात्र । सरकारीतन्त्र मै पनि चलेको नाम रामजी म स्वयम् हुं । विभिन्न पुस्तक  तथा महानुभावहरुको विचारमंथन र  संकलनबाट तयार भएको यो पुस्तकमा प्रश्नोत्तर संवाद जो कोई पात्रको मुखश्रीबाट निस्के पनि,  समस्त रचना मेरो हो यस कारण यसमा व्यक्त विचार सम्बन्धी सम्पूर्ण दायित्व मेरो हो ।

पश्चिमी समाजको सामाजिक साहचर्य र पारिवारिक सम्बन्धको मान्यताको तुलनामा पूर्वी समाजको हिन्दुहरुको सामाजिक र पारिवारिक सम्बन्ध र संस्कृति बढी जीवनोपयोगी र सुख शान्तिदायक हुन्छ  र पति पत्नी को सम्बन्ध अटूट हुन्छ भन्ने कुरा झल्किने गरी मैले लेखेको उपन्यास र श्री कमल अधिकारीले बनाउनु भएको भावनात्मक कभरपृष्ठ “शीलवती” ले पाएको चर्चा र यहाँहरुले दिनुभएको अपार सफलता पछि यो मेरो दोश्रो कृतिलाई पनि पाठक वर्गले प्रेमपूर्वक स्वीकार्नुहुनेछ भन्ने आशा लिएको छु र, यसमा भएका

कमी कमजोरीहरुप्रति क्षमा माग्दै पाठकको सुझाव र सल्लाहलाई आदर गर्ने प्रतिबद्धता प्रकट गर्दछु ।

भवदीय
अयोध्याप्रसाद श्रीवास्तव
गुलरिया, बर्दिया
वि.सं. २०७१, श्रावण ६, एकादशी
२०१४, जुलाई, २२

**सन्दर्भ सूची**


| | | |
|---|---|---|
| १. | वेद | वेद व्यास |
| २. | मनुस्मृति | भगवान मनु |
| ३. | श्रीमद्भगवत गीता | श्रीमहाभारत पुराण |
| ४. | गायत्री महाविज्ञान | पं. श्रीराम शर्मा आचार्य |
| ५. | वेदोंका दिव्य सन्देश | पं. श्रीराम शर्मा आचार्य |
| ६. | कर्मकाण्ड भास्कर | पं. श्रीराम शर्मा आचार्य |
| ७. | गुरु नानक देव | पं. श्रीराम शर्मा आचार्य |
| ८. | गहनाकर्मणोगति | पं. श्री राम शर्मा आचार्य |
| ९. | ईश्वर कौन है कहाँ है और कैसा है | पं श्रीराम शर्मा आचार्य |
| १० | अर्थशास्त्र | चाणक्य (कौटिल्य) |
| ११. | सत्यार्थ प्रकाश | महर्षिदयानन्द सरस्वती |
| १२. | दर्शन शास्त्र रुपरेखा | प्रोफेसर राजेन्द्र प्रसाद |
| १३. | कल्याण | गीता प्रेस,गोरखपुर |
| १४. | सत्य के प्रयोग ,आत्म कथा | मोहनदास कर्मचन्द गाँधी |
| १५. | द प्रिंस | मैकियावेली |
| १६. | श्री राम चरित मानस | गोस्वामी तुलसीदास |
| १७. | पंच तन्त्र | श्री विष्णु शर्मा |
| १८. | भर्तृहरि शतक | राजर्षि भर्तृहरि |

१९. धर्म और विज्ञान तथा एकात्मक मानव दर्शन दीनदयाल स्मृति व्याख्यान २५ सेप्टेम्बर २००४

२०. क्ष्मभलतषथ बलम ख्यभिलअभस तजभ र्षीगकतचबतष्यल या मभकतष्लथ डा. अमर्त्य सेन ( नोबेल पुरस्कार प्राप्तकर्ता)

| | | |
|---|---|---|
| २१. | महाभारत | वेद व्यास |
| २२. | आत्रेय स्मृति | आत्रेय |

**श्री गणेशायनमः**

# भगवान कहाँ छन् र कस्ता छन् ?

# अध्याय - १ (एक)
# बहुईश्वरवाद

भारतको उत्तराखण्डमा रहेको सनातन हिन्दुहरुको महान तीर्थ भगवान बद्रीनाथ र केदारनाथको दर्शनकालागि वर्षेनी लाखौं संख्यामा भक्तजनहरु जाने गर्दछन् । यमुनोत्री देखी केदार नाथसम्मको सयौं माईलको बाटोमा लाखौं तीर्थयात्रीहरु देखा पर्दछन् । यमुनोत्री हुँदै गंगोत्री र त्यसपछि गौरीकुण्ड र त्यसपछि केदारनाथ र अन्तमा बद्रीनाथ को यात्रा । मन्दाकिनी नदीको किनारै किनार भएर रामबाडा हुँदै गौरीकुण्ड पुगेपछि गौरीकुण्डदेखि एक कि.मी. अगाडी भगवान गणेशको मुडकटिया मन्दिर छ यो सानो मन्दिर देखि नै यात्रीहरुले विधिवत यात्रा शुरुवात गरी १४ कि.मी. केदारनाथ पुग्छन् । केदारनाथ पाण्डवहरुको तपस्थली मानिन्छ । जहाँ भगवान शिव बसहाको रुपमा विराजमान हुनुहुन्थ्यो । भगवान शिवको शिरको भाग भगवान पशुपतिनाथ काठमाडौ, कुमको डल्लो (जुरो) केदारनाथ, पुठ्ठा(कुम) बदरीनाथ र अन्तमा बाँकी भाग अमरनाथ हुन् भन्ने शास्त्रीय मान्यता रहेको छ । केदारनाथलाई पञ्चकेदार पनि भनिन्छ ।

जोशी मठ र चट्टीहरुमा श्रद्धालु भक्तजनहरुको ठूलो भीड हुन्छ । हरिद्वार, ऋषिकेश र यमुनोत्री देखि बद्रीनाथ सम्मका बाटाघाटा मन्दिर, खोलानाला, बगर र पहाडका चोटीहरु जुनसुकै ठाउंमा यात्रीहरुको विशाल जनसमूहको भीड रहने, जाने र फर्किने गर्दछ, यसै क्रममा ३/४ दिनदेखि वर्षात भइरहेकोमा वि.सं. २०७० साल ज्येष्ठ २ गते तदनुसार १६ जून, २०१३ का दिन भीषण मुशलधारे वर्षा र बादल फटनाका कारण महाप्रलयको दृश्य देखा पर्यो । द्वापरमा बृजबासीहरुसँग ईन्द्रले कोप गरेजस्तै यस दिनलाई पनि इन्द्रको कोप भन्नु पर्दछ । हुरी बतास र अनवरत मुसलधारे बर्षाले पहाडका चट्टानहरु र घर मन्दिरहरु ध्वस्त हुन र बग्न थाले । कमिला झै फैलिएका मानव समूह यत्रतत्र भाग्न थाले तर जसले जहाँ शरण लियो, जो जहाँ रह्यो त्यहीं बग्यो र काल कलवित हुन पुग्यो चट्टान र पहाड मुनि मानव समुदाय दबिने र पुरिने क्रम शुरु भयो ।

प्रत्येकको प्राण रक्षा हुने सम्भावना क्षीण हुँदै गएको र मृत्यु सामुन्ने उपस्थित भैसकेको थियो । केदारनाथ धाम पुग्नलाई मन्दाकिनीमा बनेको फलामे पुल पनि भत्केपछि पुलमा रहेका र वारीपारीका हजारौं मानिस एकसाथ नदीमा बग्न थाले । बद्रीनाथ देखि अन्य भागको सम्बन्ध टुट्यो र, पचासौं ठाउँमा पैह्रो जानाले बाटा, पुल पुलेसा सब भत्किन थाले र प्रत्येक ठाउँ एक अर्कोसँग छुट्टिन थाले । तार टेलिफोन, बिजुली सबै हरायो । कसैले कसैको हार गुहार नसुन्ने अवस्था भयो । अब मात्र एक सहारा ईश्वर र भाग्यमा अडिनु शिवाय केही रहेन ।

यसै प्रलय अवधिमा नै गौरी कुण्ड नजिकको गणेश मन्दिरमा ज्यान जोगाएर लुकी बसेका केही मानिसहरुको ठूलो भीड थियो । त्यही भीडमा एकजना कसैले ‘ हे भगवान रक्षा गर्नुहोस’ भनी अलि ठूलै स्वरले पुकार गरेपछि त्यहाँ रहेका निराश र हताश भैराखेका एक युवकले कुन भगवान ? केदारनाथ भगवान ? बद्रीनाथ भगवान ? कि यो मन्दिरका यी

गणेश भगवान ? कसलाई पुकार्नुभएको हो ? भनेर भगवानसँग रिस पोख्यो । त्यसपछि केही मानिसहरुको बीचमा तर्कपूर्ण वार्ता हुन थाल्यो ।

त्यो तर्क वितर्क र वार्तामा सम्मिलित एक युवक जसको नाम हो आशुतोष , जो उच्च शिक्षा प्राप्त छन् ,उमेर त्यस्तै २४/२५ वर्ष । जो प्रत्यक्षवादमा बढी विश्वास गर्ने हुनाले ईश्वरको अस्तित्व छ वा छैन भन्ने कुरामा जिज्ञासु थिए । अर्को नवयुवक आदित्य उमेर त्यस्तै २७/२८ वर्ष को राम्रो पढेलेखेको विज्ञानको शिक्षक ईश्वरको सत्तामा विश्वासी, धर्म कर्ममा खुबै रुची लिने तर दुष्टहरुलाई भगवानले दण्ड दिँदैनन् र भलाद्मीहरु दुःख पाईरहेका छन् भन्ने आधारमा ईश्वरको न्यायकारिता र दण्डव्यवस्था प्रति सदा संदिग्ध रहने । तेश्रो प्रौढ ५०/५२ वर्षका रामजी हुन् , ईश्वर प्रति आस्थावान र धर्मभीरु । ईश्वरलाई प्रशन्न पारेपछि आनन्द प्राप्त हुन्छ भन्ने कुरामा विश्वास राख्ने ।

चौथो व्यक्ति समाजसेवी करीब ७५ वर्षका किशोर नामका व्यक्ति हुन् । यिनी समाजनिष्ठता र जान्ने बुझ्ने भद्र भलाद्मीमा प्रख्यात छन् ।

पाँचौ व्यक्ति करीव ८०/८५ वर्षका बृद्ध हुन् उनी ज्ञानी, तत्ववेत्ता छन् र ईश्वरको एकत्ववादी सिद्धान्तमा विश्वास गर्दछन् । यिनलाई श्रीमद्भगवद्गीताको राम्रो ज्ञान छ । कैयौं पुस्तकहरु लेखेका छन्  । अहिले सन्यास ग्रहण गरेका छन् र त्यही सानो गणेश मन्दिरमा नै आश्रय लिएर बस्ने गरका छन् ।

त्यस्तै त्यहाँ  श्याम, माधव ,उमा, गायत्री,रमेश,कंचन, गुन्जन,दीपक, रुपक र नीलू, नामका अन्य जिज्ञासु तीर्थयात्रीहरु पनि शरण लिएर बसेका छन् । प्रथम नवयुवक आशुले त्यसवेला लाखौं मानिस माथि आइपरेको महान संकट देखि उद्विग्न भएर उठाएको एउटा प्रश्नको उत्तर र प्रश्न प्रतिप्रश्नहरुको लहरमा स्पष्टिएका सत्य तथ्यहरु निम्न अनुसार रहेका छन् :–

आशुतोषको प्रश्नले हिन्दूहरुमा प्रचलित बहुदेववादी सिद्धान्तमाथी नै घुमाउरो तवरले प्रहार गरेको थियो । त्यसकारण तत्काल कोही व्यक्ति बोलेन तर उसले पुनः त्यही प्रश्नसँग जोडेर अर्को प्रश्न गऱ्यो ।

**आशु** : हाम्रा त ३३ करोड देवता छन् । आकाश, मेघ, वरुण, धरती, वन, वृक्ष, पहाड, ढुङ्गा, नदी, पानी सबै त देवता नै हुन् नि । यिनीहरुले नै मानिसको ज्यान लिन थालेपछि अब, शिव र गणेश जस्तो कुन भगवानसँग रक्षाको आशा लिनुभएको हो ?

चारैतिर घनघोर वर्षा भैरहेको थियो । बिजुलीको चमकमा भेडा बाखा झैं मन्दिरमा कोचिएर बसेकाहरुको भयभीत मुख एकक्षणको लागि देखा पर्दथ्यो । मृत्युको डर भएकोले कोही बोलीरहेको थिएन तर आशुको दोश्रो प्रश्नमा रामजीले मुख खोले ।

**रामजी** : यो प्रश्नमा ईश्वरको स्वरुप कस्तो छ भन्ने जिज्ञासा हो भने यस विषयमा मुख्यतया दुइवटा सिद्धान्त छन् । पहिलो अनेकेश्वरवाद (Poletheism) र दोश्रो एकेश्वरवाद (Monotheism) हो ।

प्राचीनकालमा (पाषाणकाल) त्यसबेला मानिस जंगली अवस्थामा थियो र घरबारविहीन, भाषा, वस्त्रविहीन नै थियो र उसको विचारशाक्तिको नितान्त प्रारम्भिक विकास भैरहेको थियो । त्यस अवस्थामा सूर्य,चन्द्र,नदी,वन,हुरी,वर्षा जस्ता प्राकृतिक शक्तिको पूजा शुरु गरेदेखि विभिन्न देवताको श्रृजना भएको हो । त्यहाँ देखि चलिआएको प्रचलनले विश्वासको रुप ग्रहण गरेको हो । यी सबै देव अलग अलग छन् र सबै परम् शक्तिशाली मानिन्थे । देवता खुशी भएमा मानव कल्याण हुन्छ र रिसाएमा हानि हुन्छ । त्यसकारण मानिसले तिनको आराधना गर्दछ र आफूले जुन काम सरलतासँग गर्न सक्दैन त्यो काम देवताले गर्दछन् भन्ने विश्वास राख्दथ्यो । आजको बहुदेववादको परब्रह्म परमेश्वर सर्व शक्तिमान तर अरु देवता कम शक्तिमान भन्ने थिएन ।  यस्तो प्राचीन धर्मलाई अनेकेश्वरवादी भनिएको हो । अब त्यो अनेकेश्वरवाद को प्रचलन कता कतै आदिवासी जंगली, कबीलाहरुमा भए देखि  होला अन्यथा  अनेकेश्वरवादको प्रचलन छैन । तसर्थ अब त्यता पट्टि कुरै न गरौं ।

अब त बहुदेववादी एकेश्वरवादको मान्यता छ । (बहुदेववाद भनेको अनेकेश्वरवाद भने होइन, यस कुरालाई ध्यानमा राख्नु पर्दछ )   ऋग्वेदको प्रथम मण्डलको सूक्त १६४ को ४६ औं श्लोकमा :-

**इन्द्रं मित्रं वरुण मग्निमाहुरथो दिव्यः स सुपर्णो गरुत्मान ।**
**एकं सद्विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहु : ॥**

विद्वानहरुले एउटै सत्य स्वरुप ईश्वरको विभिन्न प्रकारले वर्णन गर्दछन् । उनलाई नै ( ऐश्वर्य सम्पन्न भएकोले) इन्द्र, (हितकारी भएकोले) मित्र, (श्रेष्ठ भएकाले ) वरुण, तथा (( प्रकाशक भएकोलें) अग्नि भनिएको हो । ती (परमात्मा) पूर्ण रुपेण पालनकर्ता भएकोले सुपर्ण र गरुत्मान छन् ।

वेदहरु अग्नि, सूर्य, इन्द्र, चन्द्र, वरुण, गाई आदि तमाम देवी देवताहरुको स्तुतिले भरिएकोले हिन्दू आध्यामित्क दर्शन बहुदेववादी हो र यी सबै देवी देवताहरुको स्मरण पूजन गर्नाले लौकिक र परलौकिक कार्यहरुको सिद्धि हुन्छ ।

**आदित्य** : अनेकेश्वरवाद र एकेश्वरवादमा बढी उपयोगी र प्रभावकारी कुन वाद छ ?

**रामजी** : एकेश्वरवादमा एउटा ईश्वर बाहेक अरु कसैलाई मानिदैन । ऊनी नै सर्वोच्च हुन्छन् । यस कारण यो चिन्तनमा निरंकुशता छ । तर, यसका अनुयायीहरुमा संगठन र एकता बढी हुन्छ ।

आज प्रचलित बहुदेववादमा (अनेकेश्वरवादमा होइन नि,यो कुरा मैले पहिले नै टुंग्याई सकेको छु ) पनि  ईश्वर एक परम शक्ति हो । जुन यो संसारको रुपमा अभिव्यक्त भइरहेको छ । अर्थात, संसारमा देखिने र नदेखिने चीजहरु सबै ईश्वर नै हुन् भन्ने मान्यता रहन्छ  । लाभ हानि, जीवन मृत्यु,सुख दुख, भव व्याधि सब ईश्वर कै रुप हुन् , उनी नै हुन् । देवी देवताहरु ईश्वर कै रुप हुन् ।

मानिसले जीवनमा थरी थरीको काम, व्यवहार र समस्या संग साक्षात्कार गर्नु परिरहेको हुन्छ ,यस कारण उसलाई परिस्थितिजन्य आवश्यकतावश किसिम किसिमको मानसिकता,शक्ति र सामर्थ्यको आवश्यकता पर्दछ । कहीं गणेश जस्तो विघ्न नाशक, कही हनुमान जस्तो बल , कहीं दुर्गा जस्तो शक्ति,कहीं सरस्वती जस्तो बुद्धि, कहीं राम जस्तो सौम्यता र कृष्ण जस्तो कूटनीतिमा प्रवेश गर्नु पर्दा यी विभिन्न देवतामध्ये आफूलाई चाहिए अनुसार अथवा एकै चोटी धेरै देवता को उपासना गरेर उपस्थित परिस्थितिको मुकाबिला गर्ने आफूमा क्षमता प्राप्त गर्दछ । रुप र प्रकृति अनुसार देवता धेरै देखिए पनि ती सबै देवता यौटै महाशक्तिबाट प्रकट भएकाले त्यो महाशक्ति भगवान एक मात्र छन् । यस प्रकार यस्मा प्रत्येक व्यक्तिले आफ्नो मानसिकता, रुचि र आवश्यकता अनुसार ईश्वरको कुनै रुपको चयन गर्न र उपासना गर्न सक्दछ । यसरी यो नितान्त प्रजातान्त्रिक र उदारवादी चिन्तन हो र प्रत्येक व्यक्तिले यसमा आफ्नो भूमिका खोज्न सक्दछ अर्थात कोही व्यक्ति पनि धर्मदेखि निराश हुनुपर्ने, उपेक्षा गर्नुपर्ने र आफूलाई अलग राख्नु पर्दैन । सबै प्राणी धर्ममय जीवन जिउन सक्दछन् ।

यसैकारण हिन्दु वाङ्मयले बहुदेववादको स्थापना गर्दछन् । यद्धपि यस उदारवादको नाजायज फाइदा उठाउनेहरुले यसलाई विषाक्त गरिदिएका छन् ।

अहिले कस्तो देखिएको छ भने यो धर्मप्रति उत्सुकता र श्रद्धाको नितान्त अभाव छ । हाम्रो देशमा अधिकाशं मानिसहरु त दशैंताका मात्र मन्दिर गएका देखिन्छन् र ती मध्ये पनि धेरैजसोको उत्सुकता, सक्रियता र धार्मिकता “मासु खान पाइने बेला” ले गर्दा बढेको हुन्छ ।

महाभारतको १२।१८८ र आत्रेय स्मृतिको १४१ र १४२ मा –

**“जन्मना जायते शूद्रः संस्कारात् द्धिज उच्चयेत ।**
**वेदपाठी भवेद् विप्रः ब्रह्मा जनाति ब्राह्मणा”**

भनेको छ । अर्थात सबैजना जन्मले शूद्र हुन्छन् र संस्कारले ब्राह्मण बन्ने हो । जो वेदपाठी छ त्यो विप्र र जसलाई ब्रह्मको ज्ञान छ त्यो ब्राह्मण हो । यो शास्त्र वाक्य भएपनि जन्मको आधारमा ब्राह्मण हुनेकै प्रचलन छ । तर यो त गलत हो । यो सबै बहुदेवतावादकै दुष्परिणाम हो । यसका विकृतिहरुलाई हटाउन सकियो भने त बहुदेववाद अत्यधिक उपयोगी र व्यवहारिक दर्शन हो ।

**आशु** : यदि आदि मानवले ज्ञानको अभाव रहेको समयमा प्राकृतिक प्रकोप अथवा अन्य गतिविधिदेखि डराएर देवी देवताको कल्पना गरेको हो भने त अब त ज्ञानको स्तर र विज्ञानको खोजी धेरै नै अगाडी बढीसकेको अवस्थामा देवी देवताहरुको यो कल्पना त निरर्थक भयो नि ? र, यसरी वेदहरुको उपयोगिता पनि त सकिएको अर्थ लाग्ने भयो ? तब यी देवताहरु र वेद पुराणहरु मान्नेमा दुविधा उत्पन्न हुन पुगने होला ?

**रामजी** : यो श्रृष्टिको आदि कारण परब्रह्म परमेश्वरको एउटा सत्ता विद्यमान छ । जसको प्रेरणाले आदि मानवले देवी देवताहरुको अस्तित्व बुझ्यो, जान्यो । आदि मानवले काल्पनिक देवी देवता बनाएको हैन बरु विद्यमान शक्तिहरुको बारेमा उसलाई ज्ञान प्राप्त भएको हो । उदाहरणका लागि यिनै गणेशजीको ढुङ्गे मूर्ति हेरौं । मूर्तिकारले ढुङ्गाको गणेशको रचना गरेको हैन, उसले त एउटा ठूलो ढुङ्गामा रहेको गणेशमा टाँसिएका फालतु ढुङ्गाहरुलाई कोतर्दै ताछ्दै ढुङ्गाका अनावश्यक टुक्रा हटाएको सम्म मात्र हो । मूर्ति त ढुङ्गाभित्र विद्यमान थियो र प्रकट सम्म भएको हो । त्यसो हुनाले मूर्तिकार यसको निर्माता त हैन प्रकटकर्ता मात्र हो । त्यसरी नै आदिमानवले देवताहरुको अस्तित्वको प्रकटीकरण मात्र गरेको हो ।

**आशु** : ल ठीक हो, ढुङ्गामा गणेशको मूर्ति विद्यमान थियो र मूर्तिकारले प्रकटीकरण नै गरेको हो तर उसले त गणेशको ठाउँमा विष्णु अथवा हात्ती, घोडा, कुनै जीव जन्तु जे पनि त प्रकट गर्न सक्दथ्यो ? अर्थात रचनाकार त मानव बुद्धि नै भएन र ?

**रामजी** : त्यो मानव बुद्धिको पछाडी प्रेरणा त भगवानकै छ नि ! श्रीमद्भगवद्गीताले यसको प्रमाण दिन्छ ।

**सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।**
**वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥**

- गीता ।१५।१५

( म नै सबै प्राणीको हृदयमा अन्तरयामी भएर स्थित छु र मबाट नै स्मृति, ज्ञान र बुद्धिमा उत्पन्न हुने विकारहरुलाई विवेकद्वारा हटाउने काम हुन्छ, सबै वेदहरुद्वारा जान्ने योग्य म हुँ र वेदान्तको कर्ता तथा वेदको ज्ञाता पनि म नै हुँ । )

**आशु** : यो त झन् सजिलो कुरा भयो । यस अर्थमा प्राणीले न त स्वयं कुनै कामको विचार गर्दछ न त कुनै काम नै गर्दछ ? सबै काम ईश्वरकै इच्छाले हुने रहेछ ।

त्यो भीडमा रहेको माधव नामको मानिसले उक्त प्रश्नको उत्तर दिन अघि सर्दै भने :

**माधव** : ईश्वर सर्वव्यापक र सर्वशक्तिमान छन् । ईश्वरको इच्छाविना एउटा पात समेत हल्लिन सक्दैन तर ईश्वर कल्याणकारी शक्ति हो । यसकारण उनले न त अशुभको कल्पना गर्छन् न त अशुभको प्रेरणा नै दिन्छन् । मानिस ईश्वर इच्छासँग बाँधिएको छ । तर, ऊ कर्म गर्न स्वतन्त्र छ । ऊ दशओटा इन्द्रिय र एउटा मनको सहयोग र सहाराले चिन्तन गर्दछ र काम गर्दछ तर त्यसको पूर्व जन्मको कर्मको परिणाम स्वरुप उत्पन्न हुने प्रारब्धले चिन्तन र कर्मलाई प्रेरित गर्दछ । यसलाई यसरी भनौं कि हृदयमा रहेको ईश्वरले मानिसलाई सद्विवेकले काम गर्न प्रेरित गरीरहेको हुन्छ तर, मनले लोभ मोहको बशीभूत भएर विवेक माथि पर्दा पार्दै रहन्छ र मानिस भावनामा बगेर काम गरिरहेको हुन्छ । यसकारण मानिस काम गर्न स्वतन्त्र छ र त्यस्को फल पाउनलाई बाध्य छ । श्री मद्भगवद्गीतामा लेखिएको छ :

**न कर्तृत्वं न कर्माणि लोकस्य श्रृजति प्रभु : ।**
**न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥**

गीता ५।१४

(परमेश्वरले मानिसको न त कर्तापनको न कर्मको न कर्मफलको संयोगको नै रचना गर्दछन् । तिनलाई तिनको स्वभावले नै परिचालित गर्दछ ।)

**न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत ।**
**कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥**

गीता ३।५

(निःसन्देह, कुनै व्यक्ति कुनै कालमा क्षण मात्र पनि कर्म नगरेर रहन सक्दैन । किनकि सम्पूर्ण मानव समुदाय प्रकृतिजनित गुणहरुद्वारा परवश भै रहेको हुन्छ र कर्म गर्नलाई बाध्य हुन्छ )

**आशु** : यसको अर्थ भगवानको इच्छा भन्दा पनि मानिसको मन धेरै शक्तिशाली छ ? प्रकृति र प्रकृतिको गुण पनि भगवान भन्दा धेरै शक्तिशाली छन् भने भगवान सर्वशक्तिमान कसरी भए ?

**माधव** : भगवान सर्वशक्तिमान नै छन् । भगवानले स्वयं भगवद्गीता को अध्याय १० को श्लोक नं. २१ देखि ४० सम्म प्रंकृति, चराचर, ब्रह्मा, विष्णु, महेश, वेद, विद्या, मृत्यु, दण्ड म नै हुँ र सबै अनन्त दिव्य विभूतिहरुको स्वामी हूँ भन्नुभएको छ । मानिसको मन र प्रकृतिका गुणहरुद्वारा संसार क्रियाशील हुने भएकोले भगवानले यिनीहरुलाई स्वतन्त्र छोडिदिएको सम्म हो । अन्तिम सत्ता त ईश्वरमा नै नीहित छ ।

यो व्याख्यावाट आशुतोषको चित्त बुझ्यो, बुझेन, तर उसले तत्काल अर्को प्रश्न उब्जाउन सकेन । एकछिन त कोही बोलेन तर पर कुनामा बसीरहेका दुइजना नानीहरुमध्ये एउटीले प्रश्न गरिन् :-

**कञ्चन** :- परमात्माको शक्ति नै अन्तिम शक्ति हो भन्ने हामीले मानी आएका छौं तर धेरै देवी देवताका मूर्तिहरु भएकोले मन्दिरहरुमा जाँदा अलि अलि सबैलाई सम्झन्छौं, कुनै एउटै स्वरुपलाई गम्भीरता र एकाग्रतासँग हृदयमा बसाल्न सक्दैनौं । यसकारण हाम्रो आराधना त हुनै सक्दैन । औपचारिकता र मूर्ति पूजा चिन्हपूजासम्म हुन सक्दछ । अनि हामीले स्वर्ग र मुक्तिको बाटो पाउन नै सक्दैनौं भने यसरी मन्दिर मन्दिर चाहारेर आज प्राण संकटमा हाल्नु बुद्धिमानी भए जस्तो त लागेन !

प्रश्न गम्भीर थियो सबै चुप लागे । तर, त्यहाँ रहेका एकजना प्रौढले नवयुवकहरुको परिचर्चामा रुचि लिँदै अगाडी बढेर भने :-

**किशोर** : हो ! मेरो भन्नु त के हो भने हामीले हाम्रो आत्मामा ईश्वरलाई खोज्नु पर्दछ, साक्षात्कार गर्नु पर्दछ र त्यसैमा रमाउन सकेमात्र आत्मकल्याण हुन्छ, मोक्ष हुन्छ । यसको

लागि ध्यान एउटा सशक्त माध्यम हो र, ध्यान कुनै एउटै प्रतीकमा केन्द्रित हुनु पर्दछ ध्यान धेरै प्रतीकहरुमा केन्द्रित हुनै सक्दैन । यस कारण कुनै एउटै प्रतीक चिन्ह, चाहे जुन चीज वस्तु, प्रकाश, सूर्य, चन्द्र जे भएपनि हुन्छ, त्यस्को माध्यमबाट ध्यानमा प्रगाढता ल्याउन सक्नु पर्दछ, त्यसपछि जब ईश्वरसँग साक्षात्कार हुन्छ तब त्यो माध्यम स्वतः बीचबाट हराउन पुग्दछ । यसकारण भगवान प्राप्तिका लागि "ॐ" मा ध्यान नै पर्याप्त हुन्छ । यसरी मूर्तिहरुको ढोका ढोकामा चाहारेर भगवान पाइने होइन तर यसबाट पनि आध्यात्मिक लाभ अवश्य छ यो निरर्थक त हुँदै होइन ।

गुञ्जन नामकी अर्की किशोरीले सोधिन् :

**गुञ्जन :-** भगवान नपाइने भएपछि यो तीर्थयात्रुहरुको धक्का मुक्की र दुख कष्ट गर्दै तीर्थ यात्राबाट अरु के लाभ पाउने होला त ?

**किशोर :-** तीर्थाटनको बहुत ठूलो महत्व छ । देश दर्शन हुन्छ, सामाजिकताको भावना विकसित हुन्छ, समाजनिष्ठता, उदारता र सेवाको भाव जाग्दछ । मानिसले धेरै ज्ञान हासिल गर्ने मौका पाउँछ । तीर्थाटन भनेको कुनै ठाउँमा गएर फर्किने काम मात्र हैन, अपितु समाजनिष्ठताको अभ्यास गर्ने हो । हाम्रो समाजमा मानिस जब ६०-७० वर्षको हुन्छ, तब तीर्थाटनको उमेर पुगेको ठान्दछ र भगवानको दर्शन गरेर नदीहरुमा नुहाएर ठूलो काम गरेको भनि मख्ख पर्दछ, गर्व गर्दछ । तर, यो सोच नै गलत हो । किनकि सिकाइ, ज्ञान र साधनाको अभावमा जीवनमा तमाम अनियमितता र असामाजिकताका काम गरीसकेपछि दाँत, आँखा, हातगोडा कमजोर भैसकेपछि तीर्थाटन अर्थात सेवा र परोपकारको शिक्षा प्राप्ती र यसको अभ्यासको लागि यात्रा गर्नु भनेको त निरर्थक दुख पाउनु नै हो । उमेरको अन्तिम अवस्थामा तीर्थाटन गर्दा जुन ज्ञान प्राप्त हुन्छ त्यसबाट त झन् मन खिन्न हुन पुग्दछ र पहिले गरी आएका दुष्कृतिलाई सुधार गर्ने समय नभएको अवस्थामा आत्मग्लानि मात्रै हुन्छ । तसर्थ तीर्थाटन त सिक्ने उमेर मै गर्नु पर्दछ , जान्ने बुझ्ने भएर आफ्नो आचरणलाई तिखार्दै जानु पर्दछ र पो जीवनको दिशा सही रहन सक्दछ ।

दोश्रो कुरा, देवी देवताको दर्शन, भजन, कीर्तन, पूजन,व्रत उपासना आदि कर्महरु गर्नाले मरी सकेपछि स्वर्ग जान पाईन्छ अन्यथा नर्कमा दुख हुन्छ भन्ने जन धारणा रहेको छ । अर्थात भगवान संग नजीक हुने कर्म गरेमा सुख हुने र नगरेमा दुख हुने भन्ने सोच छ यो सोच गलत हो । वास्तवमा मानिसबाट आफनो दर्शन, पूजन, उपासना, व्रत तीर्थाटन आदि गराउन भगवानलाई कुनै खाँचो छैन यी कर्महरु त मानिसको आचरण ,बानी,चिन्तन र स्वभावलाई विवेकपूर्ण , लचिलो ,मधुर र समाजकोलागी उपयोगी बनाउनकोलागी गरिने काम हुन्, सकारात्मक परिवर्तनका साधन हुन् । साथै यसबाट संगठन निर्माण पनि हुन्छ । यी काम हरु गर्दै जाँदा यदि मानिसको चिन्तन र चरित्रमा हीजो भन्दा आज र आज भन्दा भोली समाज उपयोगी सकारात्मक परिवर्तन आई रहेको छैन भने हाम्रो उपासनामा खोट छ ,स्वार्थ छ र हामीले केवल चिन्हपूजा,लोक व्यवहारको निर्वाह या देखावा मात्र गरि रहेका छौं , त्यसबाट कसैलाई कुनै लाभ हुंदैन भन्ने बुझ्नु पर्दछ ।

एक पटक को कुरा हो , म रेलमा यात्रा गरीरहेको थिएँ । यौटा स्टेशनमा सिख समुदायका मानिसहरुको बहुतै ठूलो भीड रहेछ । तिनीहरु गुरुद्धारामा औंसीको कार्यक्रम सकेर फर्केका रहेछन् । त्यस मध्येबाट एक हुल स्त्री पुरुषहरु ठेलमठेल गरेर हाम्रो डिब्बामा पनि पसे । यो डिब्बामा पहिले देखि नै ठूलो भीड थियो । ५ को सीटमा ८ जनाका दरले बसेका र उभिएकाहरु उभिएकै थिए । सीटमा सकी नसकी कोचिएर बसेका दुइ जना गाउंले गरीब बुढी महिला अघि देखि नै तिर्खाएर पानी लिने दाउमा बसीरहेकाले गाडी रोकिना साथ सीट बाट उठेर माथीको र्‍याकमा रहेको झोलाबाट पानीको बोतल झिक्न लागे र एक जना बुढा पिशाब गर्न चर्पी तिर हिंडन खोजना साथ डिब्बामा पसेकाहरुको भीडमा रहेका एक जना दाह्री कपाल फुलेको दुबला पातला बुढा र तिनका चार जना साथीले सीटमा जबरजस्ती कब्जा गरी हाले ३ जना सीटबाट उठेर उभिएकोमा ५ जनाको कब्जाले थप दुई जना पनि ठेलिएर सीटबाट तल झरे । म सामुन्नेको सीटमा थिएँ । मैले र अरुले पनि विरोध गर्‍यौं । भनाभन हुन थाल्यो । मैले तपाईहरु त गुरुद्धाराबाट गुरुवाणी सुनेर आउनु भएको छ , यस्तो काम त शोभा दिन्न भन्ना साथ त्यो बुढो मसंग कस्सियो र तैले मलाई गुरुवाणीको महिमा बताउने ? उल्लू भनेर तथानाम गाली गर्न थाल्यो यत्तिकैमा अर्को तन्नेरी मानिसले मेरो कठालो समातेर सीट बाट उठाई दियो र यौटी सरदारनीलाई सिटमा बसाली दियो । म समेतका चार जना बुढा बुढीले उभिएर यात्रा गर्‍यौं । धन्न पिटेनन् । यो मेरो जीवनको यौटा दुखद स्मरणीय प्रसंग हो । त्यहाँ देखि मलाई के लाग्यो भने जुनसुकै पंथ सम्प्रदाय या संगठनका यस्ता पूजा आजा पर्व उत्सवका बेलाको मानिसलाई गम्भीर र सावधान गराइने प्रचलन छैन , र तिनीहरु अधिकांशतया पूजनको उद्देश्य प्रति गम्भीर हुँदैनन् , उनीहरुले चिन्हपूजा सम्म गरेको हुन्छन् र आराधनालाई उत्सवको रुपमा लिएका हुन्छन् तसर्थ जोश र उमंगमा हुन्छन् र यदि तिनीहरु भीडको रुपमा छन् भने त , ऊनीहरु प्रायः उग्र र अविवेकी हुन्छन् । यस्तो मानिस त समाजकोलागि झन खतरा हुन्छ ।

**गुञ्जन :** यसको मत्लब म र मेरा उमेरकाहरुलाई यो यात्रा फलदायी हो तर हजुरहरुका उमेरकाहरुको लागि निरर्थक हो ?

**किशोर**ः– शिक्षा र सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो र, किनकि साधना तथा सेवा जस्ता मनोभावहरुले पनि नित नवीन उर्जा खोजिरहेका हुन्छन् । यसकारण युवा अवस्थादेखि नै तीर्थाटनद्वारा समाजनिष्ठता र सेवाको अभ्यासमा लागेको व्यक्तिले प्रौढावस्था र बृद्धावस्थामा पनि तीर्थाटन गर्नु श्रेयश्कर नै हुन्छ । तर, अन्तिममा मात्र एकै पटक बृद्धावस्थाको तीर्थाटन प्रेरणादायी त हुन सक्दछ तर फलदायी हुने सम्भावना बहुतै क्षीण हुन्छ ।

**कञ्चन** :अनि मूर्ति नै नचाहिने भएपछि मन्दिर किन ? र, मन्दिर नभए तीर्थ कसरी बन्ने भए ?

**किशोर :** मुश्लिम, सिख, जैन र बौद्धिष्ठहरु पनि त मूर्ति पूजक हैनन् । तर, यी सबैका पवित्र स्थान गुरुद्वारा आश्रमहरु हुन्छन् । यी धर्मका लाखौं तीर्थयात्रीहरु आ-आफ्ना तीर्थमा जान्छन् र आ-आफ्ना तरीकाले पूजा आराधना, उपासना गर्दछन्,सामाजिकताको अभ्यास गर्दछन् । सबैले निराकार ब्रह्मको एकतामा विश्वास गर्दछन् । हिन्दूको पनि त्यस्तै त हो । भगवान र मानिसको बीचमा मूर्तिलाई नराखेपनि त काम चल्न सक्छ होला नि ?

ब्रह्मको एकता रे ? के भन्नुभएको हो ? यो परिचर्चा सुनेर बसीरहेका आदित्य नामका नवयुवकले सोधे ।

किशोर घोरिए । उनीहरु पनि चुप नै रहे ।

एकछिनपछि किशोरले फेरी उत्तर दिन थाले ।

--

# अध्याय : २ (दुई)
# (ब्रह्मवाद-एकईश्वरवाद)
# Monistic concept

**किशोर** : हिन्दुहरुको सारभूत मान्यतामा भगवानको एकमात्र सत्ता नै सर्वव्यापक छ । भगवानको कुनै निश्चित स्वरुप नै छैन । उनी निराकार र सर्वव्यापक छन् । मानिसले ईश्वरलाई आफ्नो जस्तै स्वरुप -शरीर भएको ठान्दछ भने जनावर -हात्ती, बाघ, सुंगुर, चराचुरुङ्गीहरुले यदि ईश्वरको बारेमा चेतना राख्ने भए देखि त ईश्वरलाई आफूजस्तै चराचुरुङ्गी र जनावरको रुप मै त हेर्दा हुन् । तात्पर्य के भने जो जस्तो छ उसको ईश्वर उस्तै छ अर्थात, ईश्वरको रुप रंग त प्राणीको कल्पनामा नीहित हुन्छ । अनि आफ्नो श्रद्धा र विश्वास अनुसार पुकारे त भैहाल्यो नि ! गणेश, हनुमान, दुर्गा, सरस्वती, महादेव,अल्लाह ,गाड,वाहेगुरु आदि जुन नामले पुकारे पनि बोल्ने त उनी एउटै ईश्वर नै हुन् । यसकारण हामीले आ-आफ्ना रुचि र सुविधा अनुसार ईश्वरको स्वरुप गढेर केही फइदा छैन । ईश्वर निराकार छन् । वेद पुराण सबैले एक स्वरले त्यही भन्दछन् ।

**आदित्य** :देवी भागवतमा महादेवीलाई, शिवपुराणमा शिवजीलाई, रामायणमा राम, श्रीमद्भागवत पुराणमा कृष्ण यस्तै अन्य पुराण र शास्त्रहरुमा अरु अरु देव देवताहरुलाई सर्वश्रेष्ठ मानिएको छ । यो किन त ?

**रामजी** : हिन्दु सनातन धर्मको यो नै विशेषता हो । सम्पूर्ण हिन्दूहरु ईश्वरको एउटै स्वरुपप्रति निष्ठावान हुन नसकेपछि र आ-आफ्ना भाव र रुचि अनुसार अलगाव र भिन्नता खोजेपछि रचनाकारले मानिसका हृदयमा उठ्न सक्ने भावअनुसारको ठाउँ बनाइदिएको हो । यी पुराण भनेको अलग अलग मञ्च हुन् । जसमध्ये कुनै एक लाई छाने पनि भयो । यो अलगावको क्रम आज पनि जारी नै छ । सिख, जैन, बौद्ध, कृष्णप्रणामी, कबीरपंथी, रामानन्दी, बैष्णव, ॐशान्ति, जय गुरुदेव, जस्ता पचासौं पन्थहरु हिन्दूधर्ममा छन् । आफ्नो रुची भएको ठाउँमा गएर मानिसले शान्ति र सन्तुष्टि प्राप्त गर्न सक्दछ । यी पन्थ र पन्थीहरुको बीचमा आपसमा सानो ठूलो भन्ने कुनै विवाद छैन किनकि नाम र स्वरुप अलग गर्दिएपनि ती सबै एउटै हुन् ।

**गुञ्जन** : तर ईश्वर प्राप्ती ?

**रामजी** : यो त साधकमा भर पर्ने कुरा हो । कसैले प्रतीक पूजालाई अन्तिम लक्ष्य बनाएको छ भने उसले शान्ति र सन्तुष्टि त प्राप्त गर्न सक्ला तर ईश्वर प्राप्तीमा सन्देह नै रहन्छ, यदि प्रतीकलाई भऱ्याङ्ग र ईश्वरलाई लक्ष्य बनाएको छ भने निःशन्देह ऊ ईश्वर प्राप्ति गर्दछ ।

**गुञ्जन** : यसरी आ-आफ्ना मान्यताका मञ्चमा बसेका मानिसहका बीचमा विवाद र संघर्ष हुने सम्भावना पो भयो त !

**रामजी** :खोई ! सनातन हिन्दु धर्मावलम्बीहरुमा आजसम्म त्यस्तो कुनै संघर्ष भएको इतिहास छैन । विविध मान्यतामा समन्वय र एकता यो धर्मको विशेषता नै हो । सबैले एक अर्काको विश्वास र आस्थाप्रति श्रद्धा गर्दछन् । आफ्नो विश्वास र आस्थालाई अरु भन्दा श्रेष्ठ भन्ने चलन नै छैन किनकि यी सबैको श्रोत सनातनधर्मी मूल्य नै हो जसमा ब्रह्मको एकतालाई स्वीकार गरिन्छ । यस प्रसंगमा यौटा थप कुरा के पनि स्मरण राख्नु पर्दछ भने

जहाँ उदारता,सहिष्णुता र सत्य छ त्यहाँ कहिलेकाहीं मतभेद पनि लाभदायक सिद्ध हुने गर्दछ ।

**आदित्य** : अनि त यो विविध मान्यतालाई स्थापित गर्नु भन्दा एउटै मान्यतालाई स्थापित राख्न सके पो राम्रो ! विभेदलाई स्थान दिनु राम्रो त भएन नि !

**रामजी** : यो विभेद कहाँ हो र ? यो त कस्तो भने पछि ईश्वरलाई भगवान, अल्लाह, गाड, राम, कृष्ण, शिव आदि नामले पुकारे पनि शक्ति त एउटै हो । कसैलाई छोरा छोरीहरुले बुबा, पिताजी, ड्याडी भने पनि मानिस त एउटै हो । यो त आत्मसन्तुष्टिको सम्बोधन हो । एउटा नदीको घाटमा कोही माझीले रामनामी डुङ्गा, कोहीले अल्लाहको डुङ्गा, कोहीले गाड, कोहीले बुद्ध, कोहीले वाहेगुरु नामको डुङ्गा लिएर यात्री ओसारीरहेका छन् । ती सबैको लक्ष्य त नदी पार गराउनु नै हो, डुङ्गा अलग अलग भएर के भयो ? जाने ठाउँ त सबैको एउटै हो । लक्ष्य एउटै भएपछि जुनसुकै प्रक्रियाबाट गएपनि परिणाम फरक पर्दैन ।

**कञ्चन** : ईसाई र ईस्लाम पनि त एक ईश्वरवादी नै हुन् । हिन्दू धर्मसँग यस बारेमा कुनै फरक छ र ?

**रामजी** : फरक छ । संस्कृतको धर्म शव्दको उत्पत्ति र परिभाषा अनुसार मानव धर्म अर्थात  सनातन धर्म एकमात्र धर्म हो ,  यो मानव धर्म हो  । यसलाई जीवन जिउने प्रणाली भन्नु पर्दछ  । यसका मूल्य र मान्यता संग हिन्दूहरु बढी निकट छन् । यस कारण यसलाई यद्धपि  हिन्दू धर्म भन्ने गरिन्छ तर  संसारका सबै प्राणीले आ आफनो स्थिति,आवश्यकता,रीति र परम्परा अनुसार आफनो जीवन बिताउने क्रममा जुन शाश्वत मूल्य र मर्यादा तथा रीति र प्रणालीहरु अपनाउंछन् , ती मानव धर्म अंतरगत कै सिद्धान्तहरु हुन् , अर्थात सबैले मानव धर्मलाई  थोरै धेरै मान्दछन् । यो सबै प्राणी मात्र को साझा धर्म हो र धर्म सबैको यौटै हो मानव धर्म ।

तर  जब  ईश्वरीय आस्था र धार्मिक अभ्यासको पद्धतिको कुरा गरिन्छ ,तब थुप्रै मान्यता र तरीकाहरु विकसित भएका देखिन्छन् । जसलाई वास्तवमा पंथ भनिन्छ तर जीवनका केही शाश्वत सिद्धान्त र शैलीहरुको पनि समावेश रहने हुनाले इनलाई पनि धर्म भन्ने गर्दछन् । शैव , शाक्त , वैष्णव , रामानन्दी ,ॐ शान्ति ,कृष्ण प्रणामी , कापालिक , अघोर ,बौद्ध , जैन , वहाबी ,कनफ्यूसियस , ताओ ,ईस्लाम , ईशाई आदि । यस्ता पंथ , सम्प्रदाय र मतहरु थुप्रै छन् ।  ती पंथहरुमा पनि अलग अलग  शाखा प्रशाखा , मान्यता र प्रचलनहरु छन् ।

यसरी जीवन जिउने मूल सिद्धान्त , मूल्य , मान्यता , कला ,व्यवहार प्रणाली आदि को समूह को  नाम धर्म हो भने आत्म परिष्कारको साधनाको नाम अध्यात्म हो । साथै ईश्वर प्रतिको आस्था , विश्वास र मान्यता र यसबाट आत्म प्रगतिको अभ्यासको तरीका या शैलीको नाम पंथ हो ।

इस्लाम र ईशाईलाई एकईश्वरवादी मानिन्छ । वास्तवमा सनातन धर्म अर्थात धर्मको मूल नै एकईश्वरवादी छ । तर, सनातन धर्म संग बढी निकट रहेका हिन्दूहरुमा एकईश्वरवादको एउटा यस्तो विशेषता छ जुन अरु पंथहरुमा छैन । हिन्दु धर्म अनुसार ईश्वरलाई एउटा मात्र महाशक्तिको रुपमा माने पनि अनेक देवीदेवताहरुलाई असत्य नै भनि हाल्नु पर्ने आवश्यकता हुँदैन । किनकि यसमा ईश्वर एउटै छ भन्ने दृढ मान्यता छ तर ईश्वरले आफूलाई अनेक देवताहरुको रुपमा अभिव्यक्त गर्न सक्दछन् र ईश्वरको जुनसुकै रुपको पूजा आराधना गर्न सकिन्छ । जसरी कुनै एउटा व्यक्ति, कसैको पति, बाबु, काका, हजुरबुवा, शिक्षक, पुजारी, कृषक, व्यापारी, नेता, लेखक, विचारक आदि कइयौं रुपमा प्रकट भैराखेको हुन्छ त्यस्तै विभिन्न समयका विभिन्न आवश्यकता अनुसार ईश्वरले अनेक रुप धारण गरीरहेका हुन्छन् ।

यौटा अर्को उदाहरण हेरौं । कुनै एक माझी व्यक्ति छ, विहान साँझ डुंगा चलाउँछ,नाटकमा अभिनय गर्दछ यस कारण कलाकार भने हुन्छ , ऊ चित्रकार पनि छ, तर मुख्य पेशा ऊ राज्यको प्रहरी सेवामा छ ,यो व्यक्ति आफनो सबै चारैवटा  काम व्यवसायमा निपुण छ । उसले जुन जुन बेला जुन जुन काम गरेको छ, ती अवस्थाका त्यस्तै पोशाक र भाव भंगिमाका  अलग अलग फोटोहरु छन् । सामान्यतया फोटो देखनेले त अलग अलग चार वटा मानिसको फोटो हो भन्ला नि ? तर माझीको पोशाक र डुंगा चलाउने उपकरण बोकेर ऊ न त प्रहरीको ड्यूटीमा जान्छ र न  त नाटकमा अभिनय नै गर्दछ । नाटकको पोशाक र मुकुट लगाएर ऊ न त डुंगा चलाउँछ र न त प्रहरी ड्यूटी मै जान्छ । तात्पर्य के भने उसको जहाँ जस्तो दाइत्व छ त्यही अनुरुप आचरण र रुप धारण गर्नु पर्ने बाध्यता हुन्छ तर मूल रुपमा मानिस त यौटै हो ।  विभिन्न रुपको मानिस त यौटै हो नि । हो,परब्रह्म परमेश्वरले पनि विभिन्न किसिमका काम सम्पादनको क्रममा काम अनुसारको रुप धारण गर्नु हुन्छ,जसलाई हामी देवता भन्दछौं ।

ऋग्वेदको १६४ सूक्तको मन्त्र संख्या ४६ मा **"एकं सद्विप्रा बहुधा बदन्ति"** अर्थात भिन्न भिन्न देवता एउटै ईश्वरका विभिन्न नाम हुन् भन्ने कुराको यहाँ चर्चा भैसकेको छ । मानिसको उद्देश्य, काम र इच्छा जस्तो हुन्छ त्यसलाई पूरा गर्नको लागि त्यस्तै किसिमको उपकरण, आकार, शक्ति र स्वरुपको आवश्यकता पर्ने हुनाले मानिसले ईश्वरको आफ्नो कल्पनामा देवी देवताहरुको आकृति र स्वरुपको रचना गर्दछ । त्यही स्वरुपको आराधाना गर्दछ । तर, जे जस्तो भएपनि आराधना त उही परब्रह्म परमेश्वरकै हुन्छ ।

**उमा** : तपाईहरुको तर्क वितर्क र प्रश्न उत्तरमा हामी त अल्मलियौं । एउटै ईश्वर भएपनि एकईश्वरवाद रे तर धेरै देवताहरु भएपनि एकईश्वरवाद हो भन्नुहुन्छ ? हामीले के बुझ्ने ?

**किशोर** : हो ठीक हो । मैले एक मात्र ब्रह्म अर्थात ईश्वर छन् र तिनको उपासना गरे पुग्छ, अन्य देवीदेवता मानिसको मनका रचना हुन् भनेको हुँ । अन्तिम सत्य यही हो । अरु

विचारकहरुले एउटै ईश्वर धेरै देवताको रुपमा प्रकट हुन्छन् भन्नु भएको छ । समन्वयात्मक रुपमा भन्नुपर्दा के हेर्नु पर्छ भने एक मात्र ईश्वर स्वयं नै यो विश्व ब्रह्माण्डमा विविध रुपमा प्रकट भएका छन् । त्यसरी नै देवताहरु पनि ईश्वरकै प्रतिरुप र छायाँ हुन् भनेर अर्थ लगाउन सकिन्छ । हिन्दुहरुमा यसै धारणाले बढी मान्यता पनि पाएको छ । यो मान्यतालाई गलतै भनी हाल्न त मिल्दैन तर मेरो विश्लेषणमा बहुदेववाद नमानेको भए ठीक हुन्थ्यो । जब एउटै शक्तिले सबै काम बन्छ एउटै मन्त्रले सबै भ्याउँछ भने अनेक देवताको नाम र सबैको अलग अलग स्तुति नबनाएको भए राम्रो र सजिलो हुन्थ्यो । मन्दिर मन्दिरमा अलग अलग किसिमका मूर्तिको पूजा गर्दै नहिडेको भए ठीक हुन्थ्यो मलाई त आत्मपरीक्षालन, ईन्द्रिय निग्रह र अत्मचिन्तन नै उचित हो भन्ने लाग्छ ।

**उमा** : किन ?

**किशोर** : किनकि बहुदेववादले गर्दा हाम्रो हिन्दू समाज कइयौं सम्प्रदाय र पंथहरुमा विभाजित भएको छ । जसबाट हिन्दूहरु कमजोर भएका छन् । पुजारी पंडित र पंडाहरुको धर्ममाथि एकाधिकार स्थापित भएको छ र, यसैवर्गले आफ्नो स्वार्थसिद्धिको लागि जनतालाई राजनीतिक र सामाजिक चेतनादेखि टाढा राखेको छ ,भार्मिक भनिएका पुस्तक र प्रवचन तथा आडम्बर द्वारा मानिसलाई भय र त्रासमा राखेको छ । वर्ण र जाति व्यवस्थाले गर्दा योग्यता र बुद्धिमत्तालाई स्थान छैन । बुद्धिमत्ता, प्रतिष्ठा र सम्मान जातिको आधारमा प्राप्त हुने गरेकोले हिन्दू हिन्दूहरुमै छुवाछुत र व्यापक विभेद रहेको छ । यसकारण एकदेवतावाद अथवा एक ब्रह्म, एउटै मन्त्र, एक उपासना पद्धति र बुद्धि, योग्यता क्षमता र श्रमलाई "प्रतिष्ठा" को मापदण्ड बनाउन आवश्यक छ । वेद पुराण र हिन्दु दर्शनको मर्म नै यही हो ।

अझै दुइटा विचारणीय कुराहरु पनि सुनौं । पहिलो कुरा त के भने मुहम्मद साहेब भन्दा पहिले इस्लाम थिएन ,बुद्ध भन्दा पहिले बौद्ध थिएन , तिर्थंकर भन्दा पहिले जैन , रजनीश भन्दा पहिले ओशो धारा, कथित शिव बाबा भन्दा पहिले ॐशान्ति ,गुरु गोविन्द सिंह भन्दा पहिले सिख ,यीशा भन्दा पहिले क्रिश्चियन थिएन ,यस्तै जयगुरुदेव, रामपालको कबीरपंथ, कन्फूसियस , र ताओ आदि दुनियामा उब्जिदै गएका धार्मिक मान्यताहरु भन्दा पहिले के थियौ ? मात्र मानव धर्म त थियौ । तर विभिन्न साधकहरुले मानव जीवनको अलग अलग सिद्धान्त बनाए र धर्मको बटवारा भयो । मानव समाजको विभाजन भयो । मानव संग भएको मानव धर्म नष्ट भयो र मानिस हिन्दू , मुश्लिम , सिख , ईसाई , जैनी ,आदि भयो । नयाँ सम्प्रदाय र भगवानहरु जन्मने यो क्रम आज पनि जारी छ ।

दोश्रो कुरा , थुप्रै साधकहरुले मूर्तिपूजा गर्नु हुंदैन भनेका छन् । तर कसैले सूर्य , कसैले चन्द्रमा ,कसैले अग्नि कसैले चिहान , फोटो, धर्मग्रन्थ आदि वस्तु पूजा गरेका छन् । अझ हास्यास्पद त तब भयो जब यीशु , बुद्ध , जैन तीर्थंकर महावीर ,गोविन्द सिंह , सिरडीका साई बाबा ,सत्य साई बाबा , जय गुरुदेव र रामपालका अनुयायीहरुले राम ,कृष्ण

, शिव , गौरी , काली आदि देवी देवताको मूर्ति नपुजने त भने । लौ यहाँ सम्म त केही भएन । तर ती मूर्तिको स्थानमा यीशु , बुद्ध , जैन तीर्थंकर ,गोविन्द सिंह , सिरडीका साई ,सत्य साई बाबा , जय गुरुदेव र रामपाल आदि कुनै धर्मगुरुको मूर्ति राखि दिए ,तिनलाई पूज्न थाले । अनि सिद्धान्त कहाँ गयौ ? फरक के पर्‍यौ ? कुरा झूठो भयौ भएन ? दुनियालाई नयाँ सिद्धान्त दिएका छौं भनेर दिउँसै रात पारेर आफनो दुनो सोझ्याएको हो होइन ? कुनै कुनै सम्प्रदाय खडा गर्नेहरुले आफैलाई भगवान भनी हालेका छन् भने कोई कोई धर्मगुरुका अनुयायीहरुले सम्प्रदाय खडा गर्ने धर्मगुरुलाई मृत्यु पश्चात भगवान बनाई दिएका छन् । हिन्दू धर्मलाई यसबाट कति हानि भएको छ ? लेखा जोखा गर्न कठिन छ ।

बहुत कम गुरुहरु होलान् जसले समाजमा विखण्डन गरेको छैन , आफूलाई भगवान भनेको छैन , मानवमात्रको हित र कल्याणको मार्ग प्रशस्त गरेको छ र विभिन्न धर्म र पंथको बीचमा समन्वय गरेको छ , सत्धर्म बताएकोछ , मानव धर्म अँगालेकोछ र अँगाल्ने आग्रह गरेको छ । अन्यथा जति जति धर्म सम्प्रदायहरु जन्मिदै जान्छन् त्यसबाट यद्धपि मानिसलाई आफनो रुचि अनुसारको विचार अँगाल्न र रोजन अवसर मिलेको छ, प्रजातान्त्रिक वातावरण बनेको छ, नैतिकता र समाजमा शान्ति र सुखको स्थापनालाई ठूलो बल पुगेको छ, मानवताको रक्षा भएको छ ता पनि मानव धर्म त्यति नै विखण्डित र कमजोर पनि भएको छ , मानिस मानिसमा विभेद बढेको छ र संसारमा अशान्ति र युद्ध हुन्छ । मानिस मानिसका बीचमा द्वन्द , संघर्ष र युद्धका प्रमुख कारण यी मानव निर्मित धर्म र सम्प्रदायहरु हुन पुगेका छन् । यो काम प्राय:हिन्दूहरुमा धर्मगुरुहरुबाट नै हुने गरेको छ । समाजको हितमा काम गर्दा गर्दै यिनीहरुले आफनो मान, प्रतिष्ठा, यश र कीर्तिलाई अजर अमर बनाउनकालागि कुनै सम्प्रदाय खडा गर्दछन्, आफनो यशगान गर्ने भजन मण्डली लाई बढावा दिन्छन् र कालान्तरमा भगवान बन्न पुग्छन् र **गुरुर ब्रह्मा गुरुर विष्णु गुरुरदेव महेश्वरः । गुरु साक्षात परब्रह्म तस्मै श्री गुरुवै नमः ॥** भन्ने श्लोक को सहारा लिएर आफूलाई सर्वोपरी र सर्वशक्तिमान शिद्ध गर्दछन् र तल्ला स्तरका व्यक्ति तथा ढोंगी र पाखण्डीहरुले पनि यो श्लोक को सहाराले साधारण जनतालाई भ्रमित पार्दछन् , ठग्छन् र आर्थिक , मानसिक ,शारीरिक र कतिपयले त यौन शोषण नै गर्दछन् ।

केवल पेट पाल्नलाई नै जोगी भएकाहरु देखि लिएर समाजमा रहेका असामाजिक व्यक्तिहरुले पनि कुनै गुरुको अनुयायी बनेर हातमा या घाँटीमा कुनै चिन्ह , धागो , माला ,तिलक या वस्त्र आदि लगाएर धार्मिकताको आवरण ओढेर आफूलाई असल साधु, संत को रुपमा हेर्न हेराउन थाल्दछन् ,असल कर्म गर्नु कहाँ हो कहाँ, गलत काम गरि हिडने व्यक्तिले पनि चिन्ह या भेष धारणबाट आफूलाई कुनै अलौकिक व्यक्ति ठान्दछ । यस्ताबाट त धर्म कै बदनाम हुन्छ ।

एक इस्लामले मात्र भगवानलाई भगवान र प्रचारक र गुरुलाई गुरु भन्दछ , तर हिन्दूका गुरुलाई त कालान्तरमा भगवान नै बनाइने गरेकाले हिन्दू सनातन धर्मका लागी त

गुरुहरु नै खतरा भएका छन् । यस्ताले नै सयकडौं भगवान जन्माएका छन् र आफू पनि भगवान बनेका छन् ।

**कंचन :–** अनि कस्तो गुरु असल गुरु हो त ?

**किशोर :–** यदि सेवा, साधना र आत्मिक उन्नति छैन भने कपडा मात्र रंगाएका , जटाजूट बनाएका , खरानी घसेका ,टीका चंदन लगाएका जोगी बाबाहरु , धार्मिक कर्मकाण्डीहरु र तथाकथित संत महन्तहरु यी सबैलाई बोलचालको भाषामा मात्र गुरु भन्ने गरिन्छ । इनको पनि समाजमा केही योगदान हुन सक्दछ तर इनको स्तर धर्म व्यवसायी जस्तो भन्न सकिन्छ । वास्तवमा **गु** भनेको अंधकार र **रु** भनेको प्रकाश अर्थात जसले अंधकारबाट निकालेर प्रकाशमा लैजान सक्दछ । यस अर्थमा सद्गुरु सर्व समर्थ र स्वयं प्रकाशित भैरहेको र मानव शरीरमा रहेर पनि यौटा दिव्य चेतना को रुप लिएको छ भने त्यो सद्गुरु हो ,जस्को पहुँच भगवान सम्म होस र ऊ स्वयं भगवानमय भैसकेको होस । जो निर्लिप्त भावले वास्तविक संत होस, जाति,धर्म,सम्प्रदाय,सांसारिक शक्ति र मोह माया अहंकार देखि पूर्ण मुक्त होस । जसले सेवालाई जीवनको लक्ष्य बनाएको होस । आदि शंकराचार्य , स्वामी रामकृष्ण परम हंस, विवेकानन्द , महर्षि अरविंद, देउरहवा बाबा,सिरडीका साईं ,रामानुजाचार्य, संत रविदास , रामदास र पं श्रीराम शर्मा आचार्य जस्ता संत महामानवहरु संसारमा नितान्त थोरै भएका छन् ।

**आदित्य** : गुरु को क्षमता र गुरु शिष्य सम्बन्ध कस्तो हुन्छ ?

**रामजी :** जसले हाम्रो जिज्ञासाको समाधान गर्दछ, मार्गदर्शन गर्दछ र विकासमा सहयोग गर्दछ ,त्यो पनि गुरु हुन्छ तर जसले आत्मिक उन्नतिमा सहयोग गर्दछ, त्यो सद्गुरु हो । ऊ जीवन मरण को बन्धनबाट मुक्ति दिलाउन र परमानन्दस्वरुप ईश्वर संग साक्षात्कार गराउन सक्षम हुन्छ । मानव चेतनाको उच्चस्तरीय तललाई पराचेतन तल भनिँछ , जहाँ हामीलाई आत्मिक अनुभूति हुन्छ । यो स्तरमा प्रवेश गर्नकोलागि सद्गुरुको आवश्यकता हुन्छ । सद्गुरुले अचेतनको संस्कारलाई काट्न र पराचेतनमा प्रवेश गर्नकोलागि सहायता गर्दछ । यो काम अन्य कसैले पनि गर्न सक्दैन ।

यस्तै हाम्रो जीवन को स्थूल , सूक्ष्म र कारण आयाम मध्ये सूक्ष्म आयामको विकासकोलागि सद्गुरुको आवश्यकता पर्दछ ।

गुरुका कइयों श्रेणी हुन्छन् । संसार संग हाम्रो परिचय गराउने र साधारण जिज्ञासाको समाधान गर्ने आमा बाबु प्रथम गुरु हुन् । भौतिक उन्नतिमा सहयोग पुर्‍याउने शिक्षक जस्ता गुरुहरु द्वितीय श्रेणीमा ,र मानसिक र भावनात्मक उन्नतिमा सहयोग पुर्‍याउने सामान्य स्तरका जोगीबाबा संत महन्तहरु र धार्मिक कर्मकाण्डीहरु तृतीय स्तर तथा आत्मिक उन्नतिमा मार्गदर्शन गर्ने सद्गुरु लाई चौथो श्रेणी भन्न सकिन्छ ।

गुरुले त्यो कुरामात्र दिन सक्दछ जुन कुरा ऊ संग हुन्छ । जुन कुरा ऊसंग छैन त्यो कुरा उसले अरुलाई दिन नै सक्दैन । तसर्थ दिने र पाउने दुवैको क्षमताको प्रश्न महत्वपूर्ण हुन्छ । कुनै साधारण गुरुले शिष्यको आत्मिक उन्नतिमा मार्गदर्शन गर्न सक्दैन र समर्थ

गुरुले सामान्य स्तरको शिष्यको आत्मिक विकाशको लागि असाधारण ज्ञान र मार्गदर्शन दिन सक्दैन, किनकि गुरुले शिष्यको हात समातेर अथवा काँधमा बोकेर गन्तव्य सम्म पुर्याउँदैन , उसले त शिष्यकोलागि बाटो प्रशस्त सम्म गरी दिन्छ , हिडनु त स्वयं शिष्यले नै पर्दछ ।

**कंचन** :– गुरुका मूर्तिहरु मन्दिरमा राख्न र पूजा गर्न मिल्छ मिल्दैन ?

**किशोर** :–योनिज अर्थात आमा को पेट बाट जन्मेको मानिसलाई मृत्यृ पछि पिण्ड दिइन्छ तर अयोनिज अर्थात जो स्वयं प्रकट हुन्छ उसलाई यज्ञमा आहुति दीइन्छ । यस कारण मानिस लाई गुरु मान्नु श्रद्धा गर्नु अलग कुरा हो तर देव स्थान र पूजास्थानमा कुनै मानवमूर्ति र फोटो राख्नु हुंदैन । आहुति दिनु हुँदैन ,फूल चढाएउ सम्मान प्रकट गरे पनि धूप दीपले पूजन गरी हवन यज्ञमा भाग दिनु हुँदैन । हिन्दू धर्मशास्त्रले मानव मूर्ति देवस्थान, पूजन स्थानमा राख्न स्पष्ट निषेध गरेको छ । जसले यस्तो काम गर्दछ उसलाई अज्ञानी भन्नु पर्ने हुन्छ ।

**कंचन** :–मूल तत्व परब्रह्म परमेश्वर हुन्, ब्ह्मा , विष्णु र महेश तिनकै छायारुप हुन् भनियो । यस्को अर्थ के हो ?

भीडमा बसेका एक जना पौढ व्यक्ति श्याम उत्तर दिन अघि सरे :–

**श्याम :–** जो नित्य चेतन ,अविनाशी,परब्रह्म परमात्मा छन्, तिनीबाट विष्णु र विष्णुको हृदयकमल बाट ब्रह्मा प्रकट भएका हुन् । शिव पनि त ब्रह्म कै अंश हुन् ।

**आशुतोष** : ईश्वर सर्वव्यापक छन् भने व्यापकताको कुनै स्वरुप त होला ? उनी कुन रुपले प्रत्येक कण-कणमा व्यापक हुन्छन् त्यो व्यापकताको आभास कसरी हुन्छ ?

अहिलेसम्म चर्चा परिचर्चामा संलग्न व्यक्तिहरुले आशुतोषको प्रश्न राम्ररी स्पष्ट हुन नसकेर हो अथवा अरु कारणले हो, सबै चुप नै रहे । कोही नबोलेपछि वयोबृद्ध महात्माले भने :

**यज्ञ गुरु** : भगवानको यतिलामो चर्चा परिचर्चापछि फेरी भगवानको स्वरुपकै कुरामा जिज्ञासा उठेकोले सर्वप्रथम त भगवानको अस्तित्व छ छैन ? यसैको निराकरण हुनुपर्दछ । तसर्थ तपाईहरुले भगवानको अस्तित्व बारेमा आ-आफ्नो विचारलाई अझै प्रष्ट गर्नुहोस् । ठोस आधार र प्रमाण प्रस्तुत गर्नुहोस् ।

**आदित्य** : ईश्वरको अस्तित्वमा त कुनै शंका नै छैन । भागवत पुराणमा राम्ररी अध्ययन गर्ने हो भने सम्पूर्ण संसारको कामहरुलाई तीनवटा वर्गमा विभाजित गरिएको छ । पहिलो काम उत्पादन अर्थात श्रृष्टि, दोश्रो काम व्यवस्थापन अर्थात पालन पोषण र तेश्रो काम समापन अर्थात विलय । ईश्वरले श्रृष्टिको लागि ब्रह्मा, पालन पोषणको लागि विष्णु र संहारको लागि महेश अर्थात शंकरको रुपमा आफूलाई अवस्थित राखेका छन् । यी तीनवटा प्रमुख रुप हुन् । अन्य देवी देवता उनैका रुप हुन् । यहाँसम्म स्थावर, जड, जंगम सहितको

यो दृश्यमान जगत र ब्रह्माण्ड उनै पार ब्रह्म परमेश्वरको स्वरुप हो । यो विश्व ब्रह्माण्डको अस्तित्वले ईश्वरको अस्तित्वको पुष्टि गर्दछ ।

**माधव** : हो यही सत्य हो । ईश्वर नै सत्य हो र सत्य नै ईश्वर हो । **"एकोकहम्बहुस्यामि"** एकदेखिअनेक हुने ईच्छाले यो श्रृष्टि भएको हो । ईश्वरले शून्य देखि श्रृष्टिको रचना गरेका हुन् । रामानुजाचार्यले ईश्वरलाई पुरुषोत्तम् (त्जभ ज्घ्नजभकत एभचकयल), सगुण, अनन्त ज्ञान, सौन्दर्य, करुणा आदि सबै गुणहरुको भण्डार र विश्वको श्रृष्टि, स्थिति र प्रलयको कर्ता भनेकाछन् । ईश्वरलाई विश्वव्यापी र विश्वातीत अर्थात विश्वदेखि विल्कुलै अलग पनि भन्दछन् ।

**यज्ञ गुरु** : त्यसो हो भने यो पनि प्रष्ट पार्नुहोस् कि ईश्वर शाश्वत छन् । ईश्वर भन्दा पहिले संसार थिएन र उनी अनन्तकालदेखि एक्लै रहँदै आएका थिए भने कुनै समयमा उनले अचानक एक भन्दा धेरै हुने आवश्यकता किन ठाने ? यदि विश्व कल्याणको लागि संसारको श्रृष्टि गरेका हुन् भने सर्वप्रथम त विश्व कल्याणको कुरा नै किन उठ्यो ? यदि कल्याणको लागि विश्वको रचना गरेका हुन् भने त संसारमा दुख र शोक आदि अशुभ तत्वको उत्पत्ति कसरी भयो ? ईश्वर सर्वव्यापक भएर पनि संसार देखि अलग कसरी रहन सकेका छन् ?

**किशोर** : भगवान कृष्णले गीतामा भन्नुभएको छ :

**अजोकपि सन्नव्ययात्मा भूतानामीश्वरोकपि सन् ।**
**प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥**

गीता -४।६

(म अजन्मा र अविनाशी हुँ र समस्त प्राणीको ईश्वर हुँ तापनि आफ्नो प्रकृतिलाई अधीन गरेर आफ्नो योगमायाबाट प्रकट हुन्छु )

**न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेशु किञ्चन**
**नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥**

-गीता -३-२२

(हे अर्जुन ! तीनै लोकमा मैले गर्नु पर्ने कुनै काम छैन । मेरो लागि अप्राप्य केही पनि छैन , तर पनि म कर्म गर्दछु ।)

यसवाट स्पष्ट हुन्छ कि ईश्वरको स्वभाव नै कर्म गर्नु हो । काम नगरी उनी बस्नै सक्दैनन् । फलस्वरुप ईश्वरवाट श्रृष्टिको उत्पत्ति, पालन र संहार हुने गर्दछ । जहाँ सम्म सांसारिक शोक

र दुखको कुरा छ त्यो व्यक्तिले प्रारब्ध अनुसार स्वयं नै प्राप्त गर्दछ । ईश्वर सर्वव्यापक छन् तर संसार देखि बाहिर यस अर्थमा छन् कि जसरी कमलको बीउ हिलोमा परेर कमल

उम्रेको हुन्छ तर कमलको पात र फूलमा हिलोको कुरै छोडौं पानीको एक थोपा पनि टाँसिदैन । हो ईश्वर र संसारको सम्बन्ध पनि यस्तै नै हो ।

**आदित्य** : ईश्वर कल्याणकारी छन् भने कतिपय दुष्टहरुले त सुख समृद्धि पाईरहेका हुन्छन् र कतिपय सज्जन, परोपकारीहरुले दुःख पाईरहेका देखिन्छन् यस्तो किन ? अघि प्रारब्धको कुरा आयो यो के हो ?

आदित्यको प्रश्नबाट एकक्षण सन्नाटा रह्यो । अन्तमा यज्ञ गुरुले भने :

**यज्ञगुरु** : ईश्वरको अस्तित्व प्रष्ट भैसकेपछि अब प्रारब्ध बुझ्नलाई पुरै कर्म सिद्धान्त बुझ्नु पर्दछ । कर्म तीन प्रकारका हुन्छन् :

१. सञ्चित २. क्रियमाण ३. प्रारब्ध

**१. सञ्चित कर्म :–**

संचित कर्मका पनि दुईओटा स्तर छन् । पहिलो– छरछिमेकी, ईष्टमित्र र घरपरिवारले गर्ने अनुचित काममा यदि हाम्रो संलग्नता नभएपनि त्यसको केही असर हामी माथि पनि पर्दछ । यी कर्महरुलाई हाम्रो आत्माले स्वीकारेन भने त्यो हामी माथि कम प्रभावी हुन्छ । अर्को – हामीले अनिक्षा र अर्काको दबाबमा गर्ने काम हो । यस्तो कामको प्रभाव हाम्रो मनका कुनै कुनामा खुम्चिएर सुसुप्त अवस्थामा हजारौं वर्षसम्म थन्किन सक्दछ र कुनै बेला हामी स्वयंवाट पनि त्यस्तै खराब काम हुन पुगेमा ती सुसुप्त कर्महरुपनि बलवान बन्न पुग्दछन् र दुखका कारण बन्दछन् । तर यदि निरन्तर असल कामहरु गर्दै गएमा शक्तिशाली कर्म संस्कारको तापले ति संचित रहेका कमसल संस्कार र कर्म नष्ट भैहाल्छन् । देव दर्शन र तीर्थाटन आदिबाट यस्तै साना तिना र नचाहेर गरिएका पापहरु नष्ट हुने गर्दछन् ।

**२. क्रियमाण कर्म :**

यी शारीरिक कर्म हृन्छन् यस कारण यसको फल प्रायः शरीरलाई नै प्राप्त हुन्छ जस्तै नशा खायो भने मात लाग्नु, विष खायो भने मर्नु । शरीर किनकि जड तत्वबाट बनेको हो र भौतिक तत्व स्थूल प्रधान हुन्छ जसको परिणाम तत्काल प्राप्त हुन्छ जस्तै आगो छोयो भने पोल्छ, गलत आहार विहार गरेमा रोगले च्याप्छ । शारीरिक कर्मका साथ मानसिक संलग्नता छैन र शरीरद्वारा शरीरकोलागि काम गरिन्छ भने क्रियमाण कर्म हो ।

**३.प्रारब्ध कर्म :**

यो त्यस्तो कर्म हो जसलाई स्वेक्षापूर्वक जानी बुझी तीब्र भावनाहरुबाट प्रेरित भएर गरिन्छ । यसकारण तिनीहरुको संस्कार पनि बहुतै शक्तिशाली हुन्छ । हत्या, डाँका, चोरी, व्यभिचार, बिश्वासघात, जालसाजी जस्ता प्रंचण्ड क्रूर कर्मको आफ्नै अन्तरहृदयमा बहुतै तीब्र प्रतिकृया हुन्छ र त्यो विजातीय तत्वलाई फाल्नको लागि आत्माको पवित्रता निरन्तर व्याकुल भैरहेको हुन्छ । यो कुरा मानिसले थाहा नै पाउँदैन । आत्माको चिन्तन अर्थात मानसिक दण्ड आफै पूरा हुन सक्दैन यसका लागि अरु साधन र सूक्ष्मलोकबाट स्वचालित रुपमा कुनै घटनाक्रम निर्मित गरेर हाम्रो अन्तरचेतनाले त्यस्तै वातावरणको निर्माण गर्दछ । यसको तयारीमा कहिलेकाहीँ धेरै नै समय लाग्न सक्छ र अन्तमा मानिसले विभिन्न तरीकाबाट दण्ड या दुख अथवा अनिष्ट भोग्न बाध्य हुन्छ । यस्तो कर्म को परिणाम बाट कुनै हालतले पनि फुर्सद पाउन सकिँदैन ।

गीतामा भगवानले स्वयं भनेका छन् कि कर्म गर्नलाई मानिसलाई पूर्ण स्वतन्त्रता छ तर फल भने मेरो अधीनमा छ । भीष्मपितामहले कइयौं जुनी पहिले एउटा जिउंदो सर्पलाई बबुरको काँडामा फाल्नुभएकोले महाभारतकालमा बाणको सैयामा सुत्नुपरेको थियो । रामले लुकेर बालीलाई बाण हान्नुभएकोले कृष्णको योनीमा रहँदा उनलाई पनि व्याधाले लुकेर वाण हानेको थियो । यस्ता पौराणिक घटनाहरुले मानिसलाई विचार र चिन्तन गर्ने बाटो बताउँदछन् ।

तिमिले अन्यायीले र पापीले सुख पाईरहेको देखिन्छ, यसको कारण के हो भनेका छौं ? त्यसको कारण यही हो । मानिसका संचित शुभ कर्महरुको फलभोगको वातावरण बनीरहेको र उसले सुख भोगीरहेको अवस्थामा उसले यदि कुकर्म गर्दछ भने देख्नेहरुले पापीले सुख भोगीरहेको देखेर ईश्वरको न्यायमाथि नै शंका गर्छन् तर उसले कुकर्म गरिरहेको समयमा किनकि उसका पुण्यकर्म प्रभावी भैरहेका हुन्छन् ,त्यसैले गर्दा ऊ सुखी रहन्छ र पुण्य कर्म त्यही जुनीमा सकिएनन् भने अर्को जुनीमा पनि उसले सुख भोग्दै जान्छ र अन्तमा पाप प्रभावी भएको समय अथवा अन्य जुनीमा चाहे उ असल कामहरु नै किन नगरोस् तर उसले  पहिलेको पापको दण्ड भोग्नै पर्दछ ।

**आदित्यः–** प्रारब्ध र पुरुषार्थमा के फरक छ ?कुन बलवान छ र कसको प्राप्ति श्रेष्ठ हुन्छ ?

**यज्ञ गुरु** :–पुरुषार्थबाट प्राप्त नहुने केही छैन । शास्त्र अनुसार आचरण गरेमा भूमण्डलको सुख सुलभ हुन सक्दछ । हामीले शास्त्रीय मार्गदर्शन र साधु पुरुषको सत्संगले यस्तो उद्योग गर्नु पर्दछ कि यो जन्मको पौरुषले पूर्व जन्मको पौरुष ( प्रारव्ध)लाई पछार्न सकियोस,जित्न सकियोस ।

**गाँधीजीले** आत्मकथामा लेखनु भएकोछ –“कहिले काहीं हामीले बहुतै सावधानी राख्दा राख्दै पनि हामी चिप्लिन्छौं र लोटछौं या क्षति उठाउँछौं तर कहिले काहीं त नितान्त ठूलो

गल्ती गर्दा क्षति हुने निश्चित हुंदा हुंदै पनि संयोगवश क्षति बाट सहजै जोगिएका हुन्छौं । यसमा पुरुषार्थको योग कति हुन्छ र दैवको अनुग्रह कति हुन्छ ? र कुन नियम ले गर्दा मानिस लोटछ अथवा सुरक्षित हुन्छ ? यो कुरा भन्न कठिन छ । यसको निर्णय हाल सम्म हुन सकेको छैन र भविष्यमा हुने आशा पनि देखिदैन ।" यस्तै **मैकियावेलीले "द प्रिन्स"** मा **अध्याय २५**को दोश्रो प्याराग्राफमा मानिसको जीवनमा आधा योगदान कर्म र आधा भाग्यको हुन्छ भनेका छन् । चाणक्यले पनि भन्दछन्–

**आयुः कर्म च वितं च विद्या निधनमेव च ।**
**पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनः ॥**

**चाणक्य नीति–४।१**

( जब जीव माताको गर्भमा आउंछ,त्यतिबेला नै पाँच वटा कुरा निश्चित भै हाल्छन् – १.आयु । २.मृत्युको स्थान र समय । ३.कर्मफल । ४.उसको भाग्यको धन । ५.विद्या । )

मेरो विचारमा पूर्व जन्मको पुरुषार्थलाई नै "दैव " भनिन्छ । हामीले आफूलाई दैवको अधीनमा रहेकाले जे कर्म गरे पनि व्यर्थ नै छ भन्छौं , अर्थात पूर्व जन्मको कर्मलाई बढी प्राथमिकता दिन्छौं, तर यो गलत हो । किनकि **अर्थ र काम मा त दैव प्रबल हुन्छ तर धर्म र मोक्षमा वर्तमान को पुरुषार्थ नै बलवान हुन्छ ।**

ब्रह्मर्षि विश्वामित्र र पं. श्री राम शर्मा आचार्य ले भाग्य भन्दा पुरुषार्थलाई बढी महत्व दिनु भएको छ । वहाँहरुले भाग्य र पुरुषार्थ जीवनका दुइ किनारा हुन् भन्नु हुन्छ । पुरुषार्थ वर्तमान हो र वर्तमानको क्षणमा खुम्चिएको हुन्छ , ऊ संग आफनो पूँजी भनेको वर्तमानको क्षण मात्र हुन्छ र यो क्षण अहिले पुरुषार्थको भएपनि तुरुन्तै अर्को क्षणमा भाग्यको कोषमा खस्न पुग्दछ ।

भाग्य भविष्यमा विस्तारित हुन्छ , भाग्यको कोषमा कर्मको अथाह समूह हुन्छ , संस्कारको थुप्रो हुन्छ, कर्मबीज, प्रवृत्ति र प्रारब्धको अतुलनीय भण्डार हुन्छ । भाग्यको यो व्यापकता र शक्ति लाई देखेर कहिलेकाही त ज्ञानी ध्यानीहरु पनि विचलित हुन पुग्दछन् ।

तर पुरुषार्थ यति सीमित भएर पनि असीम र अपार बलशाली भाग्यलाई पराजित गर्न सक्दछ । **वास्तवमा पुरुषार्थ आत्माको चैतन्य शक्ति हो ,जबकि भाग्य जड कर्महरुको समुदाय हो र जडकर्महरुको आकार जतिसुकै विशाल किन नहोस ,चेतनाको सानो फिलिंगो यस भन्दा बढी शक्तिशाली शिद्ध हुने गर्दछ , जसले भाग्यलाई जलाउन सक्दछ ।**

तर पुरुषार्थको प्रक्रिया निरंतर,अनवरत र अविराम जारी रहन सक्यो भने मात्र पुरानो भाग्य ( दुर्भाग्य ) मिट्छ , र इच्छित भाग्य निर्माण हुन सक्दछ । पुरुषार्थको प्रचण्ड वेगले आत्मा माथि छोपिएको दुर्भाग्यको पर्दालाई फाली दिन्छ । तब संकल्पनिष्ठ पुरुषार्थीको आत्मशक्ति बाट असंभव कार्य संभव हुन र **मानिस आफनो भाग्यको निर्माता स्वयं आफै हो** भन्ने उक्ति चरितार्थ हुन पुग्दछ ।

**आदित्य** : आजको नयाँ पुस्तामा प्रायः ईश्वर प्रति श्रद्धा र विश्वासको अभाव देखिन्छ । के ईश्वरको अस्तित्वको प्रत्यक्ष प्रमाण दिन सकिन्छ ?

यज्ञ गुरुलाई साँघुरो कुनामा बस्न असजिलो भइरहेको र उकुसमुकुस गर्दै अलि सजिलो गरी बस्न खोजीरहेकाले आदित्यको प्रश्नको उत्तर दिन किशोरले कुरा टिपे ।

**किशोर** : फेरी उही प्रश्न ? अहिले ईश्वरलाई झट्ट देखाउ भन्नासाथ कसैले पनि देखाउन सक्दैन किन भने ईश्वर तर्कको विषय होइन, अनुभूतिको विषय हो । अनुभूति गर्नका लागि हामीले दृश्य र अदृश्य देवी देवताहरुको सहारा लिन्छौं । सूर्य, चन्द्र, अग्नि, जल, रुख, पहाड, समुद्र, वनस्पति जस्ता दृश्यमान देवता र अन्य अदृश्य देवताको बारेमा शास्त्रहरुमा वर्णन छ । यद्धपि हिन्दुहरुमा यो वहुदेववादी विचारधारा र छुट्टा छुट्टै कइयौं सम्प्रदायले गर्दा हामी भ्रमित हुन्छौं ।

**आशुतोष** : ईश्वर र धर्मकर्मलाई बुझ्ने सरल भाषा छैन र ?

**किशोर** : छ, म बताउँछु । रामायण लगायत पुराणहरु तत् समयको समाजलाई सही बाटोमा हिँडाउनको लागि त्यसबेलाको आवश्यकतालाई ध्यानमा राखेर रचना गरिएका हुन् । यसकारण त्यसमा कथानकका साथ साथ आदर्श पनि सिउरिदै लगिएको छ । जबसम्म विज्ञानले यतिप्रगति गरेको थिएन तबसम्म पुराणहरु समाज हाँक्ने सशक्त माध्यम थिए । मानिसलाई जंगली पशु हुनबाट बचाएर सभ्यताको शिखर चढ्नमा मद्दत गरे । तर, आज समय बदली सकेकोले अबका भौतिकवादीहरुले ती कथाहरुलाई त्यति रसिला मान्दैनन् त्यसैले अहिलेको समयलेगर्दा धर्मलाई प्रत्यक्ष जाँच्ने र ईश्वरको बारेमा प्रमाण खोज्ने जिज्ञासा बढेको हो । हामीले जुन जनै लगाउँछौं त्यो धागो अर्थात सूत्र हो सूत्र भनेको ँयचकगबि हो र जनैको ग्रन्थी भनेको त्जचभमष्लन यसरी ईश्वरका प्रत्येक गतिविधि ईश्वरले स्वयं बनाएको ँयचकगबि बाट हुन्छ अर्थात ईश्वरीय विधि या नीति नै धर्म हो । हामी क्थकतभ्क देखि अलग नहोऔं र नीतिमा हिडौं भन्ने कुरा नबिर्सियोस्, हामी मिसगाइड नहोऔं त्यसकालागि जनै धारण गरिन्छ ।

३३ कोटि देवतालाई सरल भाषामा तत्वहरु भन्न सकिन्छ । यी तत्वहरुका बीचमा क्रिया अन्तरक्रिया अर्थात जोडिने र खुम्चिने र टुट्ने जुन निरन्तर प्रकृया चलिरहेको छ त्यसैलाई श्रृष्टि भन्नु पर्दछ । ब्रह्मा, विष्णु र महेश अयोनिज हुन् । अर्थात यिनी योनिबाट जन्मेका हैनन् । राम, कृष्ण, गान्धी, क्राइष्ट, बुद्ध आदि देवदूत या म्यासेन्जर हुन् । यिनी योनिज हुन् । यिनी मानव योनिवाट जन्मिएकाले यिनका विचारमा ९९ प्रतिशत शुद्धता हुन्छ । १ प्रतिशत समय परिस्थिति अनुसार कुनै अंश परिवर्तित हुन सक्दछ । सार्वदेशिक र सार्वकालिक नहुन सक्दछ । रामको आदर्श अर्थात बाटो र कृष्णको चरित्र मनन योग्य छ ।

यद्धपि यी दुवै चरित्र का गुणहरु अलग अलग छन् तर मानव जीवनकालागि दुवै नितान्त आवश्यक छन् ,यहाँ सम्म कि हिन्दू सनातन धर्मले त जीवनलाई श्रेष्ठ र उच्च स्तरमा पुर्याउनकालागि भौतिक, जैविक, मानसिक आदि सबै अवस्था र व्यवस्थाहरुलाई तिखार्नेक्रममा भारतमा अजन्ता , एलोरा गुफा र खजुराहो जस्ता कइयों मन्दिरहरुमा रहेका

मानिसका नग्न र मैथुनी मूर्तिहरुको समेत  साधनात्मक अवलोकन मनन र चिन्तन गर्ने बाटो देखाउंछ ।

**आशुतोष** : तर हामीले धर्म र विज्ञानमा प्रष्ट अन्तर देखि रहेका छौं ?

**किशोर :** पौराणिक विधि र प्रकृयावाट आजका मानिसलाई कुरा बुझाउन कठिन छ । यसकारण बैज्ञानिक तथ्यहरु प्रस्तुत गर्नु पर्दछ भन्ने कुरा ठीक हो तर हमेशा के स्मरण राख्नुपर्दछ भने विज्ञान अध्यात्मको परिपूरक हो र दुवैको गन्तव्य एउटै हो । ईश्वरलाई सूत्र को माध्यमबाट नै किञ्चित मात्रामा जान्न सकिन्छ तर पुरै कसैले पनि जान्न सक्दैन । गणितका सूत्र र विज्ञानका सूत्रहरु ईश्वरतर्फ बढ्ने खुट्किला हुन् ।

**कञ्चन** : भगवान र गणित ? यो कस्तो कुरा हो ?

त्यहाँ बसिरहेकाअरु मानिसहरुलेपनि आश्चर्य प्रकट गरे ।

# अध्याय -३
# वैज्ञानिक अध्यात्मवाद

विचार विमर्शमा एक छिन नीरवता छायो । सबैका मनमा हलचल चलि नै रहेको थियो । यज्ञ गुरुले कुरा बुझाउन खोजे ।

**यज्ञ गुरु** : मानव सभ्यताको विकास नदी झै प्रवाहित हुँदै आएको छ भने धर्म र विज्ञान नदीका डिल (तट) हुन् । नदीको प्रवाहको लागि दुवै डिलको आवश्कता हुन्छ । तर, आज हामी धर्म र विज्ञानका बीचमा द्वन्द्व पाउँछौं । प्रगतिशील बुद्धिजीवीहरुले आफूलाई विज्ञान मान्ने अर्थात प्रगतिशील र धर्म मान्नेलाई परम्परावादी भन्दछन् । विज्ञान अर्थात तर्कबुद्धिको प्रयोग । धर्म अर्थात अन्धविश्वास र शास्त्रीय खोक्रो सिद्धान्त मात्र । तर मेरो बुझाईमा वास्तवमा  धर्म र विज्ञानका बीच द्वन्द्व छैन ।

हाम्रो संस्कार,विचार र मान्यता जे छ हामी त्यही कुरा बोल्छौं र त्यस्तै काम गर्दछौं । तर जब संस्कार बिचार र मान्यतामा कुनै परिवर्तन आउंछ तब हामी आफनो Stand point (दृष्टिकोण).मा परिवर्तन पाउँछौं । उपनिषद्मा शौनक ऋषिको एउटा प्रश्नको उत्तरमा अंगिरा ऋषिले भन्नुभएको छ :

**"द्वै विद्ये वेदितव्ये इतिहस्म परा चैव अपरा च "**

अर्थात यौटा परा विद्या र अर्को अपरा विद्या हो । यी दुइ विद्यालाई बुझे पछि वास्तविकता थाह हुन सक्दछ ।

आजको भाषामा यी दुइ विद्या अपरा विद्या भनेको विज्ञान र परा विद्या भनेको धर्म हो । महर्षि अंगिराले यी दुवैलाई जान्नु पर्छ भनेका छन् ।

यस कारण हाम्रो पूर्विया समाजमा धर्म कहिल्यै पनि प्रयोग र प्रयोगशीलताको विरोधी रहेन । धर्ममा विज्ञान र विज्ञानमा धर्मका सूत्रहरुको प्रयोग र पालन हुँदै आएको छ । धार्मिक र वैज्ञानिक जस्तोसुकै सिद्धान्त भएपनि त्यसमा तर्क वितर्क र अनुसन्धान हुने गरेको छ । सधैं कसी लगाएर त्यसको उपयोगिता र सत्यको परीक्षण हुने गरेको छ ।

**रामजी** : तर यो दृष्टि विन्दु र दृष्टिकोणको कुरा ?

**यज्ञ गुरु** : हो अब म त्यता जान्छु ।  पश्चिममा आधुनिक युगको विज्ञानको विकास सोह्रौं शताब्दीमा शुरुवात भएको हो । त्यसबेला त्यहाँ दूइओटा पन्थ देखिए । एउटामा गणितका सूत्रलाई तार्किक ढंगले प्रस्तुत गरेर प्रयोग,परिक्षण, विश्लेषण र वर्गीकरणद्वारा सिद्धान्त निर्माण अर्थात सत्यमा पुग्न सकिन्छ भनियो । तर, अर्को पन्थमा "सम्पूर्ण" लाई बुझनको लागि त्यो सम्पूर्णलाई टुक्रा टुक्रा गर्दै अन्तमा सबभन्दा सानो टुक्रालाई बुझ्न सकियो भने सम्पूर्ण संसारलाई बुझ्न सकिन्छ भन्ने निष्कर्ष निकालियो ।

**गुञ्जन** : हाम्रो शास्त्रमा **"यथा पिण्डे तथा  ब्रह्माण्डे"** भनेको छ, त्यही हो कि गुरु ?

***यज्ञ गुरु*** : हो त्यस्तै हो । त्यसलाई यूरोपियनहरुले प्रयोग गरे । तर यो प्रयोगमा यस्ता तथ्य प्राप्त भए जुन कि परम्परागत ईसाई समाजको धर्म विरुद्ध थियो । बाइबलको Old Testament मा पृथ्वी केन्द्र हो र अरु ग्रहहरुले यसको परिक्रमा गर्दछन् भनिएको छ । तर, ग्यालिलियो र कापरनिक्सले यसको उल्टा कुरा गरे । फलस्वरुप धर्म र विज्ञानमा विरोध पैदा भयो । धर्मले विज्ञानको विकासलाई रोक्ने काम गर्न थाल्यो भनियो ।

ग्यालिलियो दृष्टिविहीन गराइए । जान केपलरले आफ्नो प्रतिभाले ७५० ग्रहको अध्ययन गरेर पृथ्वी जस्तै अन्य ग्रहहरु पनि छन् भनेकाले धार्मिक व्यक्तिहरुले तिनलाई लखेटे उनी भाग्दै प्राण बचाउँदै अन्तमा गरीबीमा प्राण त्यागे । टाइको ब्रुनोलाई जिउँदै जलाइयो ।

यसरी विज्ञानलाई धर्मले शत्रु मानेर लखेट्न थालेपछि यूरोपमा विज्ञानको झुकाव भौतिकतातर्फ हुन पुग्यो र विज्ञानले धर्मका सिद्धान्तहरु – पारलौकिकता, अतीन्द्रियता आदिलाई कल्पना भन्न थाल्यो । उसले प्रत्यक्ष प्रमाणलाई मात्र मान्यो र, यही भौतिकवादी धारा विज्ञानमा प्रवाहित भयो । विज्ञानको Stand Point बन्यो ।

कालान्तरमा भारत लगायत पूर्वी दुनियामा पनि अंग्रेजी नीति र शिक्षाको प्रसार भयो फलस्वरुप पूर्वी जगतको पाठ्यक्रम र मान्यतामा क्तबलम एयष्लत यूरोपिय हुन पुग्यो । परिणाम के भयो भने हाम्रो पूर्वीय दर्शन जहाँ कणादि जस्ता महर्षिले धर्म र विज्ञानलाई एक अर्काको सहयोगी र पूरक मान्दथे तथा प्राचीन कालमा लेखिएका धर्मग्रन्थहरुमा विज्ञानको विकासका साथसाथ हिडनकालागि प्रचलित धार्मिक मान्यताहरुमा शंशोधन र सुधारको रुपमा थुप्रै स्मृति र पुराणहरुको श्रृजना हुँदै आएकोले र विज्ञानलाई पनि लोक परलोक स्वार्थ र परमार्थ जस्ता क्षेत्रमा उतारेर धर्मसँग समन्वय गरिएकोले विज्ञान र धर्ममा कहिल्यै विरोध देखिएको थिएन भने यूरोपीय शिक्षा र मान्यताले अब नवशिक्षार्थीहरुलाई चकमन्न पारिदिएको छ र यहाँ पनि विज्ञान भौतिवादी धारामा बग्दै धर्मसँग टाढा हुन पुगेकोले अहिले ठूलो समस्या देखा पर्दछ ।

यसले गर्दा हामीकहाँ पनि अर्काको लहैलहैमा लागेर दुइओटा धारा देखा पर्दछन । एउटा त सर्वसाधारण व्यक्तिहरुको समूह जसको Stand Point पूर्विया छ । उसले धर्मलाई विकासको खुड्किलो मान्दछ । जीवनको अमूल्य तत्व ठान्दछ । तर, जसको Stand Point यूरोपिय छ त्यसको बुझाई मा धर्म विज्ञानको विरोधी हो । त्यसैले त साधारण मानिसहरुले अंग्रेजी शिक्षा पाएकालाई गैरधार्मिक ,बेधर्मी भन्ने गर्दछन् ।

त्यसैले मैले त जसको दृष्टि विन्दु जस्तो छ उसको दृष्टिकोण त्यही अनुरुप हुन्छ भन्छु । हिन्दूहरुको प्रयोगमा आइरहेको धर्म शव्द **"धृ"** धातुबाट बनेकोछ जस्को अर्थ हो धारण गर्नु । वेदमा **"अतो धर्माणि धारयेत"** भनिएको छ । अर्थात, आचरण र व्यवहारको त्यो नियम जो धारण गर्ने योग्य छ त्यो धर्म हो । यो बडो गम्भीर कुरा हो किनभने धारण गर्ने कुरा धारणासँग सम्बन्धित हुन्छ । धारणामा दुईओटा कुरा आउँछन् । एउटा अस्तित्वको रक्षा दोश्रो विकासको बाटो । यस कारण अस्तित्व रक्षा गर्दै सर्वांगीण विकास गर्ने नियम, प्रक्रिया र तरीका नै धर्म हो ।

**आदित्य** :–तर विकासको प्रत्यक्ष सम्बन्ध त विज्ञानसित छ र, विज्ञानले कण कणमा शक्तिको बास भन्दछ । ईश्वरको त कल्पना नै गर्दैन भने धर्म र विज्ञान एक अर्काका सहयोगी कसरी भए ?

**यज्ञ गुरु** : कुरा त त्यही यूरोपिय दृष्टिकोणकै हो । यसैलाई राम्ररी बुझ्नु पर्दछ । यूरोपमा जब विज्ञान विकसित हुन थाल्यो तब, त्यसमा अध्ययनका दुइओटा शैलीहरु देखा

परे । एउटा तरीका के भने संसारलाई खण्ड खण्ड गर्दै अन्तिम सानो खण्डको अध्ययन गरेर पुरै ब्रह्माण्डलाई बुझ्नु । दोश्रो तरीका यो हो कि यो संसारलाई समुच्चमा बुझ्नु । यो कुरा अघि भनि सकिएको छ ।

संसारलाई टुक्राएर हेर्नेहरुले यो संसार १०८ ओटा रासायनिक तत्वहरुवाट बनेको छ भने । तत्व भनेपछि सबभन्दा सानो इकाई हो । त्यसैले यो टुक्रन सक्दैन भने । तर पछि गएर वैज्ञानिकहरु तत्वको पनि खण्डीकरण गर्न सफल भए र सबैभन्दा सानो इकाईलाई एटम भने । यो एटम टुक्रन सक्दैन भन्ने सिद्धान्त स्थापित गरे । तर, एकदिन एटम पनि टुक्रियो र जसबाट ईलेक्ट्रोन देखियो । यो पनि टुक्रिन गई एउटा न्यूक्लियस छ भनियो र, न्यूक्लियसमा दुइओटा कणहरु छन् जसमा प्रोटोन र अर्को न्यूट्रोन हो । यसरी ईलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन अन्तिम सत्य हो भन्ने मान्यता स्थापित भयो तर केही समय पश्चात मेसोन, पायोन र हेड्रोन आदि कइयौं कणमा तत्वहरु विभाजित हुँदै आज लगभग २०० प्रकारका कणहरु विद्यमान हुन पुगेका छन् तर यसको अन्तिम छेउलाई पाउन सकिएको छैन ।

यहाँ सम्मको यात्रा त येनकेन चल्दै रह्यो तर इलेक्ट्रोनको जब अन्तिम शक्तिशाली गामा किरणको प्रयोग गरेर सत्य जान्ने प्रयास गरियो तब गामा र इलेक्ट्रोनको सम्पर्क हुनासाथ इलेक्ट्रोनको रुप परिवर्तित भएर अर्कै तत्वमा परिणत हुन पुग्यो । यसरी ईलेक्ट्रोनको वास्तविकता पत्ता लगाउन नसकिने विचित्रको कस्तो अवस्था देखियो भने गामा किरण पर्नासाथ जुन तत्वको बारेमा उनीहरु जान्न चाहन्थे त्यो तत्व नै परिवर्तित भइहाल्ने भएपछि कस्को बारेमा जान्ने ? यसरी विज्ञानमा द्वन्द्व खडा भयो र सत्यलाई जान्ने बाटो अवरुद्ध भयो । परिणामस्वरुप विज्ञानमा कार्य र कारणमा यौटा निश्चित सम्बन्ध हुन्छ भन्ने मान्यतामा प्रश्न चिन्ह लाग्यो र Theory of uncertainty आयो यस्तै staven Hawking सहित तीन जना वैज्ञानिकहरुले Theory of general relativity को सम्बन्धमा विश्लेषण गर्दै यो ब्रह्माण्ड Big Bang बाट उत्पन्न भएको भन्ने मान्यता राख्दथे तर हालै मात्र विश्व कै ठूलो वैज्ञानिक संस्था NASA ले उक्त कुरालाई गलत साबित गर्दै हिन्दू सनातन धर्म को सिद्धान्तलाई नै स्वीकार गर्दै यो ब्रह्माण्ड को आदि अन्त नभएको कुरालाई नै सत्य हो भनेको छ । यसबाट त त्यो विज्ञान जुन Deterministic थियो त्यस विज्ञानमा पनि अब अन्तिम नियम कुनै पनि रहेनछ भन्ने देखा पऱ्यो । विज्ञान भौंतारियो । चौबाटोमा उभिएको वटुवा देखियो । यो दिशाहीनताको कारण यो छ कि विज्ञानले आफूलाई भौतिकतासँग सीमित राख्यो । :बततभच र :ष्लम अलग अलग चीज हुन भन्ने यूरोपियन धारणा रह्यो । यी दुवैलाई जोडेर हेर्नेलाई या यसरी भनौं कि विज्ञानमा Consciousness(चेतना) को महत्व स्वीकार्नेलाई Unscientific (अवैज्ञानिक )भनियो । परिणामस्वरुप विज्ञानको यात्रा जारी त रह्यो तर सत्य खोज्न सकेन । आदित्य ! तिमिले आफूलाई विज्ञानको शिक्षक भन्यौ । त्यसैले यो कुरालाई अझ राम्ररी बुझ । विज्ञानले मन र चेतनालाई आफूदेखि अलग गरेपछि मानव जीवनको कोमल पक्ष नै तिरोहित हुन पुग्यो ।

मानवलाई Matter या ढुंगा झै अध्ययन गरियो । त्यसैले डार्बिनले Matter लाई केन्द्रमा राखेर जीवशास्त्रमा अनुसन्धान गरे र, Servival is the fittest (**जो समर्थ छ त्यो जीवित रहन्छ** ) भने । अर्थात अर्कालाई मारेर भएपनि आफू बाँच्न सक्नु पर्दछ भन्ने सिद्धान्त आयो । यसलाई मार्क्सले सामाजिक परिवर्तन र माल्थसले अर्थशास्त्रमा प्रयोग गरे । फलस्वरुप अधिकाधिक धन आर्जन गर्ने सिद्धान्त आयो । जसले शोषणलाई प्रोत्साहन दियो । यी सम्पूर्ण कुराका पछाडी "मेकानिकल वर्ल्ड र त्यसमाथी विजय प्राप्तीको अवधारणा हो ।"

अब हामी पूर्वी चिन्तनलाई हेरौं । यहाँ धेरै वर्ष पहिले नै महर्षि कणादले यो संसार परमाणुबाट बनेको हो भनेका थिए । उनले त पृथ्वी, जल, तेज, वायु, आकाश, मन, जीवात्मा, देश र काल पनि जड हुन् द्रव्य हुन भने । अझ थप प्रमाण हेरौं –

**वृष्णस्ते वृष्ण्यं शवो वृषा वनम् वृषा मद: ।**
**सत्यं वृषन् वृषेदसि ॥**

**ऋ.भाग ४।६४।८।१८०।२**

हे सोमदेव तपाईको बल वर्षणशील छ ।

( प्रकृतिको प्लाजमाको अध्ययन गर्ने वैज्ञानिकहरुले पनि आज यस कुरालाई मानीसकेका छन् कि यस भूमण्डलमाथि सूक्ष्म उर्जारुप कणहरुको वर्षा भैरहेको छ ।)

**हिरण्यगर्भं परममनत्युद्यं जना विदु: ।**
**स्कम्भस्तदग्रे प्रासिञ्चद्धिरण्यं लोके अन्तरा ॥**

**अथ ८.।७।२८६५।२८**

( सामान्यतया परम हिरण्यगर्भलाई अवर्णनीय मानिन्छ । यसलाई स्कम्भ अर्थात आदि सनातन देवता ले यस लोकमा प्रसिंचित गरेका थिए । हिरण्यगर्भ माने श्रृष्टिको मूल उत्पादक प्रवाह जो परम आकाश बाट उत्पन्न भएको छ । वेदमा उल्लेखित यो मूल तत्वलाई पदार्थ वैज्ञानिकहरुले आज सम्म खोज्न सकेका छैनन् ।)

यो यति ठूलो कुरा हो कि जहाँसम्म आज पनि पश्चिमी विज्ञान पुग्न सकेको छैन ।

आइन्सटाइनले हामीले अन्तिम सत्यमा पुग्नलाई मन र बुद्धिको प्रयोग गर्नु पर्ने हुन्छ तर यी दुवै त देश र कालको सीमामा बाँधिएका हुन्छन् तसर्थ मन र बुद्धि देखि पार जानु पर्दछ अर्थात भौतिकताको सीमालाई पनि नाघेर हाम फालेर पार गरेर जानु पर्दछ भनेका छन् ।

तर पूर्वी दर्शनमा त सत्य सँग साक्षात्कार गर्नलाई बाहिरको खोजी बन्द गरेर आफूभित्र नै प्रवेश गर्नु पर्दछ ,अन्तरमुखी हुनु पर्दछ भनिएकै छ । जुन शुरुमा १०८ तत्वको कुरा आएको छ त्यो पनि त हाम्रो मालामा १०८ वटा दाना रहन्छन् र ईलेक्ट्रोन, न्युट्रोन, प्रोटोन अर्थात उत्पत्तिकर्ता , संचालक र नष्टकर्ता (ब्रह्मा, विष्णु, महेश) भन्ने हाम्रो प्राचीन धारणा मननीय छ । पश्चिमी विज्ञानले कणहरुको सत्यमा पुग्न नसकेपछि "कणहरु समूहमा व्यवहार गर्दछन्, र जब समूहमा काम हुन्छ तब उर्जाको श्रृजना हुन्छ" भन्यो र अन्तमा सम्पूर्ण उर्जालाई ३ खण्डमा विभाजन हुन सक्ने बतायो ।

1. Electromagnetic Force
2. Gravitational Force
3. Nuclear :-
   (A)Strong Interaction (B) Weak Interaction

यो सबैलाइ जोडेपछि यौटा महाशक्ति उत्पन्न हुन्छ भनियो तर यो भन्दा धेरै पहिले नै पौराणिक कालमा पूर्वीया ऋषि महर्षिहरुले सम्पूर्ण विश्व उर्जालाई ९ खण्डमा वर्गीकरण गरेर अन्तमा **“संघे शक्ति”** को अवधारणा त ल्याएकै थिए , जसलाई धार्मिक भाषामा हामीले **“नवदुर्गा”** भन्दछौं । अब पश्चिमा वैज्ञानिक र आध्यात्मिक चिन्तकहरुको गल्ती र पूर्वीया ऋषिहरुको बुद्धिमत्ता त स्पष्ट भयो होला ?

यसरी भौतिकता र अध्यात्मिकता दुइओटैको समन्वित विकास हुनु पर्दछ । समग्र विकास यही नै हो । यसकालागि जीवनमा आचरणलाई सुव्यवस्थित गर्नु पर्दछ । आचरण शुद्ध नभएसम्म समग्रतामा प्रवेश नै हुन सक्दैन । जस्तै रसभरी मिठाई बनाउने तरीका पुस्तकमा लेखिएको छ भने पुस्तकलाई निचोरेर रसभरी त फेला पर्दैन । त्यसैले **“आचार प्रथमो धर्मः”** भनिएको छ । धर्म भनेको प्राणी मात्र होइन,सम्पूर्ण श्रृष्टिको समन्वयात्मक विकास र समृद्धिको व्यवहारिक दर्शन हो । संत हरिदासले त आफनो शिष्य तानसेन संग **धर्म मृत्युको विधिबाट जीवनलाई प्राप्त गर्ने द्धार हो** भनेका थिए ।

तर अँग्रेजी शव्द religion भनेको कुनै यौटा बाटो (path) लाई रियलाइज गर्नु अर्थात मान्नु या स्वीकार गर्नु हो र जहाँ मान्यता को कुरा हुन्छ, त्यहाँ ऐच्छिकता को कुरा जोडिन्छ,अर्थात माने पनि भयो नमाने पनि भयो । यस कारण रिलीजन शव्दले धर्म शव्दको समग्र भावलाई समेट्न सक्दैन । **धर्म शव्दको पूर्ण भाव व्यक्त गर्ने शव्द अँग्रेजी भाषामा छँदै छैन** । religion शव्द वहाँहरुको परिवेशमा जन्मेको हो । तर जसलाई धर्म भनियो र **यो शव्द संस्कृत भाषा को हो** यस कारण यसलाई यद्धपि हिन्दू संग जोडियो तर यो मानिसको उच्च जीवन पद्धति हो र शास्वत छ,यसको अर्थ बहुतै व्यापक छ । यस कारण अधार्मिक त संसारमा कोई छँदैछैन । नास्तिकले पनि धर्मका शाश्वत सिद्धान्त देखि आफूलाई अलग गर्न सक्दैन । भोजन गर्नु, पानी खानु , सुत्नु , मलमूत्र विसर्जन गर्नु, मौसम अनुसार लुगा लगाउनु अर्थात शरीरको पालन पोषण र सुरक्षा पनि धर्मै त हो । यसरी थोरै धेरै धार्मिक त जोकोई पनि हुन्छ नै । त्यस पछिमात्र कुनै सम्प्रदाय या पंथलाई स्वीकार्ने कुरा आउंछ । त्यस कारण संस्कृतमा धर्म भनिएको शव्द संग त सबै अनिवार्यता प्राकृतिक रुपमै जोडिएकै छन् र धर्म सबैको यौटै हो –“मानवोचित व्यवहार” । पंथ मात्र फरक हुन्छ । । यस सनातन **धर्मको सम्बन्ध मन्दिर , मस्जिद , गुरुद्वारा र चर्चसम्म मात्र छैन कि यसको सम्बन्ध त मानिस, समाज, सृष्टि र सम्पूर्ण विश्वको सकारात्मक विकास संग गाँसिएको छ** ।

यसरी हेर्दा त विज्ञान धर्म भित्रै रहेको, धर्मकै अंगको रुपमा देखा पर्दछ । अनि त धर्म र विज्ञानमा विरोध कहाँ रह्यो ? यी त शरीर र अंगका रुपमा रहेका छन् । **जीवन जीउने कला अर्थात विधि र नीति नै धर्म हो । धर्म निरपेक्ष (secular) त राज्य हुनै सक्दैन , राज्य मात्र होइन ,कोही धर्मनिरपेक्ष हुनै सक्दैन । साँच्चै भन्ने हो भने त (secular) को पर्यायवाची "धर्म निरपेक्षता " हुनै सक्दैन । यो त शब्द नै गलत हो । यो कुरा राम्ररी बुझ्नु पर्दछ कि नदी, पहाड,वन,वृक्ष,पशु,पक्षी,कीरा ,फटेंग्रा कोई पनि धर्मनिरपेक्ष छैनन् भने राज्यको पनि यौटा धर्म हुन्छ । राज्य को आफनै स्वरुप र जनताको जीवन रक्षा तथा भौतिक,मानसिक,आत्मिक र नैतिक उन्नतिमा सहयोग गर्नु राज्यको धर्म हो तसर्थ राज्य धर्मनिरपेक्ष त हुनै सक्दैन । कुनै पूर्ण पागल व्यक्तिलाई मात्र केही मात्रामा धर्म निरपेक्ष भन्न सकिन्छ होला । यूरोपमा,विशेषतया रोममा, धर्म सत्ता र राज्यसत्ताका बीचमा बाह्रौं शताब्दी देखि चलेको करीब ३०० वर्ष लामो द्धन्दमा राज्यसत्तालाई पोपको धर्मसत्ताको निरंकुश नियंत्रण र स्वेक्षाचारिताबाट मुक्त गर्नकालागि यो शव्द विकसित भएको हो । अन्यत्र जहाँ त्यस्तो परिस्थिति छैन,त्यहाँ यो शव्द को प्रयोग नै हुन सक्दैन । धर्म को अर्थ थाह नपाएका र पंथलाई नै धर्म भन्नेहरुले यसतो गल्ती गर्दछन् । हो राज्यलाई पंथ निरपेक्ष सम्म बनाउने प्रयाश गर्न सकिन्छ ।**

वेदमा " **विष्णोः कर्माणि पश्यत यतो व्रतानि पस्यशे । इन्द्रस्य युज्यः सखा"** भनिएको छ । (कुनै धार्मिक ग्रन्थ वा वेद मन्त्रलाई सुगा जस्तै घोकेर कुनै लाभ हुन सक्दैन । हामीले ती नियमहरुलाई जीवनमा धारण गर्नु पर्दछ )

**आदित्य :–**विज्ञान किनकि भौतिकवाद तर्फ नै उन्मुख छ र भौतिकवादले व्यक्तिगत सुखलाई महत्व दिन्छ , यस कारण व्यक्तिगत सुखको गुण दोष के हो ? सुखको सम्बन्धमा श्रेष्ठ धारणा के हो ? विज्ञानसम्मत सुख के हो ?

**रामजी :–** सुखलाई वैज्ञानिक र अवैज्ञानिक भन्न मिल्दैन । यो सामाजिक विषय हो जसको सम्बन्ध मानवीय भावना संग छ र यो लोक परलोक को चिन्तनको विषय पनि हो । यो नितान्त गूढ विषय हो । सुख र दुख मनको अनुभूति हो । यस विषयमा यद्वपि सबैका आ–आफना सोच र परिभाषा हुनसक्दछन् तर यसको शाश्वत अर्थ पनि छ । सुखलाई भौतिक , मानसिक र आत्मिक अथवा आध्यात्मिक तीन श्रेणीमा विभाजित गर्न सकिन्छ । मानिसको जीवनलाई सरल र सुन्दर बनाउने साधनहरुको प्राप्तिलाई भौतिक सुख भनिन्छ । इच्छा अनुसारको घर जग्गा, जागीर,धन, सम्पदा, सवारी साधन ,भोजन,वस्त्र,मनोरंजनका सामग्री आदि । मानसिक सुख भनेको स्त्री, संतान र नातेदारहरुको प्राप्ति तथा भेटघाट,पर्यटन भ्रमण आदि र आध्यात्मिक सुख को अर्थ चित्त शान्त र संतुष्ट हुने प्रकृतिका कामहरु । यी सबै प्रकारका प्राप्तव्यहरु सुख हुन् ।

**आदित्य :–** सबै सुख एक समान त हुंदैनन् । अनि इनको मात्रा र गुणवत्ता कसरी छुट्याउन सकिन्छ ?

**रामजी :–**मैले पहिले नै भनि सकें कि सुख यौटा अनुभूति हो । यस कारण यसको मात्रा फरक फरक नै हुन्छ साथै अलग अलग किसिमका सुखको स्तर यौटै पनि हुन सक्दछ । उदाहरण हेरौं–

**१।** एक जना प्रौढ व्यक्ति छन् ,धन धान्य,विद्या बुद्धि,पत्नी पुत्र पौत्रादिले भरिपूर्ण परिवार छ ।तर केही वर्ष देखि पत्नी असाध्य रोगले पीडित छिन् । पतिले पत्नीको प्रेम, सेवा र सहयोग देखि वन्चित भएपछि यौटी अर्की पति परित्यक्ता र समाजमा अवहेलित, पीडित, दुखी अवस्थामा रहेकी युवती संग प्रेम प्रसंग शुरु गर्छन् । परिवार इष्ट मित्र समाज र राज्य सबैले यो कुरालाई गलत भन्छन् तर , तर तिनले चार दिनको जिन्दगी हो र भरपूर सुख लिन सकिने अवसर छँदाछदै यो सुख देखि वंचित रहनु बुद्धिमानी होइन भन्छन् । साथै समाजमा अवहेलित र दुखी स्त्रीलाई सहारा,प्रेम र प्रतिष्ठा दिनु त मानवीय सेवा, सहयोग र पुण्यको काम हो । तसर्थ तिनकै घर डेरामा गएर आफू तृप्त भएर सुखी हुनु गलत होइन ।यस्मा कसैको हानि छैन, यस कारण यो पाप पनि होइन । हिंसा नगरेर सुख प्राप्त गर्नु उचित कर्म हो भन्ने उनको तर्क छ ।

**२ ।** एकजना हिन्दू पुरोहित परिवारका चार जना छोराहरु मध्ये एक जना साकाहारी र तीन जना मांसाहारी भएकाले पुरोहित पत्नीले भिन्ना भिन्नै आचरण भएमा दाजुभाईहरुमा मेलमिलाप कायम नरहन सक्दछ भन्ने कुरा विचार गरि मेरो जीवनको अन्तिम इच्छा हो तिमी पनि मासु खाने गर , मासु खाएरै मेलमिलाप दिगो रहन सक्दछ भनि शाकाहारी छोरालाई भन्छिन् । यसबाट मेरो मन ढुक्क हुन्छ र अन्तिम अवस्था सुखी हुन्छ भन्छिन् ।

३ । यौटा संस्कारी परिवारको नवयुवकले गैर वर्ण,सम्प्रदाय र भिन्नै सामाजिक स्थितिकी युवती संग विवाह गरेर सुख पाउन चाहन्छ । यद्वपि दुवैजनाका आमा बाबु,परिवार,कुटुम्ब र समाजले कसैले पनि यो सम्बन्धलाई राम्रो मान्दैन । आमा बाबुले छोराको यो चाहनाले घोर दुख,अपमान,मानसिक कष्ट पाउने सामाजिक परिवेश छ र दुवै तिरका इष्ट मित्र र सम्बन्धीहरुले पनि चिन्ता र दुख प्राप्त हुने अवस्था छ ।

**४ ।** बुढेसकालमा एकमात्र संतान छोरा पाएका दम्पतिले आफू चाँडै मर्ने पीरले नाबालक छोराको विवाह गर्न चाहन्छन् । उनीहरुले आफनो जीवनकालमा छोराको विवाह हेर्न पाउने भन्ने लोभ र अर्को तिर विवाहबाट उस्का ससुराली उस्को संरक्षक हुने आशाले उनीहरुको जीवनको अन्तिम समयमा ढुक्क भएर देह त्याग गर्दा सुख हुने विश्वास लिएका छन् । जबकि बालविवाह राज्य र सभ्य समाजले मन पराउँदैन ।

यी चारवटा उदाहरणमा भिन्ना भिन्नै किसिमका कामहरुबाट चारैजना सुख खोजनेहरुलाई भरपूर सुख प्राप्त हुने कुरा छ । तर चारैवटा कामलाई समाजिक मान्यता प्राप्त छैन । अब यदि परिवार र गाउँ समाजको कुरा मान्ने हो भने यी चारै जनालाई मानसिक दुख प्राप्त हुने भयो । यो अवस्थामा घर परिवार ,आमा बाबु र समाज एकातिर छ भने अर्को तिर एक । दुइ जनाको सुख । कसको सुखलाई प्राथमिकतामा राख्ने ?

व्यक्तिवादी विचारक र समर्थकहरुले व्यक्तिगत सुखलाई प्राथमिकता दिन्छन् होला , जहाँ व्यक्तिको परिवेश, संस्कार र आवश्यकताले सुखको आकाँक्षालाई मर्यादित गर्दछ भन्ने सामान्य धारणा छ त्यहाँ सुख प्राप्तिलाई जीवनको शौर्य ,लक्ष्य र उपलब्धि मानिन्छ ।

**आशु :–** सुखको यो मान्यताले त व्यक्तिले जसरी भएपनि अर्थात अरुलाई दुखित गराएर भएपनि सुख प्राप्त गर्नु पर्दछ भन्ने हो भने त हिंसा र अराजकता होला नि ?

**रामजी :–** हो ठीक हो यो व्यक्तिवादी धारणाले हिंसालाई प्रश्रय दिन्छ जसको परिणाम अराजकता हुन्छ । यस कारण मेरो विचारमा उपर्युक्त पहिला,दोश्रा र तेश्रा को सुखको आधार त उनीहरुकैलागी पनि नितान्त भ्रमपूर्ण छन् । उनीहरुले भनेका कुराहरू त सुख हुदै होइनन् । मनको दौड र इन्द्रियहरुको भ्रम मात्र हो । विवेक हराएको अवस्था हो । किनकि यस्ता भनाउँदा सुखहरु स्थाई हुँदैनन् । यसबाट घर परिवार, आमा बाबु वा संतान प्रति गैरजिम्मेवारीपूर्ण व्यवहारलेगर्दा उनीहरुको दुख र मानसिक पीडाले अझ पापपूर्ण अवस्थाको श्रृजना गर्दछ जसबाट झन् अपयश हुन्छ र अपयश यति खराब हुन्छ कि यस बारेमा यौटा उखान छ –"बद अच्छा बदनाम बुरा " अर्थात कसैले थाह पाएको छैन भने त खराब भएर पनि त्यति बिगार गर्दैन तर कसैको काम असल खराब जे भएपनि समाजले खराब भन्छ र बदनाम गर्छ भने त सब भन्दा ठूलो अभिशाप नै हुन्छ । पछि आफनो आत्माले आफैलाई धिक्कार छ तब गल्ती सुधार्ने कुनै ठाउँ बाँकी रहदैन । क्षणिक सुखले गर्दा आजीवन मानसिक तनाव हुन्छ र जीवन नर्क बन्न पुग्दछ र पछि सम्म पुस्ता दर पुस्ता यो सुखको दुष्परिणाम भोग्नु पर्ने अवस्था आउने प्रबल सम्भावना हुन्छ ।

**आशु :–** अनि चौथो ? त्यो दम्पति ?

**रामजी :–** ती वृद्ध दम्पतिको इच्छालाई "आवश्यकताको सिद्धान्त" ले समर्थन गर्न सक्दछ ।

तर यसमा समय,स्थान,परिवार, परिस्थिति ,परिवेश, सामाजिक मान्यता र अनाथ बालबालिकाकोलागि राज्यबाट हुन सक्ने प्रबन्ध आदि धेरै कुराहरुको व्यवहारिक र वस्तुगत अध्ययनबाट मात्र कुनै निष्कर्षमा पुग्न सकिन्छ । तर यौटा कुरा के भने ती दम्पतिको सुखको इच्छाले मात्र नाबालकको विवाह औचित्यपूर्ण हुन सक्दैन तर यदि नाबालकको हित र सुरक्षा पनि यसमा अनिवार्यतया गाँसिएको छ भने यस विवाहलाई बल मिल्छ ।

**आदित्यः–** त्यसो हुनाले आनन्दित हुने जीवनसूत्र सुनिश्चित छैन ?

**रामजी :–** सुखको चर्चा हुँदाहुँदै आनन्द कहाँबाट आई पुग्यो ? यी दुवै त अलग अलग कुरा हुन् । सुख भौतिकवादीहरुको अन्तिम लक्ष्य हुन्छ । यसको सम्बन्ध प्रायः भोगवादी संस्कृति संग हुन्छ । जसरी दिनको उल्टो रात,धनीको उल्टो गरीब,निरोगीको उल्टो रोगी,सुमार्गको उल्टो कुमार्ग हुन्छ त्यस्तै सुखको उल्टो दुख हुन्छ । अर्थात एक अवस्था पछि अर्को अवस्था आउनु स्वाभाविक हुन्छ । तसर्थ सुख चिरस्थायी हुन सक्दैन । तर आनन्दको उल्टो केही छँदैछैन । अर्थात यो यस्तो अवस्था हो जहाँ पुगेपछि पूर्ण तृप्ति र शान्ति मात्र हुन्छ । भक्ति, ज्ञान र कर्म जुनसुकै मार्गबाट परमानन्दमा पुग्न सकिन्छ **। परमानन्द अर्थात**

**ब्रह्म,अर्थात भगवान । गीता,भागवत र वेदमा पनि भगवान को प्राप्तिमा मात्र परमानन्द हुन्छ भनेको छ** तर यो अवस्था सिद्धिको अवस्था हुन्छ । मोक्षको अवस्था हुन्छ । तसर्थ आनन्द अध्यात्मवादको अन्तिम लक्ष्य हुन्छ । ईश्वरलाई सद्‌चित्‌आनन्द भनिन्छ र भगवान अंशी तथा आत्मा भगवानको अंश हो, यस कारण आत्मा पनि हर हमेशा आनन्द मा नै रहन खोज्छ तर क्रोध,मोह र लोभ अर्थात मायाले यसलाई छोपी रहन्छ र मानिस आनन्द प्राप्ति देखि वंचित भै रहेको हुन्छ ।

**आदित्य :–**अनि सुख प्राप्त हुने साधन र तरीका के हो ?

**रामजी :–** गौतम बुद्धले उत्तम र सात्विक विचार सुख प्राप्ति को साधन हो भनेका छन् । इमर्शनले चरित्र बिनाको सफलता टिक्दैन भनेका छन् । हामीले पनि जीवनमा पवित्रता हुनु पर्दछ भन्दछौं ,अर्थात नैतिकता भन्दा ठूलो “मानवीय इच्छा” हुन सक्दैन । तृष्णा र आशक्तिबाट मुक्ति नभए सम्म आत्मिक सुख प्राप्त हुन सक्दैन । त्यसैले त मैले तीन जना ले चाहेको सुखलाई सुखको श्रेणीमा राखिन । ती तीनै जनाको इच्छामा न त चरित्र बल छ, र न त पवित्रता नै छ । त्यहाँ त तृष्णा र आशक्ति छ । खास बुझ्नु पर्ने कुरा यो हो कि व्यक्तिले पवित्रताको अभ्यास र नैतिकताको साधना जुन मात्रामा गरेको हुन्छ र नैतिक चेतनाको स्तर जस्तो विकसित भएको हुन्छ, त्यसले त्यही आधारमा सुखको खोजी गर्दछ र आफनो खोज अर्थात मनको तरंगलाई औचित्यपूर्ण र न्यायसंगत भन्दछ । तर जब अरुको आँखाबाट त्यस सुखको मूल्यांकन गरिन्छ , तब त्यसका साथमा यदि व्यक्तिगत तृष्णा ,लोभ, मोह र आशक्ति रहेछ भने अर्काको दृष्टिमा त्यो सुखलाई दुष्कर्म अथवा पाप  भनिन्छ ।

अरुको शरीर,मन, धन र मस्तिष्कमा क्षति ,दुख,कष्ट र मानसिक संताप हुने गरी सुख प्राप्त गर्नु ठूलो पाप हो । अर्थात हिंसामा आधारित सुख अधर्म हो र ठूलो दुखको श्रोत हो । अरुको मान अपमान र सुख दुखको विचार नगरेर आफनो मनको तरंगलाई सुखमा परिणत गर्न खोज्नु एक किसिमले सामाजिक अपराध नै हो । यस कारण सुखको चाहना गर्नेले सर्वप्रथम त्यागको साधना र नैतिक चरित्रका साथै जीवनमा पवित्रता र सत्कर्मलाई अंगीकार गरेकै हुनु पर्दछ ।अनि मात्र परिणाम सुखदाई हुन सक्दछ । सरल भाषामा भन्ने हो भने प्रतिफलको कामना नगरेर  अर्थात निस्वार्थ भावले आफनो तन मन धनले मनसा, वाचा, कर्मणा अरुको सेवा गर्नु ,अरुलाई सुखी बनाउनु र त्याग गर्नाले सच्चा र दिगो सुख प्राप्त हुन्छ । त्यागको प्रतिफल सुख हो । अरुको सेवा गरेपछि प्राप्त हुने सुख भन्दा ठूलो कुनै सुख हुनै सक्दैन । आफूसंग भएको चीज वस्तु र इच्छापूर्तिमा आशक्ति नराख्नु सुख हो ।

लक्ष्मी प्रसाद देवकोटाले लेख्नु भएको छ –

**खोज्छन् सबै सुख भनि सुख त्यो कहाँ छ ?**
**आफू मिटाई अरुलाई दिनु जहाँ छ ।**

सुख प्राप्तीका दुइवटा थप सूत्रहरु छन् ।

१, आफनो समाज र जहाँ बसोबास छ त्यो समाजको नियम, प्रचलन,मान्यता र मर्यादाको उलंघन नगर्नु ।

२,भूतकालको स्मरण राख्नु र भविष्यकोलागि सतर्कतापूर्ण योजना बनाउनु तर ई दुवै काल प्रति चिन्ता नगरेर वर्तमानमा बाँच्नु । वर्तमानको भरपूर उपयोग गर्नु । Persent time is the most importent time हमेशा याद राख्नु ।

**आशु :–** सेवामा जीवन बिताउने ठूलठूला त्याग गरेका संत प्रकृतिका व्यक्ति पनि त दुखी **र पीडित देखिन्छन् । किन ?**

**रामजी :–** कारण शरीरका साथमा पूर्व प्रारब्ध असल खराब कर्म यो जुनीमा सर्दै आएको हुन्छ । खराब कर्मको फल भोगको समय परेको रहेछ भने भौतिक दुख प्राप्त हुन सक्दछ । तर राम्रो कर्मको लगानी खेर जाँदैन । त्यसले दुखको समयमा पनि आत्मबल र आत्मिक सुख दिइ रहेकै हुन्छ ।

**आदित्य :–** धर्म र अध्यात्मका बीचमा मुख्य फरक के छ त गुरु ?

**यज्ञ गुरु** :–धार्मिकताको आधारमा हेर्ने हो भने संसारमा तीन किसिमका मानिस छन् । यौटा त त्यो जो आफनो काम व्यवसायमा तल्लीन रहन्छ , पापदेखि डराउंछ र जसले पापमोचन रआत्मशुद्धिकोलागिकेहीसमयनिकालेरदैनिकअथवायदाकदाभजन,पूजन,आरती,देवदर्शन,दान,पुण य,टीका,चन्दन,माला,कण्ठी आदि साधन र कर्मकाण्डीय कृत्यहरु गर्दछ ।

दोश्रो त्यो मानिस हो जसलाई यी भगवान र धर्म भनिने काम, नैतिकता, परोपकार र अर्काको हितलाई प्रार्थमिकता आदि कुनै कुराको मतलब हुंदैन आफनो भगवान ऊ आफै हुन्छ , अर्थात आफनो हित आफनो सुख र संसार । यावत जीवेत सुखम् जीवेत् । ऋणम् कृत्वा घृतम् पीवेत् भन्ने चार्वाक को दर्शन मा जीवन बिताउंछ । यसलाई पूर्णतया भोगवादी र भौतिकवादी या नास्तिक भन्न सकिन्छ ।

तेश्रो त्यस्तो व्यक्ति हो जसकोलागी कर्मकाण्ड महत्वपूर्ण हुदैन, मन्दिर,देवालय र मूर्ति आदि कुनै प्रतीक चिन्हको आवश्यकता हुंदैन ,कुनै पंथ या सम्प्रदाय विशेषलाई नै धर्मको प्रमुख बाटो ठान्दैन,उसले धर्मको यसतो घेरा भन्दा आफूलाई फराकिलो पारीसकेको हुन्छ , उसले लोक परलोक, स्वर्ग, नर्क, भगवान र देवी देवता न मान्न सक्दछ, अर्थात हाम्रो दृष्टिमा ऊ नास्तिक देखा पर्न सक्दछ,तर यदि उसले दया,क्षमा,प्रेम, परोपकार र सेवालाई जीवनको अनिवार्य अंग बनााएको छ र अर्काको हितलाई नै आफनो हित, अर्काको सुखमा सुखी र अर्काको दुखमा आफू दुखी हुने जसको स्वभाव नै बनी सकेको छ ,जसको आत्मा निष्पक्ष निष्पाप र निष्कलंक छ , त्यो व्यक्ति अध्यात्मिक हो । ऊ नास्तिक र भौतिकवादी पनि हुन सक्दछ तर ऊ नै ईश्वरको सब भन्दा नजीक हुन्छ । यसरी अध्यात्म

भनेको व्यक्तिको आचरणको पवित्रता र आत्मिक शुद्धताको उच्च अवस्था हो । वास्तवमा मानव जीवनको सार्थकताको अवस्था हो ।

**आदित्य** :–यसरी त धर्म, कर्म, नैतिकता त्यागेर पापमय जीवन बिताई रहेको मानिसले पनि त आफुलाई अध्यात्मिक भन्न सक्दछ । अनि त समाज भ्रष्ट हुन्छ, पतनमा जान्छ ?

**यज्ञ गुरु** :– यो खतरा त छ , तर आध्यात्मिक व्यक्तिको गुण र पवित्रता टाढैबाट देखिने गर्दछ । यसमा आडम्बर या पाखण्डलाई ठाउं नै हुंदैन । व्यक्ति को दिनचर्या , जीवनशैली,आचरण र व्यवहारले नै अध्यात्मलाई प्रमाणित गर्दछ । यसतो व्यक्तिको व्यक्तित्वबाट सुगंध फैलिरहेको हुन्छ ,सत्य र अहिंसा को प्रकाशमा ऊ प्रकाशित भैरहेको हुन्छ ।

---

# अध्याय : ४
# जड चेतनको भेद

**आशु** : यो संसारमा जड र चेतन भनेर भेद गर्दछन् । यसको वास्तविकता के हो ?

**यज्ञ गुरु** : यस कुरालाई अब म अर्कै तरीकाले बुझाउँदैछु । यो सम्पूर्ण ब्रह्माण्ड दुइओटा शक्तिको सत्ताले ढाकिएको छ । एउटा दृश्यमान पदार्थ र वस्तुहरु अर्थात जड र अर्को चेतन । जडलाई प्रकृति अर्थात स्त्री र चेतनलाई पुरुष भनिन्छ । जड स्थूल र चेतन सूक्ष्म । उदाहरणकालागि हाम्रो शरीर । यसलाई जड भनौं तर यसभित्र एउटा चेतना छ । चेतनाले सोच विचार र निर्णय गर्ने काम गर्दछ । यी दुइओटाको योगबाट नै हामी जीवित रहन्छौं । चेतन तत्व जडबाट अलग हुनासाथ जड कुहिन थाल्दछ र शरीर जुन जुन तत्वबाट बनेको छ त्यसै मूल तत्वमा परिणत हुन थाल्दछ अर्थात आत्माविनाको शरीर व्यर्थ वस्तु हुन पुग्दछ । यस्तै आत्माले अदृश्य जगतमा आफ्नो अस्तित्व बनाई राख्न संभव त होला तर शरीरको अभावमा उसले कुनै काम गर्न सक्दैन । यसरी यी दुवै एक अर्काका पुरक हुन् । यसको तात्पर्य यो हो कि जड र चेतनको समन्वयबाट नै कुनै सार्थक स्थिति पैदा हुन सक्दछ । विश्व ब्रह्माण्ड पनि यस्तै हो । ब्रह्माण्डमा रहेका सम्पूर्ण जड पदार्थहरु,सूर्य चन्द्रमा, तारा, ग्रह, नक्षत्र, वन, जंगल, पहाड, नदी, हावा, पानी, आगो, उर्जा, सर्दी, गर्मी, ताप सबैमा एउटा विशाल चेतन तत्वले नढाकेको भए यी चीज वस्तुहरुको न त निर्माण हुन सक्दथ्यो र न त यो रुपमा रही रहने थिए । यी त अनन्त टुक्रा, अझ भनौं धूलो पीठो भएर अनन्त आकाशमा छरिन पुग्ने थिए । यस्तो अवस्थालाई शब्दमा वर्णन गर्न सकिदैन र कल्पनामा पनि ल्याउन कठिन नै हुन्छ ।

हिन्दू दर्शनमा जड जस्तो देखिने गोबरमा गौरी र ढुंगामा महादेव,पृथ्वी, आकाश,जल (वरुण),वायु,सूर्य, चन्द्र, ग्रह, नक्षत्र,तारा । घस्रिने जीव –सर्प,चरामा –गरुड र काग,पशुमा –कुकुर र गाई गोरुको पूजा गरेर ई सबै ईश्वरका विविध रुप हुन्, इनमा चेतना र शक्ति छ र ई सबै किसिमका रुपहरु को अन्तरनिर्भरता अर्थात Ecosystem लाई प्रमाणित गरिएको छ ।

**आदित्य** : प्रकृति अर्थात पदार्थ जगत स्वयंमा कत्तिको शक्तिशाली र उर्जावान छ ? चेतन सत्ताको अभावमा के उसले कुनै कार्य गर्न सक्दैन ?

**यज्ञ गुरु** : सक्दैन । आफ्नो स्वरुप त निर्माण गर्न सक्दैन भने के काम गर्ला ? जड र चेतनको जोडीलाई विज्ञान र आध्यात्म भन्न सकिन्छ । पश्चिमी विज्ञानले यो दृश्यमान जगत नै सत्य हो भने पनि यो पदार्थ सत्तालाई कुनै अदृश्य इच्छाशक्तिले यसको उत्पादन,

संचालन, र परिवर्तन गराइरहेको हुन्छ भन्ने कुरा त मान्नै पर्दछ । हामीले प्रत्येक पदार्थमै एउटा सुव्यवस्था देख्दछौं । परमाणु, जीवाणु र विषाणु जस्ता अदृश्य घटकहरुले पनि कुनै निश्चित नीति नियम र व्यवस्थाको पालना गरिरहेको पाईन्छ । यो विशाल आकाशमा असंख्य ग्रह, उपग्रह, बादल र चक्रवात, हुरी, बतास, असिना आदि कुनै आधार विना नै अडिएका छन् तर यिनिहरु आपसमा यसरी आबद्ध छन् कि यो आवद्धता र तिनको क्रियालाई अकारण भन्न सकिन्न । यसका पछाडी एउटा सुनियोजित चेतन सत्ताले काम गरीरहेको प्रष्ट नै छ भन्ने कुरा जो सुकैले पनि भन्न करै लाग्छ ।

**कञ्चन** : अनि यो चेतन सत्ता अर्थात विश्वात्मा नै ईश्वर हो ? हैन र गुरुबा ?

**यज्ञ गुरु** : परिणाममा हतार नगरौं , पहिले कुरा राम्ररी बुझौं । विज्ञान देखि धर्मशास्त्रहरु सम्म सबैले आ-आफ्नो अध्ययन र आफ्नै शैलीमा यस निष्कर्षमा पुगेका छन् कि संसारका सम्पूर्ण पदार्थहरुको उत्पादन र यिनीहरुको क्रमबद्ध तथा नियमित रुप परिवर्तनको प्रक्रियामा कुनै चेतन सत्ता नै संलग्न छ । हामीले जसलाई जड अर्थात निर्जीव भन्न पुग्दछौं त्यो पदार्थ पनि सर्वथा मृत छैन । ढुंगा र धातुको अन्तरहृदयमा एक स्तरको जीवन छ र यिनीहरुको पनि उत्थान पतन हुन्छ । भारतीय वैज्ञानिक क्ष्च वबनमष्कज अजबलमचब द्ययक ले भ्खभल कतयलक जबख बकिय षिभ भनेर प्रमाणित गरीसकेका छन् ।

पदार्थमा रहेको “गति या शक्ति” यौटा सुनियोजित व्यवस्थाक्रमसँग यसरी आवद्ध छ कि अलिकति पनि व्यवस्था भंग नै हुँदैन । प्रत्येक जडमा आंशिक चेतना छ । धातुमा खिया लाग्छ, काठमा च्याउ उम्रन्छ, पृथ्वीमा भूईंचालो जान्छ, वर्षा हुन्छ, वाफ बनेर उड्छ, आँधी वतास चल्छ । यो सब त्यत्तिकै त होइन नि । यिनीहरु सूक्ष्म नियम र व्यवस्थामा बाँधिएका छन् । यी जड पदार्थ नितान्त निर्जीव र गतिहीन छैनन् ।

उत्पादन , विकास र परिवर्तन – यी तिनओटा गतिविधि प्रत्येक पदार्थ र प्राणीमा निरन्तर चलीरहन्छन् ।अर्थात **गतिशीलता,निरंतरता र परिवर्तनशीलता प्रकृतिको शास्वत नियम हो** । यो गतिविधि सजीव सत्ताबाट नै हुन सक्दछ । यद्धपि वैज्ञानिकहरुले यो श्रृष्टि परमाणु बाट बनेको हो भन्ने मान्दछन् तर परमाणुको ढाँचा पनि त सौर्यमण्डल जस्तै छ । त्यस भित्र अनेकौं ईलेक्ट्रोन, प्रोटोन निरन्तर चक्कर लगाईरहेका हुन्छन् । ती तत्वहरुको गति ,शक्ति, अनुशासन र व्यवस्था यति नियमित हुन्छ कि निर्जीव पदार्थले स्वयं त्यस्तो नियमितता गर्नै सक्दैन । अल्बर्ट आइन्सटाइन अनुसन्धानका क्रममा यो सुव्यवस्था देखेर दंग परेका थिए र ती वैज्ञानिकले यसको रहस्योद्घाटन गर्न नसकेपछि अन्तमा हार खाएर परमाणुको केन्द्रमा “केही छ” भन्नु परेको थियो,। उनले त **God may be sophisticated, but he is not malicious." अर्थात भगवानलाई परिष्कृत व्यवस्था भन्न सकिएला तर तिनलाई निर्दयी भन्न मिल्दैन भनेका छन्** । जसको अर्थ ईश्वरीय सत्तालाई घुमाउरो तरीकाले स्वीकार्नु नै हो

**आदित्य :** विज्ञान पक्षले “जो प्रत्यक्ष देखा पर्दछ त्यो सत्य हो , ईश्वर, धर्म र तत्व दर्शनका सिद्धान्तहरु प्रत्यक्ष प्रमाण दिन असमर्थ रहेकाले सर्वमान्य छैनन्” भन्छ । यस्तै अध्यात्मले “ हाम्रा शास्त्रहरुमा पूर्ण सत्यता छ । विज्ञानका अनुसन्धानमा त नित्य नयाँ नयाँ कुरा देखा पर्दछन् । आज स्थापित सत्य भोली नै असत्य हुन पुग्दछ । यस्ता परिवर्तनीय सिद्धान्तको कुरा किन मान्ने ?” भन्ने गरेकोले अध्यात्म र विज्ञानमा व्यापक विरोध देखा पर्दछ । अब यसको समन्वय हुन सक्छ सक्दैन ? यस विषयमा तपाईले के भन्नुहुन्छ गुरुबा ?

**यज्ञ गुरु** : पदार्थको प्रतिनिधित्व विज्ञानले गर्दछ र चेतनाको प्रतिनिधित्व अध्यात्मले । विज्ञान र अध्यात्म दुवैको लक्ष्य एउटै छ । “सत्यको खोज” । विज्ञानलाई शक्तिको भण्डार मानिन्छ तर यसको विषयवस्तु जड पदार्थ हो यस कारण विज्ञानमा विवेक हुँदैन । उसले अनुसन्धानमा जे देख्छ त्यही भन्छ र जे भेट्टाउँछ उसैको उपयोग गर्दछ । यसकारण विज्ञानले कहिलेकाँही मानवताको लागि ठूलो विनाश निम्त्याउन सक्छ **। शक्ति र सामर्थ्य यद्धपि राम्रा कुरा हुन् तर यस्को उत्पादन र उपलब्धिलाई सुरक्षित राख्ने र सदुपयोग गर्नुपर्ने शर्त हुन्छ ।** अर्थात इनको उपलब्धिमा खतरा मडारिएको हुन्छ । दर्शनको क्षेत्रमा विज्ञानले हस्तक्षेप गरेपछि अहिले त “नास्तिकता” को वातावरण बन्दै गएको छ । भौतिकवादीहरुले **प्राणीलाई पदार्थ** मानेपछि त्यसमाथि जड पदार्थ सम्बन्धी नियम लागू गर्नु स्वभाविक हो । यसले गर्दा संसारमा नर्कको वातावरण बन्दै गएको छ । यदि संसार र यो श्रृष्टिलाई जोगाईराख्नु छ र मानिसलाई सुखी र समुन्नत बनाउनु छ भने उसलाई सुसंस्कृत बनाउनु पर्दछ र, सुसंस्कृत तथा सभ्य बनाउनका लागि मानिसको दृष्टिकोण अर्थात Stand Point मा उत्कृष्ट आदर्शवादितालाई समावेश गर्न सक्ने तत्वदर्शनलाई अपनाउनुपर्ने बाध्यता हुन आउंछ ।

व्यक्तिको आदर्शवादी व्यवहारकुशलतालाई चेतनाको उत्कृष्टता भन्न सकिन्छ । गुण, कर्म र स्वभावको उत्कृष्टतालाई नै दार्शनिक भाषामा अध्यात्म भनिन्छ । अर्थात आफ्नो **आत्माको परिष्कारको साधनालाई अध्यात्म भनिन्छ । चेतन पक्षलाई सुनियोजित-सुसंस्कृत बनाउने विद्यालाई अध्यात्म भनिन्छ ।** ईश्वरको आदर्शलाई जीवनमा उतारेर वैज्ञानिक उपलब्धिहरुको भोग गर्न सकेमा जगत रहन्छ तर विज्ञानले भौतिकवादी पारा र मानसिकताको मात्र वितरण गर्‍यो भने जगत नै ध्वस्त हुन्छ । विज्ञान मानिसको सुख र उन्नतिको अद्भुत श्रोत हो । विज्ञानलाई अध्यात्मले उपेक्षा गर्नै मिल्दैन । यसकारण विज्ञान र अध्यात्म एक रथका दुइ पाङ्ग्रा जस्तै साथ साथ हिड्नु पर्दछ । पश्चिमी विज्ञानले पूर्वीया अध्यात्मका सिद्धान्तहरुमा र पूर्वीया दर्शनले पश्चिमी विज्ञानको क्षेत्र सँग निकटता राखेर सुख शान्तिको खोजी गर्नु पर्दछ ।

यति भनेर यज्ञ गुरुले अब म बुढो मानिस बोल्दा बोल्दै थाकें एकछिन् विश्राम गर्छु भनेर कुनामा भित्ताको अडेस लगाएर चुप लागेर बसे ।तब श्याम नामका एक जना प्रश्नोत्तरमा अघि सरे ।

**दीपेन्द्र** :– जीवनमा ज्ञान को कति महत्व छ ?

**श्याम** :–भगवान विष्णु किनकि पालनकर्ता हुन् यस कारण उनले जीवलाई कष्टमुक्त राखनको लागी तप,दान,धर्म,सत्य र तीर्थ सेवन आदि साधनहरुको निर्माण गरेका हुन् । तर यसबाट दुखको पूर्ण नाश हुदैन । ,मोक्षबाट मात्र परम सुखको प्राप्ति हुन सक्दछ , र मोक्ष को प्राप्ति को एउटा सशक्त साधन ज्ञान हो । ज्ञान को अर्थ हो प्रकाश । यसैले ब्रह्माले ज्ञानको प्रकाश फैलाउनकालागि वशिष्ठ नारद,शौनकादि र अन्य महर्षिहरुलाई भूलोकमा पठाएका हुन् ।

मान लिउं भयानक कालो रात्रि छ र त्यस अँधकारलाई मिटाउनकोलागी एक सानो अति मद्धिम ज्योतिको दीपक बली रहेको छ , जसबाट केही स्थूल र ठूला आकारका वस्तुहरु मात्र देखा परि रहेका छन् । तर यदि त्यहाँ कुनै ठूलो शक्ति को बिजुली का बल्व लगाइन्छ भने अंधकार त पूर्णरुपेण नाश भै हाल्छ र त्यहाँको सानो भन्दा सानो चीजवस्तु,देखा पर्न थाल्दछ । तब त तपाईं सही बाटो पैल्याउन सक्नु हुन्छ । तपाई सही बाटोमा हिडन सक्नु हुन्छ । तपाईंको बाटो सुगम भै हाल्छ । तपाईं लडखडाउनु हुन्न र कुनै चीज वस्तु संग ठोक्किनु हुन्न ,चिप्लिनु हुन्न , लोटिनु हुन्न । ज्ञान ले यस्तै काम गर्दछ । यसबाट जीवनको बाटो प्रकाशवान हुन पुग्दछ ।

**दीपेन्द्र** :–तर ज्ञान बाट सबै काम को सिद्धि हुन सक्दछ र ?

**श्याम** :–हुदैन । ज्ञान र सदाचार अर्थात उद्योग र सत्कर्मको जब सम्म बराबर अभ्यास गरिँदैन तब सम्म यी दुवै मध्ये कुनैको पनि सिद्धि हुँदैन । सद्पुरुषको सदाचारबाट ज्ञानको र ज्ञानबाट सद्पुरुष बन्ने आचरणको बृद्धि हुन्छ ।जीवनमा सफलताको लागी ज्ञान ,कर्म र सदाचार सबैको पर्याप्त मात्रामा प्रयोग गर्न जान्नु पर्दछ ।

**दीपेन्द्र** :–देवताहरु पनि मानिसको योनिमा जन्म लिन उत्सुक हुन्छन् रे , के यो सही हो ?

**श्याम** :–संसारमा मानिस बाहेक जे जति जीव छन्, ती अधिकतम चार कोषीय हुन्छन् –अन्नमय कोष, मनमय कोष,प्राणमय कोष र आनन्दमय कोष । तसर्थ यी जीवहरु भोग योनिमा छन् ,तर मानिस मात्र एउटा यस्तो प्राणी हो जो पाँच कोषीय हुन्छ – “विज्ञानमय कोष”। यस कारण ऊ कर्मयोनिमा हुन्छ र उसले कर्म गर्न सक्दछ ।उसले पूर्व जन्म को गलतीलाई सुधारेर निरन्तर सद्कर्म गर्दै गर्‍यो भने सँधै आनन्दित रहन सक्दछ । तर देवताहरु संग स्थूल शरीर हुँदैन , कर्मयोनि नै हुँदैन यस कारण तिनीहरु मानव जीवनलाई श्रेष्ठ जीवन मान्दछन् ।

मेघ वर्षा चरम सीमामा थियो । त्यो सानो मन्दिरमा प्राण बच्ने आशामा बसेकाहरुले कोहीले रामराम कोहीले राधे राधे र कोहीले ओम् नमः शिवायको पुकारा गर्दै

थिए । यो भयानक त्रासदीमा ज्ञानविज्ञानका कुराहरुले एकछिन सबैलाई भुलाई राखेको थियो । तर, एकजना नानीले फेरी चर्चा अगाडी बढाउन खोजिन् ।

**गुञ्जन** : विज्ञानले त अन्तिम तहसम्म खोजी गरिसकेपछि ईश्वर छैन भनेको हो नि ? अनि ईश्वरीय सत्तालाई प्रमाणित कसरी गर्न सकिन्छ ? अध्यात्मसँग विज्ञान जस्तो अनुसन्धानात्मक उपकरण छ र ?

**रामजी** : विज्ञानले ईश्वर छैन भनेर कहाँ भन्यो र ? उसको खोज पनि त अन्तिम अवस्थामा पुगेको छैन । उसले त ईश्वर भेटिएको छैन है ! भनेको हो , र, कुन अवस्थासम्म भने , आजका मितिसम्म मात्र । भोलीका दिनमा के हुन्छ ? उसले भन्न सक्दैन । किनकि खोज त जगतको अन्तसम्म अर्थात पृथ्वीमा मानिस रहे सम्म जारी नै रहने हो । खोजेको चीज भेटियो भने त ल खोज सकियो भनिन्छ ,तर नभेटिएमा खोज नै सकियो भनेर भन्न त मिलेन । खोजको स्थान, उपकरण र तरीका बदली रहन्छन् र खोज जारी रहन्छ । तसर्थ विज्ञानले आज यो यसै हो भनेर ठोकुवा गर्छ भने त उसको मूर्खता हो । यस्तो मूर्खता उसले गर्दैन, गर्नु नै हुँदैन । नयाँ नयाँ खोज र उपलब्धिका सम्भावना त सधैं बाँकी रही नै रहन्छन् । सबै जिज्ञासाको उत्तरको खोजको अन्त त मानवले देख्नै सक्दैन किनकि मानव पृथ्वीमा रहेसम्म रहस्यहरुको खोजीको अन्त नै हुँदैन ।

अब ईश्वरीय सत्ताको प्रमाणीकरण र अध्यात्ममा आधुनिक खोजका ठोस उपकरणका कुरा । मानिस जुन स्तरमा छ त्यही स्तर र इन्द्रियहरुको सीमामा मात्र देख्न सक्दछ । मानिसले इन्द्रियहरुको सहाराबाट देख्न र छुन सक्ने वस्तुमात्र हेर्न सक्छ । तर मन र बुद्धिबाट सूक्ष्म तत्वहरु र आत्माको स्तरबाट परमात्माको अनुभव हुन सक्दछ । अर्थात, इन्द्रियहरु जसमा आँखा पनि छ, यो स्वयं स्थूल छ यसकारण यसले स्थूल जगतलाई बाहेक अरु सूक्ष्म जगतमा प्रवेश गर्नै सक्दैन । भगवद्गीतामा अर्जुनले परमात्माको विराटरुपको अनुभूति गरेर उनले परमात्मालाई आदि, मध्य र अन्तरहित बताएका छन् । कौशल्या, काकभुशुण्डी र यशोदा माताको अनुभव यस देखि भिन्न छैन । यस्तो अनुभूति तब मात्र संभव हुन्छ जब जीवनका सम्पूर्ण क्षुद्रताहरु विलीन भैसक्छन् । आँखामा अहंकारको छाँयासम्म बांकी रहनु हुँदैन । ईश्वरीय सत्ता किनकि दिव्य छ तसर्थ दिव्य दृष्टिबाट मात्र ईश्वरको दर्शन हुन सक्दछ । उदाहरणकोलागि हाम्रो आँखामा सानो कसिँगर पर्न गयो भने सामुन्ने रहेको विशाल पहाड पनि देखा पर्दैन । त्यस्तै आत्मामा पनि सानो भन्दा सानो कुनै कसिँगर रहनु हुँदैन । आत्मा सांसारिक मोह मायाबाट माथी उठीसक्नु पर्दछ । यस्तो आत्मपरिस्कार ब्रह्म प्राप्तिको एउटा अचूक साधन हो । यसैका लागि उपासना, साधना र आराधना जस्ता सूत्रहरु अवलम्बन गरिन्छन् र आत्मालाई स्वच्छ दर्पण झैं सफा पारिन्छ । ईश्वर स्वच्छ दर्पणमा मात्र देखा पर्न सक्दछ ।

पदार्थ वैज्ञानिकहरुले प्रयोगशालामा प्रयोग गरे जस्तै हाम्रा ऋषिहरुले आफ्नो मन र मस्तिष्कलाई प्रयोगशाला बनाएर ती तथ्य र सिद्धान्तहरु खोज्न सफल भएका छन् जसलाई प्रयोग र पालन गरेर सामान्य प्राणी पनि अतुलनीय शक्ति सम्पदा र सामर्थ्य प्राप्त गर्न सफल हुन सक्दछ र, आफना सुतेका आन्तरिक शक्तिहरुलाई उजागर गरेर देवमानवको पद प्राप्त गर्न सक्दछ । चेतनाको उत्कृष्टताले उसलाइ ब्रह्मसँग साक्षात्कार गराउन सक्दछ । नाङ्गो आँखाले र हाम्रा ईन्द्रियहरुद्वारा हामीले परमाणु, शुक्राणु, जीवाणु, विषाणु र हावालाई पनि त देख्न सक्दैनौं तैपनि यिनीहरुको अस्तित्व त छ नि ! ईश्वरीय सत्ता पनि त्यस्तै हो, त्यसलाई त्यस्तै स्तरको आँखाबाट अनुभव गर्न सकिन्छ । भौतिकवादले “पहिले देखाउ अनि मान्छु ” भन्छ र अध्यात्मवादले “पहिले मान अनि देखाउँछु” भन्छ , यो त ठूलो फरक भयो तसर्थ म त के भन्छु भने “कुछ जानकर चलो कुछ मान कर चलो ।”

**आदित्य :** परमात्मसत्ता छ, हामी आस्तिकहरुले मान्दछौं तर कुनै नास्तिकले यदि परमात्म सत्ताको दर्शन गराउ, ठोस प्रमाण देउ भन्यो भने त्यस्तो ठोस प्रमाण दिने सम्भावना कत्तिको हुन्छ ?

**किशोर** : यो कुरा त मैले पहिल्यै नै भनिसकेको छु । यज्ञ गुरुले भने पुरै व्याख्या गर्नु भयो । तर ठीकै छ, दोहोऱ्याउनु पर्दा त मैले सर्वप्रथम के भन्छु भने कुनै कुराको जिज्ञासु व्यक्तिले सर्वप्रथम आफूमा भएको जानकारी र आग्रहलाई त्याग्न आवश्यक छ । नास्तिकले ईश्वर छँदै छैन भन्ने पूर्व धारणा राखेको छ र अरुलाई “भगवान देखाउनुस” भन्छ भने तपाईले उसलाई जति प्रमाण देखाए पनि उसको चित्त बुझाउन कठिन हुन्छ । त्यसैले उसले पहिले आफूलाई खाली गर्नु पर्छ । उदाहरणको लागि तपाईंले दूध थाप्ने गरेको भाँडोमा कुनै अर्को चीज भरिएको छ र त्यसैमा दुध थाप्नु भयो भने सबै दूध पोखिन्छ ।त्यस्तै आफूलाई जानेबुझेको भन्ठान्नेको मनमा अर्काले बताएको ज्ञानका कुरा स्वीकार्य हुँदैनन् ।

अर्को कुरा , हामीले सफा आत्माले ईश्वरको खोजी गर्नुस ईश्वर पक्कै भेटिन्छन् भन्ने गर्छौं । जसले पनि त्यही भन्छ । तर, वास्तविकता यो छ कि मानिस कहिँ न कहिँ निजी मान्यता, निजी स्वार्थ र मानसिक दुविधाको अवस्थामा बाँचेको छ र पनि आफूलाई भने असल, शुद्धात्मा भन्दछ । चोर बद्मासले पनि सफा र शुद्ध हृदयकै कुरा गर्दछ  र उसले पनि असल र शुद्धआत्मा भएको मानिसकै साथ मन पराउंछ ।। यो मानिसको स्वभाव हो । यही त मायाजाल हो । यो संसारमा,ज्ञातव्य  इतिहास देखि आज सम्म, परमतत्वसँग साक्षात्कार गर्ने क्षमता कति जनाले आर्जित गरेका छन् ? औंलामा गन्नु पर्ने अवस्था छ ।

तपाईले दूध थाप्ने गरेको भाँडो एकछिनका लागि मानौं रित्तो छ रे ,तर भाँडो भित्र फोहर, थोरै मात्र मैला गोबर लागेको छ भने त्यो फोहोर भाँडोमा दूध खन्याएमा के होला ? कसले खाला ? हामी सांसारिक मानिसहरुको आत्मा पनि यस्तै छ । हामीले जति सफा सुग्घर राखेतापनि  आत्मामा सानो कुतत्व टाँसिएर रहेको छ भने परम तत्वको दर्शन हुन

दिँदैन । त्यसैले ईश्वरको बारेमा न त हामीले सम्पूर्ण कुरा जानेका छौं, न जान्न नै सक्दछौं र न त अरु कसैलाई जनाउन नै सक्दछौं । ईश्वर स्वयंको खोजीको विषय हो । अनुभवको विषय हो । हामी कसैले कसैलाई ईश्वरीय सत्ताको प्रमाण दिन सक्दैनौं । तुलसीकृत रामायणमा लेखिएको छ :

**सोइ जानइ जेहि देहुँ जनाई ।**
**जानत तुमहि तुमहि होई जाई ॥**
**-रामचरितमानस/अयोध्याकाण्ड/सोठ ०१२६/०३**

("हे भगवान ! जसमाथि तपाईंको कृपादृष्टि हुन्छ, त्यसैले नै तपाईंलाई जान्न सक्दछ र तपाईंलाई जसले जान्न सक्यो त्यो त स्वयं तपाईं जस्तो नै भै हाल्छ ।)

ईश्वरको बारेमा एउटै शब्दमा कसैले आफ्नो ठोस अभिव्यक्ति त दिन सम्भव नै हुँदैन । किनकि ईश्वरको बारेमा सम्पूर्ण रुपमा थाहा पाउनलाई त कि त ईश्वर भन्दा शक्तिशाली र बढी जान्ने हुनु पर्‍यो अथवा ईश्वरको समकक्षी हुनु पर्‍यो तर संसारमा ईश्वर भन्दा माथी र ईश्वर समकक्षको अर्को कुनै सत्ता छँदै छैन । यस कारण भगवानको बारेमा सब थोक कसैले जान्नै सक्दैन ।

**श्याम:**–म यसमा के थप्न चाहन्छु भने कसैले भगवान देखाउ भन्दैमा उसलाई भगवान देखाउने आवश्यकता नै किन ? आवश्यकता ठान्दछ भने उसले आफै खोजोस न । जीवमा विद्यमान प्राण तत्व पनि देखिदैन, तर यसको अस्तित्व त छ नि । बिजुलीको तारमा प्रवाहित भैरहेको करेन्ट कस्ले देख्न सक्दछ ? तर त्यस्को अनवरत प्रवाह र शक्ति देखि कसले इनकार गर्न सक्दछ ? ईश्वर ठिक्क यस्तै विश्व ब्रह्माण्डमा यौटा ध्वनि अथवा कम्पन को रुपमा व्याप्त छन् । तिनी नभएको कुनै ठाउँ खाली नै छैन । तिनको अनुभव त गर्न सकिन्छ तर पदार्थ झैं छुन भने सकिन्न ।

**रामजी** : हो ! यसमा म पनि अलिकति थप्छु । हाम्रो **सनातन धर्मको श्रोत नै श्रद्धा र विश्वास हो** । तुलसीकृत रामायणको शुरु पहिलो अध्यायको दोश्रो श्लोकमा भनेको छ :

**"भवानी शंकरौ वन्दे श्रद्धा विश्वास रुपिणो ।"**

अर्थात तुलसीदासजीले स्वयं भन्नुहुन्छ : म ती माता पार्वती र शिवको वन्दना गर्दछु जो श्रद्धा र विश्वासको प्रतिरुप हुनुहुन्छ । अर्थात श्रद्धा र समर्पणबाट हामी प्रकृतिमा समाहित हुन्छौं । पानीको सानो थोपा समुद्रमा मिसिएपछि ऊ पनि महासमुद्र बन्न पुग्दछ । यसै असीम श्रद्धाले हामी प्रकृतिको गर्भमा प्रवेश गर्दछौं र अटूट विश्वासको आधारमा शिव तत्वको अंग बन्न पुग्दछौं । तब मात्रै हामी अणुबाट विभु बन्न सक्दछौं । त्यसैले श्रद्धा र विश्वासको युग्म शिव पार्वतीको रुपमा हाम्रो सामुन्ने उपस्थित हुन पुग्दछ । अझ यसलाई त वास्तवमा यस्तो भन्नु पर्दछ कि हामी स्वयं नै शिव तत्वको रुपमा परिवर्तन हुन पुग्दछौं । त्यसवेला यो संसार हराउँछ । मात्र शिव शेष रहन्छ । अर्थात जीव ब्रह्ममा विलीन हुन

पुग्दछ । त्यसैले त तुलसीदासले “जसले तपाईंलाई जान्यो त्यो तपाईं नै भयो ।” भन्नुभएको हो ।

**आशु :** आत्मा परमात्मामा विलीन हुन पुग्छ भन्नु भयो । कुनै दुइटाको यौटामा विलय हुनलाई त दुइटैको जाति यौटै हुनु पर्‍यौ । के यी दुवै एकै जातिका हुन् । यौटै हुन् ?

**रामजी** : हो दुवै एउटै हुन् । आत्मालाई जान्नु र ईश्वरलाई जान्नु एउटै त हो । ईश्वर महासमुद्र र आत्मा एउटा थोपा जस्तै हो ।

**अपाङ प्राङेति स्वधया गृभीतो ऽमर्त्यो**
**मर्त्येना सयोनि : ।**
**ता शश्वन्ता विषूचीना वियन्तान्यन्यं**
**चिक्युर्न नि चिक्युरन्यम ॥**
**ऋग्वेद १।१६४।१७५३।३८-अथर्ववेद ९।१५। २६२४।१६**

अर्थात जीवात्मा अमर छ र शरीर प्रत्यक्ष नाशवान । सम्पूर्ण शारीरिक क्रियाहरुको अधिष्ठाता आत्मा हो । किनकि जबसम्म शरीरमा प्राण रहन्छ तबसम्म यो क्रियाशील रहन्छ । यो आत्माका सम्बन्धमा ठूला ठूला पंडित र मेधावी व्यक्तिले पनि जान्न सक्दैनन् । यसैलाई जान्नु मानव जीवनको प्रमुख लक्ष्य हो ।

यसबाट के थाहा हुन्छ भने वेदले मायाद्वारा आच्छादित मानिसलाई “भगवानलाई खोज र बुझ” भन्ने हो भने मानिसले त आँटै गर्न सक्दैन त्यसो हुनाले आत्मा,किनकि ईश्वरको अंश नै हो र यो त मानिससँगै हुने चीज भएकोले, मानिसले आंट गर्न सजिलो होला भन्ने हेतुले यसैलाई साक्षात्कार गर न त ! भनेको हो ।

**आशु** :जीवात्मा अमर छ भने यो जन्मने र मर्ने को हो त ?

**रामजी:** मर्ने र जन्मने शरीर हो आत्मा होइन । श्रीमद्‌भगवद्‌गीताको अध्याय २ को श्लोक संख्या २२ मा यस बारे मा उल्लेख छ , यस्तै यो आत्मालाई कसैले मार्न सक्दैन भन्ने कुराको प्रमाण हेरौं :

**नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।**
**नचैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥**
**श्री मद्‌भगवद्‌गीता २।२३**

( यो आत्मालाई शस्त्रले काट्न सक्दैन , आगोले जलाउन सक्दैन , पानीले गलाउन सक्दैन र वायुले सुकाउन सक्दैन )

**आशुः**–शास्त्रमा ब्रह्मा श्रृष्टिकर्ता,विष्णु पालनकर्ता र शिवलाई संहारकर्ता भनिएको छ । तर शिवको अर्थ त कल्याण हुन्छ र शिव वास्तवमा कल्याणकारी देवता हुन् पनि । इनलाई संहारक किन भनियो ?

**रामजी :**–शिव कल्याणकारी देवता हुन् यो कुरा ठीक हो । इनी थोरै पूजा स्तुतिले पनि प्रशन्न हुने हुंदा इनलाई आशुतोष र मागे अनुसार को वरदान दी हाल्ने हुनाले अवढरदानी भनिन्छ सबैको समान कल्याण गर्ने हुनाले**"सम कल्याणं करोति इति शंकरः"** भनेको हो । तर ब्रह्मा रजोगुणी,विष्णु सतोगुणी र शिवलाई तमोगुणी मानिन्छ ।

यसको कारण यो हो कि यो श्रृष्टिकालागि तीनवटै गुणहरु अपरिहार्य हुन्छन् । श्रृष्टिको संहार नभए सम्म नवश्रृजन हुन सक्दैन । यस कारण उसको पनि यौटा आयु निश्चित हुन्छ र आयु पुगेपछि संहार गर्ने यौटा शक्ति त हुनु पर्‍यो, यस कारण ब्रह्मा किनकि श्रृष्टिकर्ता हुन्,तसर्थ उनी माता र विष्णु पालनकर्ता अर्थात पिता हुन् । तसर्थ माता पिताले श्रृष्टिको समापन गर्ने कुरै भएन, जसकोलागि भगवान शिव,किनकि उनी आदि गुरु हुन् र गुरुले शिष्यको निर्माण र पुनर्निमाणमा माली,मूर्तिकार र कुमाले झैं ताछ्ने काट्ने र मुछ्ने अर्थात स्नेह र शक्ति दुवै प्रयोग गर्न मिल्ने हुनाले श्रृष्टिको अंत समय आए पछि वहाँले आफूलाई महारुद्र, कालरुद्रको रुपमा प्रकट गरेर श्रृष्टिलाई आफूमा लीन गराउनु हुन्छ र श्रृष्टि समाप्त हुने गर्दछ अनि ब्रह्माले पुनः रचना गर्नु हुन्छ । यो चक्र निरंतर चली रहन्छ । यसरी शिव रुद्र रुपमा संहारकर्ता हुन् ।

अर्को कुरा,सतीमाताले यज्ञकुण्डमा आत्मदाह गरे पछि भगवान शिवले क्रोधित भएर आफनो जटाबाट वीरभद्रलाई प्रकट गरेर राजा दक्ष प्रजापतिलाई सैन्यबल सहित विध्वंश गराउनु भएको र रावण कुम्भकर्ण जस्ता अजेय राक्षस र विशाल सेनालाई रामले शिव कै पूजा उपासना गरि शिव कै आशीर्वादले परास्त गर्नु भएको तथा महाभारतकालमा शिव हनुमान को रुपमा अर्जुनको झण्डामा विराजमान भएर कौरवलाई समाप्त पार्ने कार्यमा सहयोग गर्नु भएकोले वहाँलाई संहारकर्ता भनिन्छ ।

**कंचन :** –हिन्दूहरुमा भगवानलाई खुशी बनाउनकोलागि बलि दिने गर्दछन् तर पुरुष देवतालाई होइन,भगवानको स्त्रीस्वरुप देबीलाई बलि दिन्छन् । यसको कारण के हो?

**रामजी :**– जब मानिसका आदि पुर्खा जंगली थिए,पशुतुल्य जीवन थियो । अन्न आहारको ज्ञान र विकास भएको थिएन, कंदमूल र जंगली फलफूल हरसमय हर ठाउँमा उपलव्ध थिएन, त्यस अंधकार युगमा मानिसलाई पेट भर्न र भोक मेटाउनको लागि खाद्य,अखाद्य जे पनि खानु पर्ने बाध्यताले गर्दा आदिमानव मांसभक्षी भयो ,त्यस कारण आदिकालको प्रारम्भिक समाजको रीति थिति बनाउने **भगवान स्वायम्भू मनुले "जीवो जीवस्य जीवनम् ( भोजनम् )" अर्थात यौटा जीव अर्को जीवको आहार हो** भन्ने नीति बनाउनु भयौ । यो मानव समाजले किनकि भगवानलाई पनि आफू जस्तै मानव रुपमा हेर्दथ्यो त्यस कारण मांसभक्षी मानवले भगवानलाई पनि मासु अर्पित गर्न थाल्यौ । यस क्रममा कता कतै भैरव

बाबा अर्थात पुरुष शक्तिलाई बलि दिने गरेपनि यथार्थमा देवीलाई नै बलि दिने प्रचलन रहेको पाइन्छ ।

भगवानको स्त्री स्वरुपलाई बलि किन त ? भन्दा, आदि मानव प्रकृतिपूजक थियो र प्रकृतिलाई स्त्री रुपमा पूजा गर्दथ्यो र आफूले जे खान्थ्यो, श्रद्धावश त्यही चढाउँथ्यो जसमा मासु कै प्रधानता हुन्थ्यो । (आज पनि प्रकृतिलाई स्त्री रुप मै हेरिन्छ र शक्तिकी अधिष्ठात्री “देबी” अर्थात भगवानको स्त्री रुप नै मानिन्छ )

दोश्रो कुरा ,समाज निर्माणको कममा सर्वप्रथम मातृसत्तात्मक परिवार र समाज बनेको हुनु पर्दछ । परिणामस्वरुप भगवानको नारीरुप अर्थात देबीलाई प्रमुख मानियो र कालान्तरमा शासक र उसका सहयोगी वर्गले धनबल,जनबल,बाहुबल,बुद्धिबल,मनोबल र यशोबलमा अभिवृद्धि तथा युद्धमा विजय र शत्रु संहारकालागि प्रस्थान गर्दा उत्साह र उमंगमा जाँड रक्सी खाई मदमस्त भै ढोल नगाडा बजाउदै देबी पूजन गरि बलि चढाई रगतको रातो टीका लगाई हो हल्ला गर्दै हिडने शक्ति का उपासक अर्थात शाक्त समुदायबाट यो प्रथा  स्थापित हुन बल पुगेको हो ।

तेश्रो कुरा, हामी आफु भंदा ठूला बडा कहाँ जाँदा भेटी लिएर जाने चलन छ ,जसमा माननीय व्यक्तिका साथ साथ यस्का निकटका सहयोगी र द्वारे–पाले, भान्से र सेवकलाई पनि भेटी दिइन्छ । यस कारण आदि मानव देबी दर्शनकोलागि मठ मन्दिरमा जाँदा देबीको वाहन बाघलाई खुशी नबनाई द्वारमा प्रवेश गर्न नै कठिन हुन्छ भन्ने भावनाले उसकोलागि पशु पंछीको भेटी दिने , र देबीको लागि नारिवल, कुभिन्डो, घिरौला, फर्सी, मिठाई,खीर,पूडी,आदि सात्विक खाद्य पदार्थ चढाउने परम्परा बन्यो । कालान्तरमा मासु खान बढी मन पराउनेहरुले देवीको आहार जीवजन्तु हुन् भन्ने अर्थ लगाई सात्विक पदार्थ चढाउन घटदै गयो र अज्ञानतावश देबीलाई मांस मदिरा चढाउने परम्परा बन्न पुगेको हो ।

देबीको आहार मांस,मदिरा जस्तो पदार्थ हुंदै होइन, हुनै सक्दैन । भगवानले आफना संतानलाई प्रेम, ज्ञान र शक्ति विरण गरिरहनु भएको छ भने झन् नारीस्वरुप त अझ बढी कोमल स्वभाव र ममतामयी भएकोले यो स्वरुपमा त हिंसक कार्य स्वीकार्य हुनै सक्दैन । भोग र पशुबलि को प्रथा कइयौं कारण र अवस्था तथा  देबीको वाहनकोलागि चलेको हो । **मार्कण्डेय पुराणमा** यस बारेमा चर्चा गरिएको छ ।

आदि मानवको आवश्यकता अनुसार मनुले पनि माँस भक्षणलाई मान्यता दिएकोमा कालान्तरमा मानिसले आफनो हितको लागी श्रद्धा,अंधविश्वास र समर्पणको भावनामा बगेर बलि प्रथा शुरु गरे पनि मानिसले जब कृषिको ज्ञान पायौ , खाद्य पदार्थको प्रचूरता भयो र मानिस सभ्य हुन थाल्यो तब परिवर्तित परिस्थितिमा  खाद्य र अखाद्यको भेद गरियो । प्रकृतिले नै कुकुर, बिरालो, बाघ र स्याल लगायतका मासु खाने  जीवहरु भन्दा मानिसलाई भिन्नै किसिमले रचेको र उसलाई ती जनावरहरु जस्तो आन्द्रा,दाह्रा,जिब्रो आदि नदिएकोले मानिसले मासु खान नहुने हुंदा त्रेता युगको प्रारम्भ काल परशुरामका समयमा ऋषि **याज्ञवल्क्यले** सचेतन अवस्थामा आईसकेको प्रकृतिको अनुपम रचना

मानिसलाई“**उदारचरितानामतु वसुधैवकुटुम्बकम्**”अर्थात मानिसको चरित्र उदार हुन्छ र सम्पूर्ण पृथ्वीका जीवजन्तु  एक कुटुम्बी हुन् भन्ने सूत्र प्रतिपादन गर्नु भयो,फलस्वरुप जीव हत्या निषेधित भयो । यो सूत्र ले मानिसलाई साकाहारी बनायो जस अनुसार शास्त्रीय मान्यतामा पशुबलि पनि स्वतः निषेधित भयो तर मासु खाने बानी बसिराखेकोले मानिसले इन्द्रिय संयम गर्न नसकेको हुँदा अहिले सम्म पनि मनु कै नीतिलाई ढाल बनाई जिब्रोको स्वादमा भुलेकोछ र देबीलाई पनि बदनाम गरि रहेको छ ।

हो एक ठाउँ यस्तो छ जहाँ भवानी दुर्गाको दैत्यहरुसंगको युद्धमा रक्तबीजको टाउको काटिदा खसेको रगतका थोपाले दैत्यहरु उत्पन्न हुन थाले पछि देवीले आक्रोशित भएर महाकालीको रुप धारण गरि दैत्यको टाउको काट्दा बगने रगतलाई भुँइमा चुहन नदिनकोलागि खप्पर थापी रगत पान गरेको कथा **दुर्गा सप्तशतीको अध्याय ८ श्लोक ५६ देखि ६३ सम्म** वर्णित छ । तर युद्धको मैदानमा , जहाँ शत्रु माथी विजय प्राप्त गर्नु नै एकमात्र उद्‌देश्य हुन्छ , त्यहाँ  भएको यो कार्यबाट देबीको प्रकृति,प्रवृत्ति अथवा गुण अवगुणको आँकलन गर्न मिल्दैन र यसबाट देबी मांसभक्षी हुन् भन्ने कुरा पनि आउँदैन ।

# अध्याय -५ (पांच)

# ईश्वरको रुपरंग र निवास स्थान

हुरीवतास र मूसलधारे पानीले प्रलय नै आएको जस्तो भान गराइरहेको थियो । मन्दिरभित्र सानो ठाउँमा नअटाएर ढोका निर छज्जामुनि उँभिएर बसेका केही मानिसहरु पानीले चुर्लुम्मै भिजीसकेका थिए । हावाले जाडो गराउन थालेपछि ती मानिसहरु पनि मन्दिरभित्र कोच्चिँदै सर्दै भित्रै आए । ७/८ जना नर नारी युवक युवतीहरु रहेछन् । मन्दिरभित्रको चाखलाग्दो वार्तालापमा सम्मिलित भएमा आशन्न संकटबाट अलिकति ध्यान बटला भनेर उनीहरु पनि त्यस परिचर्चामा क्रमशः सम्मिलित हुन थाले ।

**उमा** : यो चर्चामा आत्मा र परमात्मा एउटै शक्तिको दुई रुप हो भनियो । यसबाट त थुप्रै प्रश्नहरु उठ्ने भए । पहिलो कुरा त यी दुवै एउटै हुन् भने परमात्मा कल्याणकारी छन् तर आत्मासहितको मानिस कलह, रोग र शोकमा किन डुबेको छ ?

**रामजी** : यस सम्बन्धमा हिन्दू दर्शनमा केवल निमित्तेश्वरवाद रुभष्क नामको सिद्धान्त छ । त्यो के भने ईश्वर स्वयंमा परिपूर्ण र निरपेक्ष सर्वशक्तिमान सत्ता हो जसलाई यो विश्व ब्रह्माण्ड र हाम्रो संसारको कुनै आवश्यकता छैन । **"ईश्वरले एक देखि अनेक हुने"** ईच्छा गरे । अर्थात ईश्वरले आफूभन्दा भिन्न पदार्थलाई उत्पन्न गरेर त्यसलाई सुख समृद्धि प्रदान गर्ने लक्ष्यले स्वाभाविक कर्म गरेका हुन् । किनकि ईश्वरले पनि कर्म नगरी बस्नै सक्दैनन् । यो ईश्वरको प्रकृति हो । यसै उद्धेश्यले उनले संसारको रचना गरेका हुन् । यसमा जड र चेतन दुवै सत्ताको रचना गरेर उनले विश्व संचालनका लागि पर्याप्त शक्ति , सामग्री र नियम दिए र यो संसार त्यही नियमले स्वचालित भैरहेको छ । ईश्वरले श्रृष्टि गरेका हुन् । नियम बनाएका हुन् तर ईश्वर यो संसार र नियमदेखि बाहिर छन् । उनले संसार संचालनमा कुनै हस्तक्षेप गर्दैनन् । यसकारण सांसारिक जीवहरुले आफ्नो कर्म अनुसार प्रारब्ध निर्माण गर्दछन् र, सुख दुख प्राप्त गर्दछन् । ईश्वर संसारका श्रष्टा (Creator) हुन् । रक्षक या पालक होइनन् । यस कारण मानिसको गल्ती, दुष्टता र कुकर्म-सुकर्मको प्रभाव ईश्वरमाथि पर्दैन । तर जब उनको श्रृष्टिमै ठूलो बाधा अवरोध पर्ने सम्भावना हुन्छ तब भने ईश्वरले हस्तक्षेप गर्दछन् । तर यो सिद्धान्त त्यति प्रचलित छैन ।

**उमा** : ल ठीक छ । ईश्वर र आत्मामा यसरी कर्मगत भिन्नता होला । तर, संसारका जति चेतन तत्वहरु छन् ,जीवहरु छन् ,ती सबैमा एउटै परमतत्व को अंश "आत्मा" विद्यमान छ भने यौटा जीवलाई कष्ट र पीडा भयो भने तारमा बिजुली संचारित हुने गरे झैं अरु जीवहरुमा त्यो पीडा किन संचारित हुँदैन । अरबौं, खरबौं आत्माहरु एउटै तत्वसँग जुटेका छन् भने त एउटाको पीडाको अनुभूति अर्कोलाई हुनुपर्ने हैन र ?

**रामजी** : अनुभूति हुन्छ । अवश्य हुन्छ । एउटा जीवको खुशीमा अर्को जीवले आनन्द र अर्कोको दुखमा दुख महशुस गर्छ । हामीले प्रत्यक्ष देख्न त कठिन हुन्छ किनकि आत्माहरुको प्रतिक्रिया आत्मिक स्तरबाट मात्र हुन सक्दछ ।

**रमेश** : धर्म ग्रन्थहरुले ब्रह्मा श्रृष्टि गर्ने , विष्णुले पालन गर्ने र शिवले संहार गर्ने भनेका छन् । तपाईले ईश्वरले श्रृष्टि मात्र गर्दछन् भन्नुहुन्छ, कसरी मिल्यो त ?

**किशोर** : हुनत या] Deism छुट्टै सिद्धान्त हो तर यसबारे म बताउँछु सुन । पहिलो कुरा त के हो भने ईश्वर असीम सत्ता हो । त्यसो हुनाले ईश्वरको रुप रंग र काम कर्तव्य अधिकार यी हुन् भनेर कसैले सटीक भन्नै सक्दैन । किनकि ईश्वरलाई सम्पूर्ण रुपमा कसैले बुझ्नै सक्दैन । यदि कसैले ईश्वर “यो हो”, “यस्तो हो” र “यति हो” भनेर बताउन सक्छ भने त त्यो व्यक्ति त ईश्वर भन्दा पनि बढी जान्ने बुझ्ने हुने भयो अर्थात ऊ ईश्वर भन्दा बढी ज्ञानी र बढी सामर्थ्यवान ठहरिने भयो । अनि ईश्वर असीम नै नरहने भयो । ईश्वर त ित्तिमत हुने भयो नि ! तर, ईश्वर त असीम सत्ता हो र ईश्वरको बारेमा यसै हो भनेर कुनै अन्य सत्ताले ठोकुवा गर्नै सक्दैन । तर ईश्वरलाई जान्ने बुझ्ने र प्राप्त गर्ने विभिन्न जिज्ञासु, साधक र आत्मज्ञानीहरुले आ-आफ्नो प्रयासबाट जे जस्तो ठम्याए त्यही भनेका हुन् र त्यही सिद्धान्त बन्न पुगेको हो । यो सिद्धान्त पनि यस्तै कुनै साधकको अनुभूति होला ।

धर्ममा यस्ता सम्प्रदाय या पंथहरु कसरी विकसित हुन्छन् भन्ने कुरा यौटा उदाहरण को माध्यमबाट जानी राखौं । संसारमा तमाम संत महात्मा र साधकहरु भएका छन् र हुने पनि छन् । उनीहरुले आफनो साधना र तपबाट आफनो परिस्थितिमा जे जस्तो पात्रता र क्षमता विकसित गर्न सके र त्यसको आलोकमा जे बुझे त्यही भने । उदाहरणकालागि मानौं महेन्द्रनगर देखि नेपालगंज जानलाई परम्परागत पैदल हिडने बाटो छ , सबै हिडीआएका छन् , र ठाउंमा पुगने गरेका छन् । तर कोई क्षमतावाला साधकले नेपालगंज जानलाई टनकपुरमा रेल चढेर पीलीभीत मैलानी हुँदै नानपारा रुपैडिहा हुँदै नेपालगंज पुगने बाटो पत्ता लगाउँछ र ऊ रेल चढेर हिडछ , ठाउँमा पुगछ । ऊसंग रेल चढने क्षमता थियो र उसकोलागि त्यो बाटो सजिलो भयो । उसले अरुहरुलाई पनि त्यो बाटो बताउन थाल्यो । तर जसको रेल चढने क्षमता छैन त्यो मानिस टनकपुरको बाटो पैदल हिडछ भने सोधदै हिडदै गर्दा बाँगो टिंगो हिडला , बाटो कुबाटो हिडला , बाटो बिराएर गंतव्य हराएर अंतै पुगने सम्भावना पनि बन्ला , र गंतव्यमा पुगी नै हाल्यो भने पनि धेरै समय लागला । उसले यो बाटो रोजेर के लाभ हुने भयो ? क्षमतावालाले पो आफनो बाटो आफै निर्माण गरेर हिडन सुविधा हुन सक्यो होला , तर अन्य सबैले त सक्दैनन् नि ? बुद्ध , ईशा , विवेकानन्द ,भगवान रजनीश , जयगुरुदेव र ओम् शान्ति का प्रवर्तक आदि कइयौं पंथका तमाम महान साधकहरु महान क्षमताका धनी थिए । जसले ईश्वर सम्म पुगने अलग अलग बाटो खोज्न र हिडन सफल भए । यस्ता तमाम आकर्षक बाटाहरु देखेर साधारण मानिस लोभिन्छ र भौतारिन्छ , अलमलिन्छ । अलि कति यो अलिकति त्यो गर्न थाल्छ । तर साधारण गृहस्थ मानिसले के बुझ्नु पर्दछ भने सबै बाटाहरुको गंतव्य यौटै हो । ती सबै भगवान मै पुग्छन् । कुनै साधकलाई जुन बाटो सजिलो र छोटो लाग्यो उसले आफनो परिस्थिति अनुसार बाटो बनायौ तर अरुहरुले त्यही बाटो हिडन जरुरी किन पर्‍यौ ? अलि कति

आकर्षक देखिदैमा सबै बाटा हाम्रा समय परिस्थिति अनुकुल नहुन सक्दछन् र सबै बाटोमा एक साथ हिडेर कुनै लाभ हुँदैन ,झन् संदेह , भ्रम र अस्पस्टता बढदछ । तसर्थ नअलमलिएर विवेकपूर्वक आफनो पंथमा दह्रो भएर अगाडी बढन सके राम्रो हुन्छ ।

**रमेश** : तर हिन्दु वाङ्मयमा सम्पूर्ण ईश्वरको तीन रुप मानेकै छ त ?

किशोर एक छिन घोरिए,, कहाँ देखि कुरा शुरु गरौं भनेर अलमलिए । यो देखेर यज्ञ गुरुले भनेः–

**यज्ञ गुरु** : यसलाई हामीले आफ्नो बुझ्ने शैलीमा व्यक्त गर्न सक्छौं । हामीले राज्य सत्तालाई हेरौं । त्यसमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन्छ । यो शक्तिको बाँडफाड हो । मेकानिज्म हो । सत्ता त एउटै हो नि । तीनओटै शक्तिको श्रोत त राज्य हो नि ! हो,त्यस्तै ईश्वरको कामलाई बुझाउन यी तीनओटा अंग भनिएको छ । ब्रह्मा, विष्णु र महेश भनेको सरल भाषामा स्वचालित नियम र भगवानको विधि व्यवस्था हो ,जसले विश्व ब्रह्माण्डलाई निश्चित नियममा हिँड्ने अपेक्षा राख्दछ ।

**दीपेन्द्र** : आदरणीय महानुभावहरु ! हामी त शास्त्रीय मान्यता अनुसार देव दर्शनमा हिडेका छौं । निश्चित नियमको पालना गरेका छौं र पनि अहिले जीवन मृत्युको संघर्षमा छौं । यस्तो कष्ट र विपत्तिमा छौं । यस्तो अवस्थाका मानिसहरुले दुःख वेदना सहनु पर्ने र अकालमा मर्नुपर्ने हो भने त ईश्वर कल्याणकारी हुन् भन्ने कुरामा शंका उपशंका उठ्दैन र ?

**यज्ञ गुरु** : यो सबै प्रारब्ध अनुसार नै हुँदै जाने कुरा हो भन्ने कुरो त पहिले नै आईसकेकै छ । जन्म जन्मान्तरका कर्महरु संचित हुँदै गएपछि प्रारब्धको निर्माण भै राखेको हुन्छ जस अनुसार फलको प्राप्ति अवश्यमेव हुन्छ ।

दोश्रो कुरा पर्यावरणीय नियम पनि ईश्वरकै नियम हो । त्यसलाई मानिसले भंग गरेको छ । सुन्दर वन, पर्वत, छहरा, नदी, खोला, सरोवरहरुले सजिएको धर्तीको छातीमा हामीले ठूल ठूला मेशीन र पाइपहरु हालेका छौं । प्रकृतिको अमर्यादित दोहन गरेका छौं । वनजंगल काटेका छौं । नदी खोला र बगरमा बस्ती बसालेका छौं । धुवाँ र कृतिम ग्यासहरुले पर्यावरण दूषित छ, त्यसको दुष्प्रंभाव हामीले सहनु परिरहेको छ । यो विषयमा धेरै कुरा छन् म धेरै कुरा गर्न चाहन्न । यति मात्र भन्छु कि प्रकृतिमाथी हामीले गरीरहेको घोर अन्याय र दुष्टताको प्रतिफल यो प्रकोप हो । ठीक छ हामीले यो दृष्टता गरेनौं होला । तर, हामी जस्ता मानिसले नै गरेका हुन् र प्रत्येक जीवधारीको एक अर्कामाथिको अन्तरनिर्भताले गर्दा त हामी नै चपेटामा पर्न गयौं ।

तेश्रो कुरा प्रकृतिले मानिस बस्ने, जनावर बस्ने र प्रकृतिकै आत्मा बस्ने अर्थात साधना गर्ने तीन किसिमको ठाउँ छुट्याएको छ । तर, हामी अब जनावर बस्ने जंगलमा बस्ती बसाल्छौं र जनावरले हामीलाई हानि पुर्‍याउँदा जनावरले दुःख दियो भन्छौं । पहाडको वन

काटेर घरजम गर्छौं अनि पहिरो जान्छ र पहाडलाई सराप्छौं । वास्तवमा तिनले हामीलाई दुःख दिएका हुन र ? हामी पो तिनको क्षेत्रमा बलजफ्ती पसेका छौं । तिनको खेल्ने ठाउँ नै कब्जा गरेका छौं र तिनलाई अवरुद्ध पारेका छौं भने ती नदी, पहाड र समुद्रले प्रकृतिबाट पाएका अधिकार र स्वतन्त्रताको उपभोग गर्दा त्यसमा अवरोधक बनेका हामी नासिन्छौं, मासिन्छौं भने तिनको के दोष ?

अब चौथो कुरा । मैले कर्मफलको बारेमा कुरा गरिसकेको छु । कर्मफलको यौटा सिद्धान्त छ –**अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्** । अर्थात हामीले गरेको शुभ अशुभ कर्मको फल हामीले अवश्य नै भोगनु पर्दछ । सुखदुखका परिस्थिति हाम्रा कर्मका आधारमा निर्मित हुने गर्दछन् । कुनै गैर व्यक्तिले कसैलाई सुखी वा दुखी बनाउन सक्दैन ।

**"सुखस्य दुखस्य न कोऽपि दाता परो ददातीति कुबुद्धि रेषा ।"**

यदि कसैले आफूलाई अर्काको कारणबाट सुख दुख पाएको भनेर सोच्छ भने यो अज्ञानता हो । तुलसीदास ले लेखनु भएको छ –

**काहु न कोउ सुख दुख कर दाता ।**
**निज कृत करम भोग सब भ्राता ॥**

यो त व्यक्ति व्यक्ति को कर्मफलको कुरा भयो तर जहाँ आजको जस्तो सामूहिक त्रासदीको कुरा छ त्यसमा थप कारणहरु पनि हुन सक्दछन् । सर्वसाधारण जनता र देशका प्रतिनिधि संसद लगायत विभिन्न संस्थाहरुमा शास्त्रीय सिद्धान्तका विरुद्ध मनोमानी नीति नियम बनाउँछन्, जनताकोलागि अथवा , धर्म र राजनीतिको नाममा हत्या हिंसा, विध्वंश हुन्छ , सामूहिक हत्या नरसंहार र युद्ध हुन्छ , निर्दोष मानिस र पशु मारिन्छन् , दुख कष्ट पाउँछन् र अन्यायी, आततायीहरु शक्तिको भरमा प्राचीन मोडेलको निरंकुश र आततायी राजा झैं मोज मज्जा गरी रहेका हुन्छन् , तर जनताले बाध्यतावश नै किन नहोस, तिनको नीति र अत्याचार लाई आँखा चिम्लेर पालन गर्दछ ,तिनको जयजयकार गर्दछ । विरोध गर्नेले प्रायःआफनो दुनो सोझ्याउने राजनीतिकोलागी विरोध गर्दछ तर त्यस्मा नैतिकताको र धर्मसंगतताको कुरा हुँदैन । गंगा जस्ता नदीहरुलाई थुन्नु,त्यसमा ढल खसाल्नु, प्रकृतिको अनुचित दोहन गर्नु,गोमाताको हत्या गर्नु,आफनो सभ्यता र संस्कृति को विरोधी काम गर्नु, समाजमा अनाचार,अत्याचार,भ्रष्टाचार,कालोबजारी र व्यभिचार बढदै जानु,आम जनताले त्यस्तैलाई सहयोग र समर्थन गर्नु , नारी जाति प्रति हिंसा र बर्बरता बढदै जानु र त्यस्मा हामी मौन भएर हेरेर बस्नु,तीर्थ गर्न जानेहरु लुकी छिपी मदिरा बोकेर लैजानु,केटीहरुका साथ पिकनिक गए जस्तो मोज मस्ती गरेर तीर्थहरुको अध्यात्मिक वातावरण बिगार्नु । धरतीको गर्भमा अप्राकृतिक काम गर्नु , पर्यावरण बिगार्नु ,यसमा कुनै न कुनै रुपमा हामी सबै जिम्मेवार छैनौं र ? यसैको प्रतिफल महाभूकम्प, बाढी,पैरो, समुद्री आँधी,चक्रवात , हुरी बतास ,युद्ध , मानिसको पागलपन ,सामूहिक हत्या ,अति वृष्टि, अनावृष्टि,महामारी र यस्तो सामूहिक व्याधिग्रस्तता हो । आखिरमा धरतीमा मानिसले थुपारेको दुष्प्रवृत्ति अर्थात

नकारात्मकता या पापलाई प्रकृतिले सफाई गर्नु त पर्‍यो र उसले यही गरेको त हो । यो सफाई त निरन्तर जारी रहने प्रक्रिया हो । प्रकृतिले यसतो सफाईमा आवश्यकता अनुसार ठूलो सानो काम गरी रहेको हुन्छ । यो विनाश त के ? आवश्यकता परेमा प्रकृतिले त प्रलय कोलागि महाभूकम्प या महाविनाश नै गर्न सक्दछ ।

**रुपक :–** यसको मतलब अहिले हामी जुन आपत विपतमा परेका छौं, यो सब ठीक हो, सही हो, न्याय संगत हो ?

**यज्ञ गुरु** : दुख कष्टका बारेमा यसरी ठाढै भन्न नसकिने त हैन । अझ ठाढै भन्दा आत्मग्लानि हुन्छ र प्रायश्चित गर्ने प्रेरणा पनि मिल्छ । तसर्थ ज्ञानीहरुको लागि यो कुरा असल हुन सक्दछ , तर साधारण मानिसले के विचार गर्नु पर्छ भने संसांरमा भएभरका दुःख र हामीले जाने बुझेका र कल्पनामा समेत नआएका कष्ट र पीडाहरु यो संसारमा आएको मानिसकै लागि त हो, मानिस पशु अथवा जीवधारीहरुले नै सहने त हो । मानिस यिनको चपेटामा पर्छ , कोही थोरै, कोही धेरै पर्छ । कष्टमा नपरेको कोही छ र ? राम, कृष्ण, सीता, राधा, बुद्ध, रामकृष्ण परमहंस , विवेकानन्द, सूर्य, चन्द्र, नदी, खोला, ढुंगा, वन, पर्वत, यावत संसार । जो यहाँ छ, जसको अस्तित्व छ, उसले कष्ट सहनु पर्छ र जो जन्म्यो त्यो मर्नै पर्दछ । मानिस, पशु पन्छी, ग्रह, नक्षत्र, तारा, नदी, पर्वत, सबैको आयु निश्चित हुन्छ ।

**नीलू :** अनि जब ति सबै थोक पहिले देखि नै सुनिश्चित छन् भने मानिसले कर्म नै किन गर्नु पर्‍यो र ?

**यज्ञ गुरु :** भगवद्‌गीतामा अर्जुनले यही प्रश्न गर्दा श्रीकृष्णले यसको उत्तर दिनुभएको छ । प्रमाण हुरौं :

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफल हेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥**

**श्रीमद्‌भगवद्‌गीता २।४७**

( तिमीलाई कर्म गर्ने मात्र अधिकार छ फल को आशा गर्ने होइन , फल मेरो अधीन छ ) ।

कर्म गर्नु परमात्माको स्वभाव हो । यसकारण मानिसले पनि कर्म गर्नै पर्दछ । कर्म गर्नमा ऊ स्वतन्त्र छ तर फल प्राप्ति उसको हातमा छैन । किनभने मानिसले जे जति कर्म गर्दै जान्छ त्यसको विश्लेषण वर्गीकरण हुँदै प्रारब्ध अर्थात फल बन्दै जान्छ । तत्कालै हेर्दा यदाकदा असल काम गर्नेले दुख र खराब गर्नेले सुख पाई रहेको देखिन्छ तर असल कामको परिणाम दुख र खराब कामको परिणाम सुख हुनै सक्दैन । यो त काल भोगमा यसतो देखिएको हो । परिणाम ढीलो चाँडो जहिले प्राप्त भएपनि असलको असलै र खराबको खराबै हुन्छ ।

माता काली का परम उपासक रामकृण परमहंस र माता कालीका बीचमा कुराकानी हुनथ्यो रे ,र  माता कालीले स्वामीजीको हात बाट भोजन पनि गर्नु हुन्थ्यो । अंतिम अवस्थामा वहाँलाई भगन्दर रोग भयो । त्यस्को असह्य पीडा निवारणकोलागि भक्तहरुले आमा संग पुकारा गर्न भने, स्वामीजीले हांसेर भन्नु भयो पहिलो कुरा त आमालाई छोराको कष्टको जानकारी नहुने कुरै भएन, दोश्रो कुरा मैले वहाँसंग यो कष्टको निवारण गराई नै माँगे पनि जुन कुनै पापको यो परिणाम हो, त्यो माफी भैहाल्ने त होइन,अर्को कुनै जुनीमा भोगनु त पर्ला नै,भने यही जुनीमा हिसाब फर्छौट गरे झनै राम्रो । यो कुराले तमाम शंका हरुको उत्तर दिन्छ ।

**रुपक** : राम्रो कामको राम्रो र खराब कामको खराब परिणाम तुरुन्ता तुरुन्तै हुने भएदेखि त मानिसले खराब काम देखि डराउँथ्यो होला । राम्रो काम गर्थ्यो होला र दुनिया स्वच्छ र सुन्दर हुन्थ्यो होला । ईश्वरले यस्तो व्यवस्था किन गरेनन् ?

**रामजी** : ईश्वरको व्यवस्था नै यस्तै छ । हामी सबैले खराब काम गर्नु हुँदैन भन्ने कुरा जानेकै छौं तर पनि खराब काम गर्छौं । बबुरको बिरुवा लगाउँछौं तर आँप फल्ने आशा गर्छौं । बबुरको बोटमा काँडा र आँपको बोटमा आँप तुरुन्तै त फल्दैन नि । बिरुवा परिपक्व भएपछि मात्र काँडाको रुखमा काँडा र आँपको रुखमा आँप फल्छ । खुर्सानीको पात , डाँठ र कलिलो खुर्सानी कहाँ पिरो हुन्छ र ? परिपक्वताले पो पिरो बनाउँछ । त्यस्तै पाप पुण्य पनि पाक्नु पर्दछ र समय आएपछि यिनीहरुले फल दिन्छन् । यो त प्रकृतिकै नियम हो र यो नियम धेरै अर्थमा ठीक पनि छ ।

**गायत्री** : होइन, यिनै भगवान हुन् भनेर सबै प्रकृतिका मानवले बुझ्ने गरी स्पष्ट पारिदिनुस् न त ?

यति शंका उपशंकाको उत्तर र परिचर्चामा कुरा त फेरी पुरानै ठाउँमा आयो । अनि कुनामा अडेस लगाएर आँखा चिम्म गरेर थकाई मारेर बसेका यज्ञ गुरु फेरी सोझिए ।

**यज्ञ गुरु** : ईश्वरको अस्तित्वको बारेमा तिमिहरु किन स्पष्ट भैराखेका छैनौ ? यति धेरै चर्चा भएर पनि प्रश्न आफ्नै ठाउँमा छ । लौ सुन म बताउँछु फेरी सुन । यो भूमण्डल, वायुमण्डल, सूर्य, चन्द्र तारामण्डल र निहारिका जे जति हामीले देख्छौं यति मात्र संसार हैन । व्यापक अर्थमा कुरा गर्ने हो भने यस्ता सूर्य, चन्द्र, ग्रह, उपग्रह, निहारिका र तारामण्डल अरबौं खरबौं छन् । कति छन् भन्ने गन्ती नै हुन सक्दैन । यो आकाश कति विस्तृत छ यसको कल्पना नै गर्न सकिँदैन । यसैमा शास्त्रले यद्धपि सातलोक चौदह भुवनको कल्पना गरेको छ तर यो विस्तार अनन्त छ । यो अनन्त छ । यो अनन्त शून्यमा, अर्थात आकाशमा, जुन अरबौं खरबौं पृथ्वी, ग्रह, नक्षत्र, सूर्य, चन्द्र र ताराहरुछन् ती कुनै पनि स्थिर छैनन् । यो शून्यमा सबै एउटा निश्चित, तर छुट्टा छुट्टै गतिमा दौडिरहेका छन्, घुमिरहेका छन् । नाचीरहेका छन् । सबैको निरन्तर यात्रा जारी छ । यी प्रत्येकको प्रत्येकसँग निश्चित सम्बन्ध छ । निश्चित दूरी र निश्चित निकटता छ । सबथोक सुनिश्चित र अनुशासित छ । यस्तो नभएको भए यी सब आपसमा ठोक्किएर ध्वस्त भैसक्ने थिए । उनीहरुको उत्पत्ति कुन

तत्वबाट भयो र मूल तत्व के हो ? उनलाई दिशा  दशा र अनुशासन कसले दिरहेको छ ? कुनै सूत्रधारले सुत्र संचालन नगरेरै के यस्तो गतिशीलता सम्भव हुन्छ, यस्तो अनुशासन हुनसक्छ ? कुनै अटोमेटिक मेशिनलाई विधिवत अप्रेट गरेपछि मेशिन कियाशील ह्रुन्छ र आफनो काम गर्छ । अटोमेटिक मेशिनको मेकेनिज्म स्वसंचालित हुने किसिमको बनाइएको हुन्छ र त्यसको संचालन गरिरहनु पर्दैन । ठीक त्यस्तै ईश्वरले एकबाट अनेकौ हुने इच्छा गर्नासाथ यी ग्रह नक्षत्र,पहाड ,पृथ्वी,नदी,समुद्र,मानिस , पशुपक्षी वन जंगल आदि विभिन्न दृश्य र अदृश्य चीजवस्तु प्रकट  भएर स्वसंचालित भएका हुन् **। यो श्रृष्टि ईश्वरको फैलावट हो ।**

**मनुस्मृति प्रथम अध्यायको श्लोक ४ देखि ३८ सम्म** भगवानको श्रृष्टि रचना को इच्छाले उनी प्रकट भएर सबै श्रृष्टिको रचना गरेका हुन् भनिएको छ । ईश्वरले  विशाल र विभिन्न रुपमा आफूलाई प्रकट गरेका  हुन् र ईश्वरले आफुलाई  खुम्चाउनासाथ यी सबै थोक खुम्चिएर ईश्वर मै विलीन हुन पुग्ने छन् । हामीले भुवाको ठुल ठुला लड्डु देख्छौं तर मुठीमा  दबाउना साथ फुरुक्क परेको भुवा हराउंछ र चीनीको सानो टुका हातमा शेष बच्छ । त्यो लडडुको मूल तत्व एक दाना  चीनी मात्र हुन्छ । मानिस पशु पन्छी  रुख आदि दृश्यमान कुराहरुको अंत पछि के बच्छ ? सब माटो भै हाल्छ । अनि हाम्रो मूल तत्व के हो त ? प्राण कहाँ गयो ? त्यही परम तत्वमै त मिसियो ।

यसरी ईश्वर विभिन्न रुपमा प्रकट भएकोले ईश्वरको रुप रंगको ठेगानै छैन । हामीले जे देख्छौं सुन्छौं अनुभव गर्छौं त्यो सबै ईश्वरकै रुप हुन् । **ईश्वर खुम्चिए भने निराकार छन् र विविध रुपमा प्रकट भए भने साकार छन् । ईश्वर सम्पूर्ण विश्व ब्रह्माण्डमा व्याप्त छन् । उनी नभएको त स्थान छँदैछैन र, उनी नभएको स्वरुप पनि केही छैन ।**

**उमा** : ए ! बल्ल बुझियो । कण कणमा भगवान भनेकै रहेछ नि ! उता मुश्लिमहरुले पनि जर्रा जर्रामा अल्लाह छ भन्छन् । भनेपछि कुरा त मिल्ने रहेछ ।

**यज्ञ गुरु** : कुरा यत्ति मात्र हैन । **"कण कणमा भगवान छन् ।" भन्नु भन्दा कण कण नै भगवान हो, भन्नु पर्दछ  र, बल्ल कुरा मिल्छ । भगवान विश्व ब्रह्माण्डमा व्याप्त यौटा विद्युत तरंगको प्रवाह,भमरा झैं गुंजायमान भैरहेको यौटा ध्वनि विशेष हो , जसले इच्छा अनुसार जस्तो र जुनसुकै रुप धारण गर्न सक्दछ ।**

**उमा** : तर, कुनै कुनै पंथ सम्प्रदायमा त ईश्वर मन्दिरमा अथवा कुनै निश्चित क्रियाविधि सम्पन्न हुने  ठाउँमा मात्र छन् भनेर भन्छन् नि !

**यज्ञ गुरु** : कुनै धर्म सम्प्रदायले त्यस्तो कुरा गरेको भए उही जानोस् । म फेरी पनि के कुरा दोहोऱ्याइरहेको छु भने ईश्वर तर्क वितर्कको विषय नै होइन । ईश्वर श्रद्धा, विश्वास र आस्था हो । ढुंगामा पनि जब हाम्रो श्रद्धा विश्वास र आस्था दृढ हुन्छ तब मात्र खम्बा चिरेर नरसिंह प्रकट हुन सक्दछन् र, द्रौपदीको साडी लाखौं मिटर बढ्न सक्दछ । ईश्वरीय सहायता अचानक प्राप्त हुने गरेको तथ्य सर्वविदित नै छ । ती ठाउँहरु मन्दिर त होइनन्

जहाँ भगवान प्रकट भएका छन् , अथवा जहाँ आकस्मिक मद्दत पुऱ्याएका छन् । हाम्रा सम्पूर्ण शास्त्र र अन्य सबै प्रमुख धर्ममा ईश्वरलाई सर्वव्यापक र अविनाशी नै मानिन्छ ।

**रुपक :** त्यसो हुनाले ईश्वरको अनुहार भनेको दृश्य अदृश्य सम्पूर्ण चीज वस्तुहरु र घर भनेको सम्पूर्ण विश्व ब्रह्माण्ड हो ?

**यज्ञ गुरु :** ईश्वरको अनुहार या स्वरुप तिमीले भने अनुसार ठिकै हो । कौशल्या, यशोदा, अर्जुन र काकभुशुण्डीलाई यसै विराट रुपको दर्शन भएको थियो । ईश्वरको घर अर्थात निवास स्थान भने पछि ईश्वर सम्पूर्ण ब्रह्माण्डमै व्याप्त सत्ता हो । अनि ईश्वरको उपस्थिति अथवा अस्तित्वको प्रमाण पाउनको लागि खोजी गर्न चाहनेले आफ्नो बाहिरी आँखा बन्द गर्नु पर्छ । संसारदेखि आफूलाई अलग राख्नको लागि अर्थात आँफूले संसारलाई साक्षी भावले हेर्न सकिने अभ्यासको लागि सर्वप्रथम आफ्ना दशओटा इन्द्रियलाई आफ्नो काबूमा राख्नु पर्दछ । त्यसपछि मनको दौड रोक्नु पर्दछ । यति भएपछि बाहिरी संसारमा रमाउने मनले अन्तरमुखी हुन र भित्रको यात्रा शुरु गर्न थाल्दछ र, जब मन आफ्नै अन्तस्थलमा उत्रिन थाल्छ, जति जति गहिराईमा पुग्दै जान्छ, उसलाई प्रकाश, अलौकिक प्रकाश ईश्वरको आभास हुन थाल्दछ । ईश्वरलाई अनुभव गर्ने प्रक्रिया यही ध्यान , धारणा र समाधि हो । दोश्रो तरीका भक्ति मार्ग हो,भगवान को स्मरण र नाम संकीर्तन गर्दै ध्यानस्थ हुन पुग्नु,या आर्त भावले पुकार्नु ।

**उमा** : भौतिकवादीहरुले त ईश्वर छँदै छैन । स्वर्ग, नर्क, पाप, पुण्य, पुनरजन्म आदि सब मिथ्या कुरा हुन् भन्छन् नि ?

**यज्ञ गुरु** : यी भौतिकवादीहरु पनि यसै संसारका मानिस हुन् । सुख दुःख, हानि, लाभ, जीवन, मरणदेखि अलग त छैनन् । यिनले पनि संसारलाई सुखी नै देख्न चाहन्छन् होला । त्यसैले आफनो भावना त्यसरी व्यक्त गरे होलान् । अब हामी के हेरौं भने संसारमा ईश्वरीय सत्ता छ र हाम्रो शुभ र अशुभ कर्मको हिसाब रहन्छ जस अनुसार हामीलाई सुख र दुःख प्रप्त हुन्छ भन्ने मान्यता राख्नेहरुकै संख्या संसारमा बढी छ । नास्तिक त एक मुठ्ठी होलान् र जब यत्ती ठूलो जनसंख्याले भगवानको भय मानेको छ र पनि संसारमा यति अत्याचार, पाप र पाखण्ड छ भने यदि सबैको मनबाट अदृश्य ईश्वरीय सत्ताको भय निकाली दिने हो भने त संसारमा चारैतिर लुट, हत्या, बलात्कार र चौतर्फी भय र अशान्ति फैलिदैन र ? त्यो अवस्थामा त यो पृथ्वी नर्क भैहाल्छ । एकले अर्कालाई सिध्याईहाल्छ । पृथ्वी मानवविहीन हुन बेर लाग्दैन । हामी त्यो पनि त सोचौं । ती नास्तिकका सुख शान्ति पनि सकिन्छ । तिनीहरु पनि त नासिन्छन् ।

ल एक छिनको लागि नास्तिकहरुकै कुरा सही मानौं , भगवान छैन रे , तर कुनै अदृश्य सत्ताको भयको अभावमा जब मानव र मानवता नै शेष नरहने पक्का छ भने खेतबारीमा बाली नाली बचाउनलाई बुच्याखा ( Scarcrow नक्कली मान्छे,ऊढ ) खडा गरेझैं, लौ झूठकै सही, एउटा भगवानको कल्पना गरेर के विग्रन्छ ? काल्पनिकै ईश्वरले मानिसमा

दया, माया, प्रेम, करुणा, पारस्परिक सहयोग र सहअस्तित्वमा विश्वास राख्न लगाएर जंगली मानिसलाई आजको प्रगतिशील मानिस बनाएको छ र सुन्दर भविष्यको बाटो प्रशस्त भैरहेको छ, पृथ्वी र प्राणी जगत बाँचन पाउने “आधार” एउटा “अदृश्य शक्ति- अदृश्य भय” को रुपमा खडा छ भने भगवान मानेर कसको के बिग्रीयो ? ल कल्पनै सही,नास्तिक हरु कै कुरा ठीक रे । तर दैवी सत्ताको धारणाले संसारलाई कायम त राखेको छ । अनि यो “कल्पना” प्रति श्रद्धा, कृतज्ञता प्रकट गर्ने कि नगर्ने ? गणितमा अज्ञात उत्तर थाह पाउनको लागि एउटा कल्पना गरिन्छ - “मानौं त्यो संख्या एक्स ९ह० हो भन्छौं र प्रश्न हल गर्दै जाँदा अन्तमा सही उत्तर प्राप्त हुन्छ । कल्पनाबिना उत्तर निकालोस् त कुनै भौतिकवादीले ।

कुनै नास्तिकले यसैको तर्कसंगत उत्तर देओस् न ?मुडकी बल मात्रै देखाएर हुन्छ ? साँच्चैको भगवान प्राप्तीको विधि र प्रकृया त मैले बताई नै सकें । कुनै भौतिक सम्पदाको खर्चविना, केवल जिज्ञासा र साहस जुटाएर कोही भौतिकवादीले ईश्वरको साँच्चै नै खोजी गर्छ भने म ग्यारेण्टी भन्छु ऊ ईश्वरको नजिक पुग्न सक्दछ । ईश्वरको अस्तित्व छ, यो कल्पना हैन भन्ने कुरा उसले स्वयं ठहराउन सक्दछ ।

**आदित्य :** यो विधि र प्रकृया त अति नै कठिन छ ।

**यज्ञ गुरु** : विधि र प्रकृया त सजिलो छ तर सर्व प्रथम आफनो ज्ञान, आग्रह र विचारलाई पर हुत्याएर, आफुलाई खाली गरेर सत्य खोजने आँट गर्नु नै कठिन छ । पहिलो पाइला उठाउनु नै कठिन छ नत्र भने हिमालय कति पाइला अग्लो छ र ? एक एक पाइलाले दूरी घटाउने त हो । तर सबै भन्दा पहिला चाहिन्छ इच्छा, उच्च मनोबल र आँट । साहस । अनि प्राप्त नहुने चिज के छ र ? बालक नरेन्द्रको मनमा पनि त यस्तै शंका उठेको थियो तर तिनले साहस गरे र अन्त मा भगवानलाई बुझ्न सफल भए, जसले गर्दा उनी स्वामी विवेकानन्द भए ,तिनले अमेरिका सम्म धर्मध्वजा फहराए, ठुलठुला भौतिकवादी र क्रिश्चियन धर्मावलम्बी अंगरेजहरु तिनको पाउमा शिर राख्न पुगे ।

---

# अध्याय ६
# धर्म र दैवी शक्ति

**रमेश :–भगवान खोजदै हिडने झंझट गर्नु भन्दा मानव मुक्तिको अर्को सरल बाटो के हो ?**

**यज्ञ गुरु :–** अर्को बाटो ? भगवान खोज्दै हिंडनु भन्दा नीति नियममा बसे त भै हाल्यो नि । केही सजिला कुरा बताउंछु सुन–

**असतां सङ्गदोषेण साधवो यान्ति विक्रियाम ।**
**दुर्योधनप्रसङ्गेन भीष्मो गो हरणे गतः ॥**
**– पंचतन्त्र कथा कम ८**

( दुष्टको साथ गरेमा सज्जन पनि दुष्ट बन्न पुग्छ । दुर्योधनको साथमा भीष्मपितामह पनि गाई चोरी गर्न गएका थिए ।)

**मृग– मीन –सज्जनानां तृण –जल –संतोष विहित वृत्तिनाम ।**
**– भर्तृहरि नीति शतक–६१**

(मृग घाँसमा,माछो जलमा र सज्जन मानिस संतोषमा रमाउंछन् र कसैलाई सताउंदैनन्)

**अनभ्यासे विषं शास्त्रम जीर्णे भोजनं विषम् ।**
**–चाणक्य नीति–४।१५**

(जसरी पेटमा कबज भएको बेलामा खाएको अन्न विष जस्तो हुन्छ त्यस्तै निरन्तर अभ्यास नगर्नाले शास्त्र ज्ञान पनि घातक विष बन्न पुग्दछ )

**मुक्त्वेकं भव दुःख–भार रचना विध्वंसकालानलम् ।**
**स्वात्मानन्द पद प्रवेश कलनं शेषैर्वणिग्वृत्तिभि ॥**
**–भर्तृहरि वैराग्य शतक–७१**

(एकमात्र ब्रह्म चिन्तन द्वारा नित्य सुख प्राप्त हुन्छ , बाकी कुराहरु बनियाको व्यापार झैं लेनदेनमा मात्र आधारित छन् ।तसर्थ “ब्रह्म सत्यं जगत मिथ्या” नै उपयुक्त शाश्वत सत्य हो ।)

**आशु** : भगवानलाई मानेपछि सर्वप्रथम पहिलो नोक्सान के देखिन्छ भने गुरु पुरोहितहरुको पाखण्ड । पण्डा पुरोहितहरुको ठगाई, जाल, परिपञ्च, जादू, टुनामुना, अन्धविश्वास, ग्रहदशा, नक्षत्र र देवी देवताको रुष्टताको कथाबाट भाग्यवादिताको प्रभाव र मानिसको असफलता । सामाजिक विकृतिको वृद्धि । तमाम कुरा छन् त ?

**यज्ञ गुरु** : तिम्रो स्पष्ट संकेत हिन्दू तीर्थ र देवस्थल तथा पण्डा, पुजारी र पुरोहितहरुतर्फ ईंगित रहेछ । ठीक छ । पहिले अन्य धर्ममा हेरौं । इस्लाममा प्रत्येक

मुसलमानले प्रत्येक वर्ष प्रति व्यक्ति, एकदिनको बच्चा देखि बृद्धसम्म सबैले आफूले आबद्ध रहेको नजिकको मस्जिदमा निश्चित मात्रामा ५ किलो अन्न बुझाउनै पर्छ। सबैले बुझाएका छन् । अल्लाहको डर छ । रोजा, नमाज र सप्ताहमा एक पटक मस्जिदमा भेला हुन्छन् धार्मिक छलफल, निष्कर्ष र पुरोहितको आदेश सर्वमान्य हुन्छ कसैले कुनै तर्क वितर्क गर्दैन, गर्न पाउँदैन, किनकि अल्लाहभन्दा ठूलो कोही छैन । क्रिश्चियन र शिख धर्ममा पनि लगभग यस्तै छ । यस कारण गुरु पुरोहितको गुजारा चल्नमा त्यति ठूलो समस्या हुँदैन । धार्मिक काम कुरा यज्ञ भण्डारा सजिलै चलिरहन्छन । तर, हिन्दुमा ? मनु स्मृति र चाणक्य नीतिमा आफ्नो कमाईको एक निश्चित अंश दान गर्न लेखेको छ यसको अतिरिक्त विभिन्न चाड पर्व र खेत खलिहानबाट गुरुपुरोहित गरीब, अशक्तहरुलाई दान गर्ने प्रावधान छँदैछ । तर यस्ता कुराहरु अहिले लगभग लोप भैसकेका छन् । तीर्थाटन गर्न जानेहरुले  कतिपय मठ , मन्दिर र आश्रमहरुमा निशुल्क खान्छन् बस्छन् । बिजुली, पानी सबै सुविधाहरु प्राप्त गर्छन् तर हिड्दा कि त २१/- वा ५१/- रुपैंया चढाउँछन् कि त त्यसै हिँड्छन् र आँफूलाई चलाख सावित गर्छन् । खाए बसेको न्यूनतम रकम सम्म पनि बुझाउँदैनन् । अनि धर्मस्थलहरुको व्यवस्थापन जीर्णोद्धार र गुरु पुरोहितहरुको गुजारा कसरी चल्न सक्दछ ?

दोश्रो कुरा हामीले गुरु पुरोहितलाई बोलाउँछौं । कथा, पुराण सुन्छौं, श्राद्ध गर्दछौं,साइत, लगन, ग्रहदशा, विचार गराउँछौं , दिनभर बसाउँछौं र पुरोहितको विदाईमा एकमाना चामल र ११/- रुपैंया राख्छौं । गाई दान गर्छौं नवग्रह पुजा गर्छौं तर हातमा पाँच रुपैंया दिन्छौं । के पाँच रुपैंयामा गाई आउँछ ? अहिले निरक्षर श्रमिकको  दैनिक ज्याला पनि चार/पाँच सय रुपैंया छ भने हामीले गुरुपुरोहितलाई ५१/- रुपैंयामा दिनभर घरमा कुराउन सुहाउँछ ?

तेश्रो कुरा हामीले विभिन्न मनोकामना पुरा गर्नलाई भाकल गर्छौं, भगवानसँग करोडौं अरबौं, खरबौंको धन पुत्र, पुत्री र सुख समृद्धि पाउन, उद्योग व्यापार चलाउन यहाँसम्म कि जुवा जित्न, चोरी, डाँका र मुद्धा मामिलामा सफलता पाउनको लागि पनि भगवानलाई गुहार्छौं । अनि अस्पतालमा अन्तिम अवस्थामा छट्पटिँदा होस वा अपरेसनका क्रममा अपरेसन सफल होस् भन्दै भगवानलाई नै पुकार्छौं । के भगवान हाम्रा नोकर हुन् ? देवी देउता हाम्रा कमारा कमारी हुन् ? अनि भगवान अथवा देवी देउता के यति सस्ता, गरीब र उल्लु छन्  कि हामीसँग सय, पचास रुपैंयाको भोग प्रसाद खाएर हामीलाई अतुल सम्पदा देउन् । हाम्रा उचित अनुचित सबै इच्छा पुरा गर्दै जाउन् । हाम्रा अघि पछि नाचुन् । कस्तो विडम्बना ? कस्तो उल्लु चिन्तन् ? अरबौंको चाहना राख्ने मानिसले भगवानलाई एउटा खसी बोका चढाउने अथवा सय पचासको मिठाई खुवाउने लोभ देखाएर फकाउन चाहन्छ ।

चौथो कुरा मानिस जाति यति कामचोर र हरामखोर भैसकेको छ कि काम नै नगरेर फल खोज्छ, विना लगानी धन खोज्छ, र अशान्ति हुने काम गरेर शान्ति खोज्छ । त्यसको लागि तन्त्र, मन्त्र, ताबीज र विभिन्न रत्न धारण गर्ने र सानोतिनो दान, उपवास आदि

उपायहरुको सहारा लिन्छ । यद्धपि यस्ता काम र चीजवस्तुको आफ्नै महत्व छ तर श्रम, लगानी र तप विना नै कुनै फल र दीर्घकालीन सुख र समृद्धिको खोजी गर्नु भनेको त मूर्खता मात्रै हो । अरुलाई उपदेश दिँदै हिड्ने समाजका अगुवाहरु पनि यस्तै कार्यमा लिप्त देखिन्छन् ।

रोममा एकताका  क्रिश्चियन पादरीहरुले विभिन्न शहरमा गएर पापमोचन यन्त्र विक्रि गरेर  पैसा कमाउँथे । यसै क्रममा  एक शहरबाट यन्त्र बेचेर अर्को शहरमा जान लागेका पादरीहरुलाई बाटोमा डाँकाहरुले लुट्न थालेछन् । पादरीहरुले हामी त धार्मिक व्यक्ति पादरी हौं, हामीलाई लुटेमा त पाप लाग्छ, नर्क जानु पर्ला भनेछन् । डाँकाहरुले हामीले पापमोचन यन्त्र किनेर घाँटीमा बाँधेका छौं, अब जति पाप गरेपनि हामीलाई पाप लाग्दैन भने र खुब लुटपाट गरेछन् । क्या गजबको तर्क ? जस्तालाई त्यस्तै ।

हाम्रो हिन्दु समाज लोभ, मोह र तमाम विकृतिहरुमा यसरी जकडिएको छ कि आफू र आफ्नो स्वार्थ बाहेक अरु केही पनि देख्दैन । भगवान मान्दछ तर भगवानको कुरो मान्दैन । आफ्नो स्वार्थ अनुसार धर्मको व्याख्या गर्छ । गुरु, पुरोहित, मठ ,मन्दिर र धर्मका नाममा न त धन खर्च गर्न चाहन्छ र न त श्रम नै खर्च गर्न चाहन्छ । गुरु पुरोहितका कुरै छोडौं, शंकाराचार्य, जसले समय समयमा युग धर्म बताउने हो, धर्मको व्याख्या गर्ने हो र धार्मिक आदेश दिने हो जसको आदेश हिन्दू मात्रको लागि अन्तिम आदेश हुन्छ, त्यसमा कुनै तर्क वितर्क गर्ने कुरा आउँदैन, त्यसमा आजका  हिन्दूहरुले कत्तिको विश्वास र श्रद्धा गरेका छन् ? विचारणीय छ । चिन्ताको विषय छ ।

यसतो अवस्थाका तपाईं हामीलाई गरीब गुरु पण्डा र पुरोहित जसका युगानुसारका ईच्छा आकांक्षा र आवश्यकताहरुमा बृद्धि भएको छ , घर परिवार बालबच्चाहरुको लालन पालन र शिक्षा दिक्षामा विकराल रुपमा खर्च बढिरहेको छ , महँगीको मार परेको छ , जीवनोपयोगी मेशीन , साधनसुविधा किन्नु परेको छ , तिनले हामीलाई ठग्दछन् भने बढी दोषी को त ? हामी कि तिनीहरु ? सप्ताहमा एक दुइटा कथा वार्ता गरेर सय पचास रुपैंया कमाउन पाउनेहरु दोषी कि हाम्रो कञ्जूस समाज दोषी ?त्यसैले म त के भन्छु भने अन्य विविध काममा हामीले आफनो शक्ति र सामर्थ्य खर्चिने गरे जस्तै धर्म क्षेत्रमा पनि यथेष्ट खर्च गर्नु पर्दछ । तर हामी गर्दैनौं । किन ?

पालेका कुकुर, बिरालाको जन्मदिनमा लाखौं खर्च गर्ने समाजमा  नवजात शिशुको नामाकरण गर्ने, जन्मदिनको आशीष यज्ञ गराउने, पितृ पुर्खाको तर्पण र श्राद्ध गराउने, समाजलाई पापबाट बच्न, मानवीय व्यवहारमा बस्न र सुख शान्तिको सात्विक दीर्घकालीन उपाय बताउने तर एक माना चामल र सय पचास रुपैंया पाएर गुजारा चलाउन बाध्य रहने ती गुरु पुरोहितहरुलाई दोषी भन्नु सामाजिक न्याय हो त  ? वास्तविक दोषी को ?

**यज्ञ गुरु** खोक्न थाले, बोल्दा बोल्दै थाके र निढाल भएर भित्तामा अडेस लगाएर पल्टे । सबै चुप भए । सबै चिन्तनशील भए । तीर्थमा आत्मशोधन भएको अनुभव गर्न थाले । एकछिनपछि त्यही भीडमा बसीरहेका रुपकले प्रश्न गरे :

**रुपक** : हिन्दू धर्ममा यति धेरै विकृति रहेछन् । त्यसो भए अन्य धर्महरु यो भन्दा त राम्रो होलान् ?

**यज्ञ गुरु** : मैले अघि जुन कुरा भनें त्यो सामाजिक यथार्थ हो । तर , म ती गुरु पुरोहित र धर्मका नाममा हुने कुनै पनि अनीति र विकृति ,चोरी, ठगी, बेइमानीको समर्थक हैन नि । यो अवस्थाको सुधार गर्न जरुरी छ । अन्यथा ठूलो दुर्घटना हुन सक्छ । परापूर्व कालमा हाम्रा आदि पुर्खाहरुले विकास क्रममा सयकडौं हजारौं वर्षका अनुभवमा ठीक ठहरिएका कुरालाई गर्नुपर्छ र बेठीकलाई गर्नु हुँदैन भने । अर्थात, कर्तव्यलाई धर्म र निषेधलाई पाप भनियो । यसरी हिन्दू धर्मको संस्थापक कुनै एक व्यक्ति हैन र कुनै निश्चित तिथि मितिमा यसको घोषणा पनि भएको होईन । यो धर्म कर्तव्यहरुको समूह भएकोले मानिस जातिमा विकासक्रममा जब जुन कुरा अनावश्यक र बेठीक ठहरियो त्यो हट्दै गयो र जुन नयाँ काम कुरा समाजलाई आवश्यक भयो त्यो स्वीकार्य र पालनीय हुँदै आएको हो । हिन्दु धर्म अर्थात सनातन धर्म जीवन जिउने पद्धति हो  यस कारण यो धर्ममा तर्कशीलता र विचार विमर्शलाई स्थान दिइन्छ । नव नवीनलाई धारण गर्ने प्रवृत्तिका लागि नै यसलाई “सनातन” भनिन्छ । यसै कारणबाट यो धर्मको कुनै सिद्धान्त विशेषलाई विस्तृतीकरण र विशिष्टीकरण गर्ने प्रयत्नमा शैव, शाक्त, वैष्णव, कृष्णप्रणामी, रामानन्दी, कबीरपन्थी, भक्तिमार्गी, ज्ञानमार्गी, अघोरपन्थी र ओम् शान्ति , जगगुरुदेव , नानकशाही ,  आदि तमाम पन्थहरु विकसित भएका छन् ,भने बौद्ध, जैन आदि सम्प्रदायहरु धर्मका रुपमा आएका छन् । इस्लाम , यहुदी र क्रिश्चियन धर्महरुमा पनि सनातनी सिद्धान्तहरुको प्रतिस्थापन देखिन्छ । छोटकरीमा भन्नुपर्दा सनातन धर्मदेखि बाहेक अन्य सबै धर्महरुको प्रचलनको निश्चित तिथि मिति छ र सबैका प्रवर्तकहरु पनि छन् । जस्तै इश्लामका प्रवर्तक मुहम्मद साहेब र प्रारम्भ छैठौं शताब्दी, इसाई धर्मका ईशामसीह र प्रारम्भ ईश्वी सनको शुरुवात, सिखका प्रवर्तक गुरु गोविन्द सिंह र प्रारम्भ स. १७५५ ।

कमी कमजोरीका सन्दर्भमा आजको समाजको आवश्यकताका आधारमा सबै धर्म सम्प्रदायहरुमा कमी कमजोरीहरु छन्, भने सनातन धर्म यो त आदि धर्म हो । यसका सिद्धान्त र व्यवहारमा तथा यसको प्रयोगमा व्यवसायिकताको प्रवेश भएकै हो । यो धर्ममा कतिपय ठग चोर डाँका अल्छि, प्रमादीहरु पनि साधुको रुपमा भेष धारण गरेर घुम्दैछन् । साधु, सन्यासी, वैरागी र नागा जस्ता तमाम सम्प्रदाय छन् । तिनीहरुमा ज्ञान, परोपकार, नम्रता र समाजनिष्ठताको सट्टा कतिपयले त  दिनभर उपदेश गर्ने र लुकीछिपी माछामासु, भाङ, अफीम, रक्सी जस्ता नशा खाने मस्त रहने, झै झगडा, गाली गलौज, गर्ने आफ्नो उद्दण्ड व्यवहारले गर्दा यो धर्मलाई निकै ठूलो आघात पुऱ्याएका छन् । अझ **“तस्कर: आशक्त साधुवा”** । **“नारि मरी धन सम्पत्ती नासी-मूड मुडाय भयो सन्यासी । ”** जस्ता

उक्तीहरु यस्तैका लागि चलेका छन् । वास्तविक विकृति यिनै हुन् । यसता विकृतिमा अंकुशी लगाउने शंकराचार्य जस्ता धर्माधीकारीहरु असमर्थ छन् भने राजनीतिक शक्तिहरुले पनि धर्ममा (?) हात हाल्न हच्कन्छन् । धर्मलाई व्यापार, पाखण्ड र ठगीको विषय बन्नदेखि रोक्न सकीरहेका छैनन् र धार्मिक र जातियताको आधारमा कोही सानो, कोही ठूलो हुने गलत परम्परालाई रोक्न सकेका छैनन् । यिनै त मूल समस्याहरु हुन् । जसले गर्दा सनातन धर्म जो संसारकै श्रेष्ठतम जीवन पद्धती हो, यो नै अहिले युवा पुस्ताबाट उपेक्षित अवहेलित तथा पुराना पुस्ताबाट तिरस्कृत हुँदै गएको छ ।

**गायत्री** : अनि हिन्दू धर्मको सजिलो अर्थ र अन्य धर्म संगको प्रमुख अंतर के छ ?

**यज्ञ गुरु** : संसारका अन्य प्रमुख धर्म या पंथहरु पुरुषप्रधान छन् अर्थात तिनको मान्यतामा भगवान लोगने मानिसको स्वरुपमा छन् यस कारण तिनले स्त्री जातिलाई पुरुष भन्दा निम्न स्तरमा राखेका छन् र भोग्या मानेका छन् , तर सनातन हिन्दू धर्ममा स्त्री र पुरुष समान धारणा छ । त्यसैले प्रकृति र पुरुषको संयोगको नाम श्रृष्टि मानिन्छ । यो धर्ममा ईश्वरको आकारका बारेमा दुइटा मत छन् । पहिलो , ईश्वरलाई निराकार ब्रह्म भनेपछि ईश्वरको कुनै आकार नै छैन , न स्त्री न पुरुष । दोश्रो , साकार मान्ने मत का अनुसार ईश्वरको अर्धनारी र अर्ध पुरुष रुप हुन्छ । अर्धनारीश्वर मूर्ति र तस्वीर हामीले देखेकै छौं, पूजीरहेकै छौं । यसमा देवी र देवता दुवै को आराधना हुन्छ । अझ देवता भन्दा देवी कै आराधना पहिले हुन्छ । यो सिद्धान्तले नारीलाई पुरुष भन्दा माथिल्लो स्तरमा राख्दछ । जसले गर्दा **यत्र नारिस्य पूज्यन्ते रमन्ते तत्र देवता** भनिएको छ । यो मान्यता संसारमा अन्यत्र कहीं पनि छैन ।

हेर हामी जुन सनातन धर्ममा छौं, विश्वकै प्राचीनतम धर्म हो । तर प्राचीनताकै आधारमा यसलाई मान्ने र अरुलाई नमान्ने भन्ने कुरा हैन ।“ धृ ” धारणे धातुमा मन प्रत्यय लगाएर धर्म शव्द शिद्ध हुन्छ । **धारयात धर्मम् इत्याहु धर्मम् धारयते धियाः** । अर्थात मानिसले धारण गर्ने वैदिक सनातन विचार नै धर्म हो अर्थात **“धारण गर्ने योग्य विचार र व्यवहार धर्म हो” ।**

त्यस्तो विचार के हो त ? भन्दा, (१) **सर्व जन हिताय सर्व जन सुखाय** २) **उदारचरित्रानामतु वसुधैव कुटुम्बकम्** । अर्थात उदार चरित्रले नै विश्ववन्धुत्व कायम हुन्छ

हिन्दू धर्म लाई चार वर्गमा हेर्न सकिन्छ :–

(१) **वेद प्रणीतो धर्मः**– वेदले प्रमाणित गरेका काम कुरा अर्थात आहार विहार र आचरण । वेद वेदज्ञ अर्थात वेदको अर्थ ज्ञान हुन्छ । ज्ञान चरम सीमामा पुगेपछि विज्ञान हुन्छ ।

(२) **शास्त्र निर्दिष्टो धर्म** :–विभिन्न धर्मावलम्बीका आफना शास्त्रले निर्देश गरेको कुरा मान्नु धर्म हो ।

(३) **कुलाचारणे कर्तव्यपालनम् धर्मः**–कुलको परम्परामा चलीआएको कुरा मान्नु धर्म हो ।

(४) **देश काल समाजस्य नियम परिपालनम् धर्मः**–समाजको नियम र देशको विद्यमान

कानून मान्नु धर्म हो । **तद् विपर्यय अधर्मः** । त्यस्को विपरीत जानु अधर्म हो ।

" **हिंसायाम् दूषण इति हिन्दू** ।" अर्थात जसले हिंसा गर्दैन, हिंसामा विश्वास गर्दैन त्यो हिन्दू हो । यस्को अर्थ **दया हिन्दुत्वको मूल तत्व मध्येको एक तत्व हो ।**

हिन्दु धर्ममा यति सूक्ष्म र गूढ विचार छन्, तथा आत्मा को जसरी निरिक्षण गर्न सकिन्छ र यस्मा दयालाई जुन स्थान छ त्यस्तो अन्य धर्ममा देखिदैन । यो धर्म किनकि मानिसको समग्र जीवनलाई उत्कृष्ट बनाउने आधार हो , यसकारण यो अति विस्तृत छ ।

**गायत्री :–**तर हिंसा त हिन्दू धर्ममा पनि हुन्छ । बलि दिने र मासु खाने प्रचलन छ ?

**यज्ञ गुरुः–** यो धर्ममा, राज्य कार्य संचालन र युद्धमा विजय पाउनलाई क्षेत्रीको हित हुने भनेर विकसित भएको शाक्त सम्प्रदायमा र तान्त्रिक प्रक्रियामा तथा मनु स्मृति को व्यवस्था अनुसार यज्ञमा ब्राह्मण द्वारा समेत शास्त्र सम्मत हिंसाले मान्यता पाएको देखिन्छ । यसको छुट्टै इतिहास र सिद्धान्तहरु छन् तसर्थ त्यसलाई हिंसा मानिएको छैन । तर अहिले कुनै किसिमको पनि हिंसालाई सभ्य समाजमा राम्रो मानिदैन । ती प्राचीन कुराहरुलाई विकृति नै मानिन्छ ।

**दीपेन्द्रः–** आजभोली हिन्दू धर्ममा अरुचि र अन्य धर्म प्रति आकर्षण बढेको देखिन्छ । यसको कारण के होला ?

**यज्ञ गुरु** :– कुनै चीजलाई ठीक बेठीक ठहराउनु भन्दा पहिले हामीले त्यस चीजको बारेमा समग्र पक्षको अध्ययन गरेर अनुसन्धान र चिन्तनको कसी लगाएर ठीक बेठीक हेर्नु पर्दछ । धर्मको बारेमा पनि त्यही कुरा लागू हुन्छ ।

राम्रो र नराम्रो ठहराउने दुइओटा उपायहरु हुन्छन् । एउटा त अध्ययन अनुसन्धान गरीसकेकाहरुले ठीक ठहऱ्याएको काम कुरामा विश्वास गरीहाल्नु र आँफूले कुनै झन्झट नगरेर त्यही बाटो लाग्नु । **"महाजनो येन गतो स पन्था** । " अन्य नयाँ धर्महरुमा यस्तै छ । प्रवर्तकले भनेको कुरामा सबैले श्रद्धा र विश्वास राखेर काम गर्छन् । अर्को उपाय हो स्वयं अध्ययन अनुसन्धान गर्नु र ठीक देखिएको नियम र व्यवहारलाई पालन गर्नु ।

हिन्दु धर्म प्रजातान्त्रिक छ । यसमा तर्क वितर्क र विचार विमर्श तथा व्यक्तिगत चिन्तनलाई पनि सम्मान दिइन्छ । यसकारण हामीले पनि कि त यसका सिद्धान्तहरुमा आँखा चिम्लेर विश्वास गर्नुपर्छ अन्यथा तर्क वितर्क र शंका उपशंका गरिन्छ भने यो धर्मको भित्री भागमा प्रवेश गरेर अध्ययन अनुसन्धान र यसका सिद्धान्तहरुको प्रयोग र पालन गर्दा पनि धर्म नै बेठीक ठहरियो भने मात्र अन्य जति धर्म छन्, तिनको नीति सिद्धान्त, आदर्श र व्यवहारलाई कसी लगाउँदा सर्वश्रेष्ठ कुन धर्म देखा पर्दछ ? बल्ल सर्वश्रेष्ठको चयनको कुरा आउँछ । यो धर्म खत्तम् फलानो राम्रो" भन्नेले पहिल्यै त स्वयं आँफैलाई के जाँच्नु पर्दछ भने उसले यो धर्मलाई कत्तिको जानेको छ , कति बुझेको छ, कति पढेको छ ? र, यसका सिद्धान्तहरुलाई जीवनमा उतार्दा के कस्तो परिणाम निस्केको छ ? जसबाट सबै जिज्ञासा र प्रश्नको शास्त्रीय उत्तर दिन ऊ सक्षम छ ? धर्मको सबै पक्षहरुको अध्ययन अवलोकन गर्ने क्षमता र पात्रता उसमा छ ? ऊ स्वयं कत्तिको जान्ने छ ? अरु धर्मलाई बुझ्ने योग्यता,

वातावरण र सामाजिक स्थिति के छ ? ऊ कहाँ बसेर कुन धर्मको कुरा गर्दैछ ? उसलाई आफ्नो धरातल र आफ्नो मूल्य मान्यताहरुको सही पहिचान छ ? विभिन्न धर्मको तुलना गर्दा उसले कति निरपेक्ष भएर गरेको छ ?

**रुपक** : त्यसो हुनाले अर्को धर्मको कुरा नगर्ने त ?

**यज्ञ गुरु** : किन नगर्ने ? गर्ने, तर मैले भने अनुसार अनुसन्धानको भारी बोक्ने क्षमता आँफूमा छ छैन ? त्यसको निर्क्यौल हुनु पर्दछ ।

**दीपेन्द्र** : तर, हिन्दु धर्मावलम्बीहरु खास गरेर दलित र जनजातिहरु हिन्दु धर्ममा छुवाछुत र विभेदीकरण भएको तथा छुवाछुत हटाएपनि उनीहरुलाई चार वर्ण मध्ये कुनैमा पनि समावेश नगर्ने हुनाले उनीहरु अन्य धर्ममा प्रवेश गर्ने ठूलो अभियान नै छ । यसप्रति हिन्दु धर्मावलम्बीहरु किन चिन्तित देखिँदैनन् ?

**किशोर** : राजनीतिक क्रान्ति जति सजिलो सामाजिक क्रान्ति हुँदैन । यूरोपमा बाह्रौं देखी पन्ध्रौं शताब्दीसम्म धार्मिक सामाजिक रुपान्तरणको प्रक्रियामा तीन सय वर्ष लागेको थियो । धर्म सत्ता र राज्य सत्ता को द्वन्दमा रगत को खोलो बगेको थियो । हिन्दुहरुमा पनि आफ्ना आन्तरिक विभेद र विकृतिहरुलाई निर्मूल पार्न केही समय त लाग्ला नै । परिवर्तन भैरहेको छ । अरु भन्दा हाम्रो गति तीव्र छ । शान्तिपूर्ण पनि छ । हामी सबैले आ-आफ्नो ठाउँबाट प्रयास गर्नु पर्दछ । तर धर्मान्तरण भएर जानु यसको समाधान त होइन । भावी पुस्ताको लागि झन् खतरापूर्ण छ ।यसकालागि शास्त्रीय प्रमाण हेरौं –

**श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।**
**स्वधर्मे निधनम् श्रेयः परधर्मो भयावहः ।**

**गीता–३।३५**

(अर्काको धर्म उत्थान अवस्था मै किन नहोस तर त्यस भंदा आफनो धर्म नै उत्तम हुन्छ । स्वधर्ममा बरु मृत्यु श्रेष्ठ हुन्छ तर अर्काको धर्म भयावह हुन्छ )

कोई कोई धर्मका अनुयायीले त अर्काको धर्म नष्ट गरेर आफनो धर्ममा तान्नु नै धर्म मान्दछन् । दुनियाका तमाम देशहरुमा अंग्रेज कि त व्यापारी बनेर या धर्मगुरु बनेर पसे र अन्तमा शासक भए । त्यो देशको नै शोषण र दमन भयो । ती देशका जनताका पुर्खाले खाएको पाउरोटी र लिएको भत्ता तिनका लागि अभिशाप बन्यो । इस्लाम धर्म पनि शक्ति कै आधार लिएर अगाडी बढीरहेको इतिहास र उदाहरण विश्व सामु छर्लंग छ । शान्तिकामी हिन्दूहरुले अर्काको यस्तो चाला र रणनीतिलाई पनि ध्यान दिनु पर्दछ ।

नेल्सन मण्डेलाले क्रिश्चियनहरुलाई लक्षित गर्दै एक ठाउँमा लेखेका छन् : “उनीहरु जब हामीकहाँ आए, उनको हातमा बाईबल र हाम्रो हातमा जमीन थियो तर आज हाम्रो हातमा बाईबल र उनको हातमा जमीन छ ।”

अर्को कुरा बडो विचारणीय छ , त्यो के भने संसारभरमा छरिएर रहेका मुसलमानहरु सयकडौं भाषा, भेषभूषा र अलग अलग रहन सहनमा छन् तर तिनलाई एकताको सूत्रमा बाँध्ने शक्ति हो “कुरान” जो मूलतः अरबी भाषामा छ । दुनियाको कुनै कुनामा रहेको

मुसलमानले त्यो भाषा बुझोस् वा नबुझोस् तर त्यसप्रति अटुट श्रद्धा गर्दछ, वाचन भएका शब्दहरु धैर्यपूर्वक सुन्दछ । यसरी अरबी भाषाले मुस्लिमहरुमा एकता स्थापित गरेको छ । तर, संस्कृत, जो देव भाषा हो, ज्ञान विज्ञानको भण्डार हो, त्यसलाई हिन्दूले श्रद्धा गर्न त परै जाओस् पठन पाठन गर्न नै छोडीसकेको छ । हिन्दू एकताको एउटा सशक्त डोरी चुँडालीसकिएको छ । कति दुखद कुरा हो । गाँधीले भनेका छन् **कुनै पनि हिन्दू बालकलाई संस्कृतको राम्रो अभ्यास देखि वंचित गराउनु हुदैन, म त यसलाई पाप भन्छु ।** नेपालमा लगभग ९० प्रतिशत जनता हिन्दू भएको देशमा राजनीतिमा संलग्न केही लोभी पापीहरुले जनतालाई ज्ञान विज्ञान देखि वंचित गराएपछि शासन गर्न सजिलो हुने भन्ने धारणाले संस्कृत शिक्षालाई हटाएर भावी पुस्ताहरुप्रति जघन्य अपराध गरेका छन् ।

घनघोर वर्षा र कालो अँधेरो रात । एकान्त निर्जन वन्य प्रदेशमा रहेको सानो मन्दिर । बादलको गर्जन र विजुलीको चड्कनले वातावरण भयानक बनाएको थियो भूस्खलन भैरहेकोले कुनै बेला पनि मन्दिर बगेर तल नदीमा जान सक्थ्यो । यसकारण सबैजना भयग्रसित थिए । तर, कोठामा रहेका २०/२५ जना धर्म र दर्शनको भूमरीमा पसेकाले बाहिरी वातावरणको भयानकता केही घटेको थियो । आदित्यले मौनता तोड्दै प्रश्न गरे ।

**आदित्य :–**राम त्रेतामा र कृष्ण द्वापरमा आउनु भयो । त्यो भंदा पहिले कुन नाम को स्मरण हुन्थ्यो ?

**यज्ञ गुरुः–** यो प्रश्नको उत्तर बहुत लामो हुन्छ । श्रृष्टिको काल गणना बताउनु पर्ने हुन्छ । छोटकरीमा के बुझनु भने भगवानका हजार नाम मध्येका यी नाम पनि हुन् र भगवानका ई अवतारहरु पछिल्ला त्रेता र द्वापर का होइनन्, श्रृष्टिको उषाकालका त्रेता र द्वापरका हुन् र यी नामहरु आदि काल देखि नै प्रचलन मा छन् ।

अर्को कुरा के भने नामी भन्दा नाम ठूलो हुन्छ भन्ने भनाई छ । समुद्रमा पुल बनाउँदा रामको नाम लिएर फालिएका ढुंगा पानीमा उत्रिएका थिए । राम अथवा कृष्णको जन्म भएपछि मात्र राम र कृष्ण भन्ने शव्द को जन्म भएको नहोला । वहाँहरुको जन्म हुनु भन्दा पहिले देखि प्रचलनमा आई रहेका नाम वहाँहरुलाई दिईएको हुनु पर्दछ र भगवानका नामहरु मध्ये राम भन्ने नाम सर्वाधिक मान्य र मर्यादित भएको हुनु पर्दछ । राम चरितमानसको उदाहरण हेरौं –

**राम सकल नामन्ह ते अधिका । होउ नाथ अघ खग गन बधिका ॥**

वास्तवमा भगवानलाई शव्द द्वारा प्रकट गर्न सकिदैन र जुन सुकै शव्द अथवा बिना शव्द सम्झदा पनि हाम्रो शव्द भगवान सम्म पुगेको हुन्छ । शव्द होइन भावको महत्व हुन्छ । तुलसीदासको राम चरितमानसको उत्तरकाण्डमा काकभुसुण्डीले देखेको कौतुक को दोहा७९क देखि ८२ क सम्मको बीचका निम्न चौपाईहरु मनन योग्य छन् :–

**लोक लोक प्रति भिन्न विधाता । भिन्न विष्नु सिव मनु दिसित्राता ॥**
**नर गंधर्व भूत वैताला । किंनर निसिचर पसु खग व्याला ॥**

**दसरथ कौसल्या सुनु ताता । विविध रुप भरतादिक भ्राता ॥**
**प्रति ब्रह्माण्ड राम अवतारा ।देखेउँ बाल विनोद अपारा ॥**
**राम उदर देखेउं जग नाना । देखत बनइ न जाइ बखाना ॥**
**तहँ पुनि देखेउँ राम सुजाना ।मायापति कृपाल भगवाना ॥**

**आदित्य** –शास्त्रमा र बोलचालमा विष्णु,ईश्वर, नारायण,ब्रह्म,परब्रह्म,स्कम्भोर भगवान जस्ता शव्दहरु प्रयुक्त हुन्छन । यी सबै यौटै हुन् त ?

**यज्ञ गुरु**–यो प्रश्नको उत्तरमा त यौटा ठूलो किताबै बन्छ ।केही प्रमाण सम्म हेरौं –

**विष्णु**– सामवेदमा उल्लेखित देवता हुन् यो शव्दको उत्पत्ति विष्लृ धातुबाट भएको हो जस्को अर्थ हो फैलिनु, सर्वव्यापक हुनु ।**महाभारत ५।७०।१३।१४**

**ईश्वर**–अथर्व वेदमा इनलाई देवता भनेको छ । वैदिक कोषमा यो शव्दको अर्थ स्वामी भनिएको छ । यसै भावबाट कालान्तरमा यो शव्द भगवानको पर्यायवाची बन्न पुग्यो । **यस्य वाक्यं स ऋषिर्या तेनोच्यते सा देवता –ऋ.१०।१०।सा.भा.**

**नारायण** :नारा भनेको पानी र अयन भनेको निवास । पानी माथी निवास गर्ने विष्णुकोलागि यो शव्द प्रयुक्त हुन्छ ।

**भगवान**–ऋग,यजुर र अथर्व वेदमा आएको भग शव्द,द्वादस आदित्यको रुपमा लिइएको छ ।यो शव्द परब्रह्म परमात्माकोलागि अत्यधिक प्रचलित छ ।

**ब्रह्म–ब्रह्म परिवृढं सर्वतःअर्थात जो सर्वत्र व्याप्त छ त्यो परब्रह्म हो ।**
**सर्व खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत**
**छान्दोग्य उपनिषद ३।१४।१**

(सम्पूर्ण जगतको उत्पत्ति ब्रह्मबाट भएको हो र यो त्यसैमा विलीन हुन्छ )

यस्तै **वृहदारण्यकोपनिषदमा "जो स्वयं अनन्त गुना विशाल छ र अरुलाई विशालता दिने काममा कियाशील रहन्छ त्यो ब्रह्म हो"भनिएको छ ।**

**स्कम्भो–स्कम्भो दाधार द्यावा पृथिवी उभे इमे स्कम्भोदाधारोर्वऽन्तरिक्षम् ।**
**स्काम्भो दाधार प्रदिशःषडुर्वीः स्कम्भ इदं विश्वं भुवनमा विवेश ॥**
**अथ.७२८७२।३५**

(विशाल अंतरिक्ष सहित सबै दिशाहरुलाई स्कम्भले धारण गरेको छ र स्कम्भ नै यो विश्वमा प्रविष्ट छ । अर्थात त्यस चेतन र परम व्योममा सबै समाहित छन् र सबैमा त्यो नै समाहित छ ।)

एवं प्रकारले त्यस महाशक्तिकोलागि थुप्रै शव्द चलेका छन् यस्मा भगवान शव्द सर्वाधिक सजिलो भएको छ ।

**आदित्य** :–मन्त्र र यसको प्रभाव बारेमा केही भनि दिनु हुन्छ कि ?

**यज्ञ गुरु** :–मन्त्र विज्ञान छुट्टै विषय नै छ । तसर्थ यसलाई अहिले बुझाउने अवसर छैन । तर यति मात्र जानी राखौं कि विश्व ब्रह्माण्ड ल्भनबतष्खभ र उयकष्तष्खभ दुइ उर्जाबाट गतिशील भैरहेको छ । यसैलाई प्रकृति र पुरुष भनिन्छ । ऋषिहरुद्वारा

बनाइएका मन्त्रहरुले उयकष्तष्खभ उर्जालाई यौटा लहरा जस्तै तानेर ल्याउंछन र अनुकूल परिस्थितिको श्रृजना हुन्छ । प्रमाण हेरौं –

**इन्दुः प्रविष्ट चेतनः प्रियः कवीनां मती । श्रृजदश्वं रथी रिव ॥**

**ऋ.६४।८१८८।१०**

(मन्त्र शक्ति तथा संकल्प शक्तिले “चेतनायुक्त प्रवाह”लाई ब्राह्मी चेतना अर्थात सूक्ष्मदर्शी र दूरदर्शी विवेकबुद्धिद्वारा नियंत्रित गरेर जीव जगतमा वांछित ढंगले नियोजित गर्न सकिन्छ )

यो कुरालाई थोरै स्पष्ट पार्छु । आकाश अर्थात महाशून्यमा ग्रह , उपग्रह , नक्षत्र , तारामण्डल आदि अवस्थित छन् । हाम्रा प्राचीन ऋषि महर्षिहरुले यस महाशून्यको लामो समय सम्म अध्ययन गर्दै गएपछि  यस्मा भमराको जस्तो ध्वनि निरंतर गुंजायमान भइरहेको पाए । (आजको भौतिक विज्ञानले पनि यो कुरा स्वीकार गरिसकेको छ ) उनीहरुले यो ध्वनिबाट नै ग्रह, उपग्रह र नक्षत्र तथा आकाश गंगा आदि को निर्माण भएको हो भन्ने कुरा ठहर गरे । (यसैले ईश्वरलाई शव्द ब्रह्म पनि भनिएको हो )।  सूर्यले सम्पूर्ण जीव जगत को श्रृष्टि र चन्द्रमा ले रस दिएर सबैको पोषण गरेका छन्  र राशि तथा नक्षत्रहरुले जनजीवनलाई प्रभावित पारिरहेका छन् । ध्वनिको सूक्ष्म विश्लेषण गर्दै गएपछि ध्वनिमा वर्ण (अक्षर , बउिजबदभत) हरु  रहेको र यौटा वर्णको अर्को वर्णका साथ घनिष्ठ चुम्बकीय सम्बन्ध रहेको देखियो । यी वर्णहरु मध्येको यौटा वर्ण विशेषलाई अर्को वर्ण विशेषका साथ जोडेपछि जुन शव्द या शव्द समूह निर्मित हुन्छ , त्यस शव्द या शव्द समूहलाई मानिसले विशेष स्वर र लयमा उच्चारित र बारम्बार उच्चारित गरे पछि (जुन वस्तुको जस्तो स्वरुप र प्रकृति हुन्छ त्यस्ले त्यस्तै स्वरुप र प्रकृतिको वस्तुलाई आकर्षित गर्दछ भन्ने नियम अनुसार ) ईथरले मानिसको त्यो उच्चारणलाई आकाशीय वर्ण तरंग संग जोडी दिन्छ र मानिसको निरंतर उच्चारणले यौटा मंत्र गुच्छा अथवा डोरीको ऐंठन जस्तो बेर्दै त्यो वर्ण तरंग लाई साधक तिर तान्न थाल्छ । यस्तो तनाईमा आकाशीय वर्णहरुले ओगोटेको आकाश क्षेत्रका विभिन्न आकारका स्वरुपहरुको संयोजनबाट यौटा विशेष आकृति भएको महाशक्ति या  सकारात्मक उर्जा , जसलाई सरल भाषामा देवता भनि दिए पनि हुन्छ , साधक तिर तानिदै आउँछ र यदि साधक संग पात्रता र क्षमता छ भने उसले त्यो उर्जालाई धारण गरेर आफनो इच्छा अनुसार काम गर्न गराउन सकने अवस्था श्रृजित हुन्छ । यसै विधि र प्रक्रिया सम्बन्धी विज्ञानलाई मंत्र विज्ञान भनिन्छ । ऋषिहरुले आफनो साधना र योगबलद्वारा जसरी आकाशमा १२ राशि र २७ नक्षत्र देखे त्यस्तै तरंगित शव्दहरुलाई पनि देखन सफल भएको हुनाले ऋषिहरुलाई वेदमा मंत्रदृष्टा भनिएको हो ।

**आदित्य** : पाप पुण्यको सबभन्दा छोटो र सारगर्भित हिन्दू दर्शन के छ ? बुझाईदिनुहोस् ।

**यज्ञगुरु** : ईस्लाम अथवा क्रिश्चियनमा पाप गरेपछि भगवानको शरणमा जाने हो भने पाप मुक्त भइन्छ भन्ने छ तर हिन्दूमा पापमुक्त हुने प्रावधान नै छैन । यसमा त पाप गर्नु नै हुँदैन भन्ने छ र पाप गरिन्छ भने दण्ड निश्चित छ ।

**असद् भूम्याःसमभवत् तद्यामेति महद् व्यचः ।**
**तद् वै ततो विधूपायत् प्रत्यक् कर्त्तारमृच्छतु ॥**

**–अथ. ४।१९। ७४८।६**

(दुष्टतापूर्ण कर्म सानो ठूलो जस्तो सुकै भएपनि अंतमा कर्म गर्ने व्यक्तिकै सर्वनाश गर्दछन । त्यस्ले कर्मको प्रतिफल भोग्नै पर्दछ ।)
पाप पुण्यको सजिलो मान्यता के छ भने –

**अष्टादश पुराणेषु, व्यासस्य वचनं द्वयं ।**
**परोपकार पुण्याय, पापाय पर पीडनम् ॥**

**आशु** : अर्थात ?

**यज्ञ गुरु** :– **चार वेद षटशास्त्र में, बात लिखी है दोय ।**
**दुख दीने दुख होत् है, सुख दीने सुख होय ॥**

गलतको परिणाम गलत हुन्छ । राम्रोको परिणाम राम्रो हुन्छ । अरुलाई प्रत्येक तरहले सुखी पार्दा आँफूलाई पनि सुख हुन्छ र अर्कालाई दुखित पारिरहेको छ भने दुख पाइन्छ । यो अकाट्य सत्य हो । त्यसैले –

**मधु नक्तमुतोषसो मधुमत्पार्थिवं रजः । मधु द्यौरस्तु नः पिता ॥**

**ऋ.।१।९०। ९८५।७**

(संसारमा यस्ता काम गर्नु पर्दछ जसबाट सबैलाई सुख शान्ति र प्रशन्नता मिलोस )भनिएको छ ।

**आशुः**–मलाई पाप पुण्य को यो छोटो सूत्र राम्रो लाग्यो । अब अहिलेको यो संकट निवारणको कुनै सूत्र छ ?

**यज्ञ गुरु** :–छ , अवश्य छ । पहिलो कुरा के भने हाम्रो शास्त्रमा आनन्दी जीवन र भगवत प्राप्तिका तीन वटा मार्ग बताइएको छ –पहिलो ज्ञान मार्ग जो अत्यधिक कठिन छ, दोश्रो कर्म मार्ग, यो पनि सजिलो छैन,र तेश्रो भक्ति मार्ग हो । **भगवान कृष्णले गीतामा भन्नु भएकोछ –"तिमी ले आफनो इच्छा,आकाँक्षा,र कर्म सबै मलाई समर्पण गरि देउ र मेरो शरणागत होऊ अनि मात्र म तिम्रो सबै जिम्मेवारी बोक्छु, तिमी पूर्ण निर्भय हुन्छौ ।"** उदाहरणकोलागि दुशासनले द्रोपदीलाई नंग्याउनकोलागि उनको साडी तान्दछ । द्रोपदीले पहिले आफना पति र राजसभालाई गुहार्छिन् तर कसैले पनि मद्दत नगरे पछि उनले आफनै

बाहुबल देखाउँछिन, हातले साडी आफूतिर तान्दछिन् र नसके पछि दाँतले साडी समात्छिन्,त्यसबाट पनि साडी रक्षा हुन नसके पछि निरुपाय र निसहाय भएर सांसारिक शक्ति र सामर्थ्यदेखि निराश भएर अब एकमात्र सहारा भगवान तिमी नै हौ भनि नितान्त एकाग्रचित्त र आर्तस्वरमा आफूलाई श्रीकृष्णमा समर्पण गरेर पुकार्नासाथ दस हातको साडी बढन थाल्यो,द्रोपदी साडी मै छोपिइन्, महाबलशाली दुशासन साडी तान्दा तान्दा थाक्यो तर उनको साडी तान्न सकेन, द्रोपदीको लाज बच्यो ।

अब सोचौं उनले जब सम्म संसारको बल मद्दतको आशा गरिन् , आफनो बाहुबल र दाँत को शक्तिले साडी खुल्ननदिने प्रयास गरिन्, तब सम्म भगवान देखा परेनन् । ज्ञान र कर्म दुवै मार्गबाट काम नचलेपछि उनि भक्ति मार्गमा ईश्वरको शरण लिइन् ,पूर्ण सर्मर्पित भइन् तब तुरुन्तै उनको लाज रक्षा भयो ।

एक पटक एउटा गोहीले नदीमा एउटा हात्तीको खुट्टा समातेर तान्नलागे पछि उसले पनि एकाग्र भावले आर्तनाद गर्दै भगवानलाई पुकार्नासाथ भगवान तुरुन्त पुग्नु भयो र उसको प्राण रक्षा भयो ।

भगवान ले स्वयं भन्नु भएको छ :

**करौं सदा तिनकी रखवारी । जिमि बालक राखै महतारी ॥**

ध्रुव र प्रह्लादका कथाहरु पनि सांदर्भिक छन् । धर्म माथि संकट परेपछि भगवान स्वयं अवतरित हुनुहुन्छ भन्ने कुराको शास्त्रीय प्रमाण हेरौं :

**यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।**
**अभ्युत्थानमधर्मस्य तदात्मानं ृजाम्यहम् ॥**
**श्रीमद्भगवद्गीता ४।७**

तर शरणागत अर्थात समर्पणको तात्पर्य भगवान प्रति श्रद्धा र विश्वास व्यक्त गरेर तिनको नीति नियममा हिडनु मात्र होइन ,यो पूर्ण चैतन्यता , सतर्कता र सकियताको स्थिति हो । पूर्ण समर्पणले लक्ष्यमा पुर्याई छाडछ , यसमा शंकालाई स्थान नै छैन । यो पूर्ण अनुभव र प्रयोग सिद्ध तथ्य हो । यसकारण यसलाई राम्ररी बुझ्नु पर्दछ । **समर्पणका ६ वटा नियमहरु छन् :–**

१ – **अनुकूल चिन्तन गर्नु** :– यसको अर्थ हो भगवानको इच्छानुसारको चिन्तन गर्ने । उदाहरण हेरौं । भगवान राम लक्ष्मण कतै जानलागेको समयमा यौटा तलाउमा हातमुख धुनलाई हातमा लिएको धनुष भित्तामा अडेस लगाएर खडा गरेर तलाउमा गएछन् । हात मुख धोएर फर्के पछि धनुष उठाउँदा तल तिर टुप्पामा रगत लागेको देखेछन् । के रहेछ त भनि हेर्दा भुँइ मुनि बसीरहेको भ्यागुतो माथि धनुषको टुप्पोले घोचेको रहेछ । रामले तिमी शुरुमै किन चिच्यानौ त ? भनि सोधदा भ्यागुतोले जब तपाईले नै घोच्नु हुन्छ भने मैले को संग गुहार मागने ? किन चिच्याउने ? तपाईको इच्छा बिरुद्धको काम किन गर्ने भनि जवाफ दियौ ।

अर्को उदाहरण हेर । यात्री बोकेको यौटा डुँगा नदी पार गर्नलागेको अवस्थामा हुरी आएछ र डुँगामा छालले पानी भर्न लागेछ । यात्रीहरुले डुँगाको पानी बाहिर फाल्न थाले छन् तर एक जना यात्री महात्माले अँजुलीले नदीको पानी डुँगामा हाल्न थालेको देखेर अरुहरुले यो के गरेको भन्दा महात्माले भगवानको इच्छा पूरा गर्न सक्रिय भएको हूँ , उनको काममा सहयोग गरेको हूँ , उनले चाहेमा डुँगा डुब्छ नचाहेमा बच्ला भनेर जवाफ दिएछन् । तात्पर्य के भने हावा चल्दा जसरी सुकेको पात हावाले चाहे अनुसारको दिशामा सजिलै उडी दिन्छ । आफनो बल प्रयोग गर्दैन , यो त्यस्तै अवस्था हो ।

२– **प्रतिकूल चिन्तन नगर्नु** :– यसको उदाहरण हेरौं । एक दिन संत तुकारामको घरमा खाने कुरा केही थिएन । उनी गाउँ डुल्दै जाँदा कसैले यौटा उखु दिएछ । उखु मात्र लिएर घर फर्केको देखेर तिनकी कर्कशा पत्नीले हात बाट उखु खोसेर तुकारामको टाउकोमा बजारी छन् । उखु दुई टुका भएछ । तुकारामले निर्लिप्त भावले हाँस्दै भनेछन् –तिमीले ठीक गर्‍यौ । यो दुइ टुका भयो , यौटा तिमी खाउ यौटा म खान्छु ।

अर्को उदाहरण हेर । संत नरसिंह मेहता को सबै सम्पति मासियो र संतान र परिवार महामारीमा मरे । तिनले यसलाई भगवानले भजन गर्ने मार्गका सबै बाधा हटाएका हुन् भनेर खुशी भए ।

तेश्रो उदाहरण । गुरु शिष्य कतै हिंडेको अवस्थामा यौटा रुख मुनि विश्राम गर्न लागेका रहेछन् । शिष्य निदाएछ । त्यही बेला यौटा शर्प आएछ उसले शिष्यको घाँटीमा टोकछु , मैले यसको रक्त पान गर्नु छ , प्रारब्ध नै यस्तै छ भनेछ । गुरुले यसले रक्तपान गर्नलाई टोक्यो भने त शिष्य मर्छ बरु मैले तिमीलाई यसको रक्त उपलब्ध गराई दिन्छु भनेर शिष्यको घाँटीमा चिरा पारेर रक्त झिकेर सर्पलाई दिएछन् उसले रक्तपान गरेर हिंडेछ । शिष्य जागे पछि मैले गरेको काम कुरा थाह पायौ ? भनेर सोधेछन् । शिष्यले थाह छ भनेछ । गुरुले अनि त्यस बेला तिमीले न त विरोध गर्‍यौ र न त अहिले नै कुनै जिज्ञासा राख्यौ ? किन त ? भनेर सोधदा शिष्यले गुरुमा समर्पित भैसके पछि प्रश्न गर्ने त कुरा नै हुँदैन भन्यौ ॥ गुरु चुप लागे ।

**३ :– भगवानको रक्षकत्वमा विश्वास :–** भगवानले नै मेरो रक्षा गर्नु हुन्छ भन्ने अटूट विश्वास । उदाहरण हेरौं । महाभारत युद्धमा भीष्मले म जसरी भएपनि भोली नै अर्जुनलाई मार्छु भनि प्रतिज्ञा गरेपछि अर्जुन भोली मारिने भए भनि पाण्डव सेनामा ठुलो चिन्ता छायो । रात पर्‍यो कसैले खान पीन पनि गरेन । सबैजना आ आफना शिविरमा चिन्तित ,बसेका थिए । कृष्ण समेत अति चिन्तामा थिए राति निद्रा परिरहेको थिएन । आधा रात त्यतिकै बित्यो र कृष्णले अर्जुन संगै कुनै युक्ति झिक्न सल्लाह गर्न अर्जुनको शिविरमा गए । त्यहाँ पुगे पछि कृष्ण अचम्भित भए , किन भने अर्जुन त मस्त गहिरो निद्रामा सुतेका रहेछन् । पूरा शिविर जागाराम छ तर जो मारिने हो त्यो त मस्तराम रहेछ । कृष्णले तिनलाई जगाएर कुनै युक्ति झिकने हो कि यसरी सुतने हो भने ? अर्जुनले भने जब मेरो रक्षाको

जिम्मा तपाईले लिनु भएको छ भने त मैले टाउको किन दुखाउने ? तपाईको काम तपाई जान्नुस मलाई सुत्न दिनुस  मैले भोली बिहान युद्ध गर्नु छ ।

आफनो प्राण रक्षा हुन्छ भन्ने कुरामा कति ढुक्क छन् अर्जुन ? तिनलाई भीष्म प्रतिज्ञाको कुनै भय नै छैन । तिनले त शुरुमा  कृष्णले तिमी युद्ध गर भनेकाले कृष्णको आदेश अनुसार युद्ध मात्र गर्नु छ । जीत, हार, जीवन, मृत्युको बारेमा तिनले त सोच्दै सोच्दैनन् । यो हो भगवानको रक्षकत्व माथि विश्वास ।

**४ :–पूर्णतया शरणागतको मात्र रक्षा हुन्छ भन्ने कुरामा विश्वास :–** द्रोपदीको चीरहरणमा अन्तिम अवस्थामा द्रोपदीले सांसारिक शक्तिलाई छोडेर भगवान माथि पूर्णतया आश्रित भएपछि तत्काल रक्षा भएको भन्ने प्रसंग आई सकेकै छ । अर्थात भगवान एक मात्र रक्षक हुन् भन्ने अनन्य भाव राखनु ।

**५ :– सम्पूर्ण संसार र सांसारिक वस्तु भगवानको हो भन्ने मान्यतामा बस्नु :–**हामीलाई यो संसारका चीजवस्तु नासोको रुपमा प्राप्त भएका हुन् । यी हाम्रा होइनन् भन्ने कुरामा दृढ रहनु ।

**६ :– आफना शुभ कर्मलाई प्रकाशित नगर्नु :–** आफनो सर्वस्व तन, मन, धन मानव मात्रको सेवा अर्थात भगवानमा अर्पण गरे पनि सो कुरा कुनै प्रकारले पनि व्यक्त नगर्नु । पुण्य कर्म भुली हालनु पर्दछ । यदि त्यसको बदलामा कीर्ति चाह्यो भने पुण्य क्षय हुन्छ । अरुले दिएमा कीर्ति हो आफूले चाहेमा स्वार्थ हो ।

यी ६ वटा नियमको जसले पालन गर्न सक्छ , त्यसले तप गरेको ठहर्छ ,र उसले निसंदेह भगवानको कृपा प्राप्त गर्न सक्दछ ।

अहिले यहाँ ध्रुव , प्रह्लाद र द्रोपदीको स्थिति जस्तै परिस्थिति छ । अब यो संसारको कुनै व्यक्ति र कुनै शक्तिले रक्षा गर्ने कुनै सम्भावना नै छैन र ज्ञान र कर्म को प्रयोगको परिस्थिति पनि छैन । अब एकमात्र सहारा भगवानको छ जसकोलागि भक्तिमार्ग मात्र उपयुक्त छ । तपाईहरुले आफूलाई परमात्मामा पूर्ण समर्पित गर्न सक्नु हुन्छ भने गर्नुस,आर्त स्वरले पुकारनुस ,त्वम् शरणम् भन्नुस । आफनो इच्छा आकाँक्षा सब त्यागनुस,प्राण रक्षाकोलागि पनि याचना नगर्नुस,पूर्णतया ईश्वरमय हुनुस । यो प्रकृति, जलवर्षा,हुरी बतास,नदी, पहाड, पहिरो,सब उनै त हुन् । तिम्रो आर्तनाद सुने पछि तिम्रो हितमा जो उपयुक्त हुन्छ, भगवानले त्यही गर्नु हुन्छ । कुनै मंत्र थाह छ भने जपनुहोस,अथवा जुन देवी देवताको नाममा श्रद्धा छ उनैमा समर्पण हुनुहोस, समर्पणको सब भन्दा राम्रो बाटो हो हरिनाम संकीर्तन ।  हरिनाम संकीर्तन गर्नु होस ।

**हरे राम हरे राम राम राम हरे हरे ।**
**हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥**

सामूहिक संकीर्तन चमत्कारिक हुन्छ यसमा अकल्पनीय शक्ति छ ,लौ शुरु गर्नुहोस ।

यज्ञ गुरुको कुरा सुनेर सबैमा आशाको संचार भयो,अन्तिम औषधि भेटियौ । अनि त मन्दिरमा सोरह अक्षरी राम नाम संकीर्तन शुरु भयो । सबै जना भावविभोर र तल्लीन भएर

पूर्ण,श्रद्धा, विश्वास र समर्पणका साथ कीर्तन गर्न थाले । एक लय,एक स्वरलहरी र यौटै भावनाले वातावरणलाई आन्दोलित गर्न थाल्यो । वातावरणमा एउटा कम्पन शुरु भयो । कीर्तनकर्ताहरु यति तल्लीन भएर भगवानको शरणागत हुन पुगे कि रात बितेको र बिहानी पख पानी रोकिएको थाहै पाएनन् । जब पूर्व दिशामा अरुणोदय भयो र सूर्यको प्रकाश देखियो तब मात्र कोही कोही लाई होश आयो । मौसम सफा र वातावरण शान्त भइसकेको रहेछ । तीर्थयात्रीहरु आफनो स्थिति हेर्न बुझ्न थाले । यसो माथि पट्टि हेर्दा गणेश मन्दिर लाई नै पुर्ने, बगाउने गरी माथिबाट खसेको ठूलो पहिरोलाई एउटा विशाल भीमकाय चट्टानले तगारो बनेर रोकेको रहेछ ।

भक्तहरुले यज्ञ गुरु तिर हेरे । उनी पूर्ववत् भित्ताको अडेस लगाएर ध्यान मुद्रामा बसेका थिए, उनको ओंठमा मसिनो कम्पन थियो, शायद राम नाम जाप चलीरहेको थियो । भक्तहरुको कोलाहल सुनेपछि बिस्तारै उनको आँखा खुल्यो र  होंठमा मन्दस्मित मुस्कान देखा पर्‍यो । वहांले भक्तहरुको आकाँक्षा बुझेरै होला,हात को औंलाले मन्दिरको पछाडीबाट देहरादून जानुस ,घर फर्कनुस भनेर संकेत गर्नु भयो ।,

भक्तहरुले हजुर पनि यहाँबाट निस्कनुस भनि आग्रह गर्न थाले ,अनुनय विनय गरे,हामी बोकेर तल लान्छौं भने तर वहांले ठ्याम्मै मान्नु भएन, म प्रकृतिको काखमा भगवानको सानिध्यमा यहीं बस्छु भन्नु भयो र सबलाई विदा गर्नु भयो ।

शरणार्थी भक्तहरुले देखे टाढा टाढा सम्म,देहरादून जाने बाटो सफा देखिएको थियो । तिनीहरुले अलौकिक संत र ईश्वरीय चमत्कारका कुरा गर्दै भजन कीर्तन गाउंदै तल झर्न शुरु गरे, देहरादून तिर ।

इति संवत् २०७१ श्रावण, ६ गते एकादशी